# संघीय संसद

# राष्ट्रिय सभा

# पन्ध्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २९ माघ २०८०

# सोमवार

# बैठक सङ्ख्या- ४

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको ११:०१ बजे प्रारम्भ भयो ।

(११:०१ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । माननीय नरबहादुर बिष्ट । समय ९ मिनेट । यसपछि माननीय कुमार दसौंदी ।

(११:०२ बजे) **माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय सभाध्यक्ष महोदय, पन्ध्रौं अधिवेशनको, विधायन अधिवेशनको सफलताको शुभकामना । यो कानुन निर्माणको अधिवेशन बनोस् र आज सरकारले थुप्रै राम्रा काम गर्दागर्दै पनि फेरि पनि देशमा जुन खालको भ्रष्टाचारले आक्रान्त छ, गरिबीले आक्रान्त छ, त्यसलाई माथि उठाउनको लागि अहिलेको सरकारले जुन खालको पहलकदमी गर्दै गरेको अवस्थामा धेरै कुराहरू सुशासनको सम्बन्धमा, सुशासनलाई कायम गर्दै जाँदाखेरि हुनत हामी गठबन्धन सरकारमा छौं, गठबन्धन सरकारलाई समेटेर लिनुपर्ने स्थिति पनि र त्यसपछि चुनौतीका बिचबाट पनि विगतमा जुन खालका तपाईंका प्रत्यक्ष जनताले दैनिक उपभोग्य कामहरू गर्नुपर्थ्यो ।

लाइन लागेर कामहरू जुन खालको थियो । त्यो स्थिति आज चाहे त्यो राहदानी विभागमा होस्, वैदेशिक रोजगार विभागमा होस्, मालपोत कार्यालयमा होस्, थुप्रै ठाउँमा जनताले प्रत्यक्ष लाभ पाउने ठाउँमा आज लाइन लाग्नु परेको छैन । र सुधारको कामहरू थुप्रै हुँदाहुँदै पनि त्यसको बीचमा चुनौती छ । आज भ्रष्टाचारीलाई कारबाही गर्दै गर्दा, न्यायालयले दुई दिनमै छोड्ने प्रवृत्ति जुन छ, व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाको आफ्नै क्षेत्र अधिकारहरू छन् तर कार्यपालिकाले गरेका कामहरूलाई पनि हस्तक्षेप गर्ने जुन खालको न्यायलयमा छ, मैले आज सुने एउटा न्युज, अरूण चौधरीलाई दुई दिन भित्रै रिहा गर्ने न्यायाधीश सरुवा भयो रे कारबाही सुरु । मुगु भनेको नेपालमै हो। मुगुमै किन सरुवा गर्न पऱ्यो, भयो। उसलाई त कारबाही अनैतिकताको हो, भ्रष्टाचार हो, त्यो अपराधीलाई दण्ड दिने ठाउँमा त उसलाई न्यायपरिषद्ले कारबाही गर्नुपर्थ्यो । सरुवा गरेर त त्यहाँ पनि त्यस्तै गर्ला उसले । त्यसैले यो विडम्बनाको कुरा हो त्यो, र जुन खालको अहिले दलाल, पुँजीवादी र दलाल नोकरशाही पुँजीवादले राष्ट्रिय पुँजीपति वर्गमाथि जुन खालको दबाब सिर्जना गरेको छ । राष्ट्रमा उद्योगहरू सञ्चालन गर्न दिएको छैन । जुन दलाली गरेर यो एउटा उदाहरणको जुत्ता छाला कारखाना बाँसबारीको जग्गाप्रति त्यसमा थुप्रै छन् । थुप्रै त्यस्ता खालका भृकुटी कागज कारखाना जग्गा तपाईंको भएको व्यक्तिको नामामा लिने प्रयास हुँदैछ भने सुनिन्छ । त्यस्ता थुप्रै उद्योगहरू हरिसिद्धि ईंटा उद्योगका जग्गाहरू पनि जग्गा दलालहरूले, माफियाहरूले व्यक्तिको नाममा वितरण गर्दैछन् भन्ने सुनिएको छ । म सम्माननीय सभा अध्यक्ष मार्फत नेपाल सरकारको ध्यान आकर्षण गराउन चाहन्छु, कि थुप्रै त्यस्ता नेपाल सरकारले लगानी गरेका कम्पनीहरू हायात होटल होस्, आज हायात होटल ४९% नेपाल सरकारको पुँजी भएको हायात होटलमा ३२५ रोपनी जग्गामा आज ९% मात्रै नेपाल सरकारको share छ भन्ने सुनिन्छ । त्यस्तो किन खोजतलास हुँदैन? त्यसको पनि खोज्नको लागि सरकारले विशेष पहल गरोस् भन्ने म सरकारको ध्यानआकर्षण गराउन चाहन्छु । यहाँ केही पनि भएन भन्ने भाष्य सिर्जना गरिँदैछ । हामी ३० वर्षको पञ्चायत, १८ वर्षको बहुदलीय प्रजातन्त्र, १५ वर्षको गणतन्त्रात्मक व्यवस्थामा भएका कामका परिवर्तनहरू, राजनीतिक विश्लेषकले आज देशमा जुन खालको राजनीतिक विश्लेषण गर्छन् त्यसले आम नेपाली जनतालाई गौरवान्वित हुने ठाउँमा भन्दा पनि विकृति सिर्जना गर्ने, विश्रृङ्खलित कुराहरू राख्ने, युट्युबरमा रमाउने खालका जुन विशेषज्ञहरू छन्, जुन खालका आफुलाई प्रोफेसर भन्न मन पराउँछन्, जसले आफू पीएचडी होल्डर भन्न मन पराउँछन्, आज तिनैले यो देशलाई निकास नदिने आलोचना मात्रै गर्ने, त्यसको निकास के हो भन्न नसक्ने तर आफूलाई विश्लेषक ठान्ने आफूले सबै पृथ्वी मैले मात्रै घुमाउँछु अरू कसैले घुमाउँन जान्दैन भन्ने खालका भाष्य सिर्जना गरिँदै छ । त्यसैले यो खतरनाक छ । किन भने कुनै विदेशी डलरबाट परिचालित भएका

कम्पनी अथवा एनजीओ, आइएनजीओ मार्फत परिचालित आफूलाई बुद्धिजीवी भन्नेले त्यस्तो खालको सिर्जना गर्दैछन् । त्यसैले यो देश गरिबी हुने कारण अहिले मात्रै होइन हामीले मैले अघि भने पञ्चायतको ३० वर्षको शासन हेरौं, विकासको गति हेरौं कति थियो मापन गरौं । १८ वर्षको पञ्चायत के रे बहुदलीय प्रजातन्त्रको विकासको model हेरौं, त्यसको पनि मापन गरौं । र गणतन्त्र आएको १५ वर्षको विकासको मापन गरौं । चाहे त्यो मध्य पहाडी लोकमार्ग होस्, पुष्पलाल लोकमार्ग होस्, चाहे त्यो मदन भण्डारी भित्री मधेशको लोकमार्ग होस्, चाहे दक्षिणतिरको हुलाकी राजमार्गको गति हेरौं र थुप्रै काठमाडौं सहरका सहरहरू चौडा भएको हेरौं । आज प्रत्येक गाउँमा विकट कर्णालीका विकट जिल्लाहरूमा पनि आज वडा वडामा सडकहरू पुगेका छन् । त्यसको स्तर उन्नति बाँकी छ । तर सामाजिक सञ्जाल, यातायातको सञ्जाल, मिडियाको सञ्जाल, सूचना सञ्चारको सञ्जाल त सबै ठाउँमा पुगेको छ नि । त्यसको व्याख्या गर्न त्यसको विश्लेषण गर्न किन सक्दैंन । तर केही पनि भएन, केही पनि भएन आज जुन खालको भाष्य सिर्जना गरिँदै छ, त्यसप्रति हामी राजनीतिक दलहरू यो राष्ट्रलाई जोगाउनको लागि, राष्ट्रलाई उन्नति गर्नको लागि, राष्ट्रको प्रगति गर्नको लागि, यो संसदीय व्यवस्थामा यो मञ्चमा बसेर, यो गरिमामय सदनमा बसेर हामीले प्रतिपक्ष र प्रतिपक्ष भ्रष्टाचारका पक्षमा प्रतिपक्ष र सरकार पक्ष हुनुहुँदैन । किन राष्ट्र निर्माणको लागि राष्ट्रको शत्रु भनेको भ्रष्टाचार हो । राष्ट्रको शत्रु भनेको भ्रष्टाचार हो, अपराध राष्ट्रको शत्रु हो । यो कुनै व्यक्तिको होइन। आज कमरेड प्रधानमन्त्री सम्माननीय प्रधानमन्त्री प्रचण्डले सबै चौतर्फी हामलाको बिचबाट पनि सुशासन कायम गर्नको लागि जुन खालको प्रयत्न गरिराखु भएको छ, त्यो निश्चित रूपमा उल्लेखनीय छ, सराहनीय छ । अझ त्यसलाई थप गर्नको लागि हामीले नीतिगत भ्रष्टाचार गऱ्यौं, चाहे त्यो गिरीबन्धु टि स्टेट होस्, चाहे त्यो थुप्रै खालको तपाईंको त्यो गोकर्ण रिसोर्ट होस्। जुन खालको कोडीको भाउमा पचासौं वर्षमा lease दिने गऱ्यौं त्यसले गर्दाखेरि यो अहिले सिर्जना भएको होइन । नीतिगत भ्रष्टाचार गर्ने, ठुला ठुला भ्रष्टाचारका काण्डमा स्वयं अख्तियार पनि अख्तियार हामीले निष्पक्ष छैन । कुनै कार्यकर्ताको लेवल लगाएर अख्तियारमा हामी मान्छे पठाएका छौं । आज दिनदहाडै अख्तियारमा पनि घुसका काम हरू लेनदेन भएपछि ती गुपचुप हुन्छन् तर एउटा समान्य गरिव परिवारको जग्गा जफत हुन्छ, अदालत त्यसको फैसला गर्छ, जफत गर्ने फैसला गर्छ । जसले मिटर ब्याजेको नाममा ठगी गरेर अकुत सम्पत्ति कमाएको छ । त्यसले विशेष अदालतले छुट दिन्छ छुटाइदिन्छ । यी विडम्बना हामीले न्यायालय कस्तो बनायौं । हामी न्यायालयको बारेमा सोच्छौं सक्दैनौं र आमजनताको पक्षमा यो न्यायालय छ कि छैन? यो अख्तियार अनुसन्धान विभाग छ कि छैन? र थुप्रै खालका अहिले सिआइबीले गरेका कामहरू र हाम्रो राष्ट्रिय अनुसन्धान विभाग पनि छ । तर राष्ट्रिय अनुसन्धान विभाग रिपोर्ट मात्रै गर्नेछ

उसले कुनै पनि action गर्न सक्ने स्थिति छैन । त्यसैले म यो सम्मानीय सदन मार्फत के भन्न चाहन्छु त भन्दाखेरि एउटा शक्तिशाली न्यायिक आयोग बनाऊँ जसले जुनसुकै पार्टीको शीर्ष नेता किन नहोस् त्यसको सम्पत्ति जाँच गरौं । त्यसको सम्पत्ति राष्ट्रियकरण गर्न सक्छौं कि सक्दैनौं । त्यो आँट सबै हामी सम्पूर्ण राजनीतिक दल एक ठाउँमा आएर गर्न सक्छौं । त्यसैले हामीले एउटा शक्तिशाली आयोग बनाऊँ । चाहे त्यो पूर्व प्रशासक होस्, चाहे पूर्व मन्त्री होस्, जुनसुकै पूर्व न्यायाधीश किन नहोस्, जुनसुकै पार्टीको मान्छे किन्न नहोस्, शीर्ष नेता किन नहुन् त्यसको एउटा निष्पक्ष छानबिन आयोग बनाऊँ, शक्तिशाली आयोग बनाऊँ । त्यो आयोगलाई निष्पक्षका साथमा छोडौं र त्यसले तुरुन्तै सम्पूर्ण भ्रष्टाचार गरेको सम्पत्ति राष्ट्रियकरण गरोस्..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय कुमार दसौदी । समय १२ मिनेट । यसपछि माननीय जितेन्द्र नारायण देव ।

**(११:१५ बजे) माननीय कुमार दसौदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्मानीय अध्यक्ष महोदय, सर्वप्रथम म ढिलै भए पनि संसदले महासचिव पायो । संसदका महासचिवज्यूलाई बधाई दिन चाहन्छु । त्यस्तै गरेर १९ जना राष्ट्रिय सभाका माननीय सांसदज्यूहरू निर्वाचित हुनुभएको छ । उहाँहरूले पनि समय क्रममा प्रवेश गर्नुहोला । उहाँहरूलाई पनि म बधाई दिन चाहन्छु ।

र मैले आज यो रोस्टममा उभिइरहेको सन्दर्भमा हामी जनताका प्रतिनिधि भन्छौं, प्रतिनिधि बनेर आ'का छौं, हामी संसदमा बोलेका छौं, कुरा उठाएका छौं, ती कार्यान्वयन हुने नहुने हुन्छन् कि हुँदैनन्? सरकार सुन्छ कि सुन्दैन? सरकारले के गर्छ? यो बोल्ने कि नबोल्ने? यो पनि अनौठो विषय भा'को छ । हिजो अस्ति मेरो संसद सुरु भएदेखि जाजरकोट, रुकुममा गएको भूकम्पको सन्दर्भमा धेरै माननीयज्यूहरूले असाध्यै दर्दनाक हिसाबले अवस्था गुज्रेको भनेर उठाइराख्नुभा' छ । राष्ट्रिय समन्वय, राष्ट्रिय समन्वय समितिको तर्फबाट हामी on the spot मङ्सिर ११, १२ मा गयौं । प्रत्यक्ष रूपमा जनतासँग त्यहाँको पिरमर्का परेका समुदायसँग छलफल गर्‍यौं । राजनीतिक दल, सर्वदलीय सर्वपक्षीय सबैसँग चाहिँ छलफल गरिसकेपछि यहाँ आएर भोलिपल्टै गृह मन्त्री, गृह सचिव, प्राधिकरणका CEO लाई समेत बोलाएर हामी छलफल गर्‍यौं । हामीले मात्रै के भन्या थियौं भने उहाँलाई २/३ वटा कुराः अहिले चिसो बढ्दैछ, यो चाहिँ पोलिथिनभित्र चाहिँ, प्लास्टिकभित्र चाहिँ बस्ने जनताहरूले झनै अझै चाहिँ मतलब समस्यामा

पर्छन्, धेरैको ज्यान जान सक्छ, यसबाट हुँदैन । त्यसकारण अस्थायी भवनहरू निर्माण गरियोस् यसमा ध्यान दिइयोस् । उद्धार गर्ने काम जति राम्रो भो, त्यो राम्रो भो', ठिक छ तर उद्धार र औषधी उपचार गरेर हुँदैन । बचाउने कुरा, ज्यान बचाउने मुख्य कुरा हो । यसमा चाहिँ विशेष गरेर ध्यान दिनुपर्छ भनेर भन्यौं ।

दोस्रो कुरा, घरहरू भत्किएका छन् र भत्किएका छैनन् तर भित्र चर्केका छन् । त्यो घर भत्किदाखेरि धेरै मान्छेहरूको ज्यान जान सक्छ, अझ ठूलो खतरा छ । त्यसकारण त्यस्ता घरलाई भत्काउने काममा सरकारले ध्यान दियोस् । तेस्रो कुरा, जति सक्यो छिटो राहत पुऱ्याउने काम गरोस् भनेर हामीले भन्या थियौं । हामीले ती अस्थायी भवन बनाउनका लागि नेपाली सेनालाई परिचालन गरौं, सशस्त्र प्रहरीलाई परिचालन गरौं, केही जनपद प्रहरीलाई पनि परिचालन गरौं भन्ने सुझाव पनि हामीले दिएका थियौं । हामीलाई त्यो समितिमा बडा मज्जासँग गृह मन्त्रीजीले के भन्दिनुभयो भने हामीले सेना परिचालन गर्ने निर्णय गरिसक्या छौं । कस्तो मिठोसँग भन्नुभयो, लौ ठिक छ, सरकारले बहुत राम्रो गरेछ, हाम्रो सुझाव यही छ, धन्यवाद छ भनेर भन्या थियौं । तर अहिलेसम्म माननीय त्यहाँका जिल्लाका माननीज्यूहरू उठाइराख्नुभा' छ, अरू पनि उठाइराख्नुभा' छ, जिल्ला पनि जनता रोइकराइ गरिराख्या छन् । सरकार भन्छ एकथोक, गर्छ अर्को थोक, किन गर्छ यस्तो? सरकार कसका लागि गर्ने भनेर बनेको हो? सरकारले जनताको हितमा काम गर्न सक्दैन, सरकारमा किन बस्ने? मेरो जिम्मेवारी मैले पूरा गर्न सक्दैन, मेरो जिम्मेवारी म किन बस्ने? बिदा दिन पऱ्यो, त्यसबाट बिदा लिनुपऱ्यो । अर्को आएर बस्छ, अर्कोले काम सुरु गर्छ । जब देश र जनतालाई सेवा दिन सकिँदैन, सेवा प्रवाह गर्न सकिँदैन, ठिक ढङ्गले सञ्चालन गर्न सकिँदैन भने त्यसबाट मुक्त हुन पऱ्यो । आज ४५ जना भन्दा बढी मान्छेले ज्यान गुमाइसके । सुत्केरी, बालबच्चादेखि आमादेखि लिएर वृद्धवृद्धाले समेत अनाहकमा ज्यान गुमाउनुपऱ्यो तर सरकारमा कुनै संवेदनशीलता छैन । राजनीतिक दलले, हाम्रो पार्टीले स्वयम्सेवक परिचालन गर्न लगभग ११ सय अस्थायी भवन निर्माण गऱ्यो । एउटा राजनीतिक दलले स्वयम्सेवक परिचालन गरेर त्यत्रो भवन बनाउन सक्छ । राज्यसँग ९३ हजारको सङ्ख्यामा नेपाली सेना छ । यत्रो संख्यामा सशस्त्र प्रहरी छ, जनपद प्रहरी छ तर कहीं कतै परिचालन गर्दैन । मैले सुनें यसो कसैले चाहिँ सेनालाई बोलाएर लौ मेरो घर भत्किन थाल्यो, लौ भत्काइदिनु भन्यो भने २/४ जना गएर भत्काइदिन्छन्, बस त्यति मात्रै हो, अरू कुनै खालको काम गरेका छैनन् । आखिर त्यो चाहिँ ब्यारेकमा बसेर, प्रहरी सेना जे भए पनि ब्यारेकमा बसेर दिन बिताउने, दिन काट्ने, त्यही ब्यारेक कुर्ने हो भने त्यो उद्धारमा हामीले लगाउन सकेको भए त्यो जनता कति संरक्षण हुन्छ र कति तातोमा बस्थे होला । त्यसमा पनि

यो भूकम्प त्यसको देशव्यापी रूपमा गा'को पनि होइन । निश्चित ठाउँ, निश्चित पालिका, निश्चित वडाहरू मात्रै हो । त्यति कुराको पनि सरकार चाहिँ खाली बाहिर कस्तो भने public consume का निम्ति एकदम पपुलर कुरा गर्दिने, अच्छा खासा कुरा गर्दिने तर जनताको हितमा सेवा प्रवाहहरू नगर्ने जुन खालको प्रवृत्ति छ, यो असाध्यै बेठिक छ ।

संसारमा क्रान्ति हुन्छ, परिवर्तन हुन्छ, व्यवस्था परिवर्तन हुन्छन्, परिवर्तनपछि स्वभावैले पनि त्यहाँका चाहिँ विकासका गति लिएका हुन्छन् । अहिले हाम्रो मुलुकले त्यो गति लिन सक्या छैन । त्यसमा कहाँ कहाँ कमजोरी छन्? के के छन्? भन्ने कुरा सरकारले खोज्न पर्‍यो । त्यो जनताको आशा जगाउने काम गर्न पर्‍यो नि । हामी भनिरा' छौं आज, विदेश गा'का गै छन्, उत्पादन छैन, मान्छे निराश छन् । स्वाभाविक छ आशा जगाउने काम सरकारले कहीं न कहींबाट त सुरु गर्न पर्‍यो नि । सुरु नै गर्दैन । बोल्यो, हामी बोल्छौं यहाँ, कराउँछौं, रोस्टममा आएर भन्छौं, सरकार सुन्दै सुन्दैन । हामी जे बोल्छौं, त्यसको ठिक उल्टो गरिराख्या हुन्छ । आर्थिक मन्दी छ, आर्थिक रूपमा देश गिर्दो छ भनेर यहाँ माननीयज्यूहरू, सबैले उठा' उठायै छौं । अर्थ मन्त्रीजी एकदम १२/१३ महिना चल्ने रेमिट्यान्स छ, एकदम ठ्याम्मै छ भनेर मक्ख हुनुहुन्छ । तर यो सरकार कुनै त्यस्तो प्रकोप, दैव्य प्रकोप पनि छैन, त्यस्तो दुर्घटना पनि केही छैन, पैसा छ भनेर चाहिँ दङ्ग छ तर सरकारले एउटा पनि न त गौरवको योजना सञ्चालन गर्ने छ, न त राष्ट्रिय स्तरको कुनै योजना सञ्चालन गर्ने छ, न त विगतका कामहरूलाई ठिक ढङ्गले अगाडि बढाउन सक्या छ । एउटा फालीसमेत यो सरकारले खरिद गर्‍या छैन अहिले । रेमिट्यान्स त बच्ने नै भो' ।

मरिन डाइभर्सन योजना सञ्चालन गरेर त्यहाँ २ अर्ब एउटा चाहिँ मेसिन मात्रै ल्याउन पर्‍या थियो बाहिरबाट । त्यस्तै लिन पर्‍यो भने भोलि यो चाहिँ मतलब १२/१३ महिना बस्ने रेमिटेन्स सम्म कहाँ पुग्छ? त्यसप्रति सरकार गम्भीर छ कहिल्यै? प्रत्येक निर्वाचन क्षेत्रमा एउटा सडक भनेर भनियो । जहाँ जति त्यतिबेला ठेक्का लागे, पिच भए, बाटा जति खन्न सुरु भयो, अहिले एक इन्च त्यो बाटो अगाडि बढ्या छैन । सबै पालिकाहरूमा हस्पिटल पुर्‍याउने भनेर भनियो, ती काम सब ठप्प छन् । आखिर गर्छ के सरकारले? कर त उठी नै रा' छ । छिमेकी देशमा गएर किनेको जुत्ता, त्यो जुत्तालाई ६ हजार रुपैयाँ पर्छ, हामी त्यो जुत्ता नेपालमा किन्दाखेरि १५ हजार रुपैयाँ तिर्छौं । एउटा मोटरसाइकल किन्यो भने यहाँ चाहिँ मतलब, छिमेकी देशको बोर्डरमा चाहिँ ६०/७० हजार रुपैयाँ पाइन्छ । त्यो मोटरसाइकल हामी ४/५ लाख रुपैयाँमा किन्छौं । डर भनौं कि लुट भनौं कि के भनौं? आखिर कर त असुलेकै छ सरकारले तर त्यो असुलेअनुरूपको किन काम गर्दैन सरकारले? क्रान्तिपछि जुन खालको चाहिँ

मतलब ढिलासुस्ती हुन्छ तर नागरिकको आशा जगाउन सक्नुपर्छ सरकारले । जनताको परिवर्तन ल्याउने कुरा, त्यो स्वभावैले भनेजस्तो चुट्कीको भरमा हुँदैन, केही समय लिन्छ त्यसले । त्यो स्वाभाविक प्रक्रिया हो । तर हामी गर्दै छौँ भन्ने कुरामा विश्वास त कहीँ न कहीँबाट त सुरुवात र जगाउने काम त गर्न पर्‍यो नि । तर कहीँ कतैबाट सरकारले गर्दैन ।

आज मात्र एकजना माननीय, अघि बोल्ने माननीयले पनि भन्नुभो', मलाई विगतदेखि लागेको । राज्यले, सरकारले नागरिकमाथि अन्याय गर्दा, अत्याचार गर्दा, न्याय नपाउँदा कहीँबाट पनि उसको पक्षमा कुनै काम नहुँदाखेरि मान्छेले के ठान्छ भने मेरो अन्तिम मैले न्याय पाउने ठाउँ भनेको न्यायालय हो, अदालत हो भनेर भन्छ । तर हाम्रो न्यायालय, हाम्रो अदालत भनेको कुन विषयमा प्रवेश गर्न हुने हो, कुन विषयमा गर्न हुने होइन? के गर्न हुन्छ? फैसला के गरौँ? कुनै मतलब छैन । हामीले कस्तो बनाइम् न्यायालयलाई? हामीले राज्यलाई, राज्यको पुनर्संरचना ३ वटा सरकारको व्यवस्था त गर्‍यौँ । यो ३ वटा सरकारको व्यवस्था गर्दा न्यायालयमा पनि केही न केही हामीले त्यहीअनुरूपको, त्यही चरित्रको बनाउनुपर्दैन? आज न्यायालय भनेको जे पनि फैसला गर्दैछ । नागरिकले दुःख पा' छन्, त्यतापट्टि ध्यान छैन । अब जनताको आस्थाको अन्तिम केन्द्र रहेको चाहिँ न्यायालयमा गर्ने फैसला, न्यायालयले गर्ने फैसला आफैं चाहिँ मतलब त्यो अन्याय हुन थाल्यो, भ्रष्टीकरण हुन थाल्यो, त्यसले चाहिँ बेथितिको निर्णय चाहिँ समर्थन गर्न थाल्यो भने जनताले कहाँ खोज्ने न्याय? अन्त कहीँ जान पर्दैन त्यसको उदाहरण हेर्न, मेरो जिल्लामा सहिद मार्ग घोराहीदेखि होलेरीसम्म चाहिँ जाने बाटो जहाँ कि अगाडि ८०/९० किलोमिटर पिच भइसक्यो तर त्यो बिचमा खण्ड पिच नभएर, त्यो पिचै गरेको छैन । केही खण्ड चाहिँ पिच गर्न बाँकी छ । तर ठेकेदार आयो, उजुरी दियो, पाटन उच्च अदालतले ल त्यो त्यसले सब काम गरिसक्या छ, सम्पन्न गरिसक्या छ, त्यसकारण पैसा दिनु । फैसला गर्दियो । यही हो हाम्रो अदालतको चरित्र भनेको । अनि त्यो फैसला गर्दा त्यो न्यायाधीशले लाज मान्नुपर्दैन? त्यसकारण यसप्रति हामीले राजनीतिक, जब यो व्यवस्था हामीले ल्याएका हौँ, हाम्रो आन्दोलनले हो, जनताको आन्दोलनले हो, जनताको पक्षमा सबै राज्यका अङ्गहरू, निकायहरू जनताको पक्षमा उभिनुपर्छ भनेर अब यसको पुनरावलोकनको लागि, यसको चाहिँ मतलब काम कारबाहीका लागि हामीले rethinking गर्ने कि नगर्ने? सोच्ने कि नसोच्ने? न्यायाधीश नियुक्ति हामी फेरि पनि खल्तीबाटै लिएर जाने कि यसको लागि नयाँ ढङ्गले सोच्ने? नयाँ ढङ्गले सोच्न जरुरी छ । त्यो कुरा आज देखापरिसक्यो । यदि हामीले त्यो चिजलाई परिवर्तन गर्न सकेनौँ, राज्यले व्यवस्थाको चरित्रअनुसारको न्यायालयलाई पनि व्यवस्था गर्न सकेनौँ, भोलि सरकारले मात्र राम्रो काम गरेर के गर्नु? जथाभावी न्यायालयले फैसला

गर्दिन्छ । तपाईं हामीले फैसला त हामीले मान्छौं, मान्नै पर्छ तर यसरी मुलुक चल्दैन । यसले जनतामा झनै निराशा छाउँछ । ठुल्ठुला नेता जे सुकै गरे पनि उनीहरू छुटिहाल्छन् । धनीहरू जे सुकै गरे पनि उनीहरू छुटिहाल्छन् । यस्तो खालको भाष्य निर्माण भयो भने जनताले आशा, विश्वास कहाँ गर्ने? कसरी हामीले जनताको यो निराशाको मनोविज्ञानलाई उठाउने?

त्यसकारण अनेक राज्यका अनेक पक्षहरूमा यस्ता त्रुटि छन्, कमजोरी छन् । यो कुरालाई हामीले हरेक ठाउँबाट, एक ठाउँबाट मात्र होइन, हरेक ठाउँबाट सुधार गर्न जरुरी छ । यदि हामीले जसरी क्रान्तिका लागि बलिदानी गऱ्यौं, त्यो बलिदानी अब राज्यका अनेकन निकायहरूमा, अनेकन ठाउँबाट सुधार गर्नुपर्छ । आज जहाँ नियुक्ति गर्छ सरकारले, त्यही मान्छेबाट भ्रष्टीकरण सुरु भा' छ । आज प्राधिकरणको CEO निर्णय गर्ने अघि त्यहाँ मैले paper मा हेर्दै थिएँ, हिजो त्यहाँ नियुक्ति भा' मान्छेले फेरि मतलब म जान पऱ्यो प्रतिस्पर्धामा भने जान सक्ने ठाउँ उसले आधारै बना'को छैन । को मान्छे भर्ना गर्ने भन्ने कुरा पहिले त्यसको चाहिँ curriculum बनाएर त्यो मान्छेबाहेक सरकारले चाहेको, मन्त्रीले चाहेको बाहेक अर्को मान्छे entry नै गर्न नपाउने गरी बना'को छ । आज संस्कृत भाषा विश्वको मतलब NASA का वैज्ञानिकले समेत अध्ययन गर्न थाल्या छन् । तर हाम्रो दाङको संस्कृति विश्वविद्यालय कसैको ध्यान छैन । उतानो .....(समय सकिएको) ।

**(११:१८ बजे)** **पीठासीन**:- माननीय उपाध्यक्ष श्री उर्मिला अर्याल ।

**(११:२७ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय जितेन्द्र नारायण देव । समय १५ मिनेट । त्यसपछि माननीय राजेन्द्र लक्ष्मी गैरे ।

**(११:२७ बजे)** **माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, अहिले भर्खरै केही दिन अगाडि राष्ट्रिय सभाका एक तिहाइ नयाँ माननीय सदस्यज्यूहरू निर्वाचित भएर आउनुभ'को छ । वहाँहरूको सफल कार्यकालको कामना गर्दछु । र संघीय संसदमा भर्खरै नयाँ महासचिव नियुक्त हुनुभा' छ । वहाँलाई पनि बधाई पनि दिन चाहन्छु । र वहाँको कार्यकालको पनि सफलता शुभकामना व्यक्त गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, अस्ति २२ गते यो पन्ध्रौं अधिवेशनको सुरवात भयो र आजसम्म विभिन्न दलका नेताज्यूहरू माननीय सदस्यज्यूहरू आ-आफ्नो विचार राखिराख्नुभ'को छ । र सुरुको दिनमा मेरै संसदीय दल नेपाली काँग्रेसका दलका नेता माननीय रमेश जंग

रायमाझीलगायत विभिन्न दलका नेताज्यूहरू र आज माननीय नरबहादुर विष्टसमेतको कुराहरूलाई memory मा ल्याउँदा, वहाँहरूको कुरालाई एक ठाउँमा लिएर राष्ट्रिय परिस्थितिको बारेमा चर्चा गर्दा आजको राष्ट्रिय परिस्थिति अत्यन्त चुनौतीपूर्ण छ । अत्यन्त गम्भीर छ । सङ्कटपूर्ण छ । र हामी ज-जसले जुन जुन राजनीतिक शक्तिहरू मिलेर आजको यो संघीय लोकतान्त्रिक गणतन्त्रको राजनीतिक ढाँचा हामीले खडा गरेका छौं र समाजवादतिर उन्मुख हुने प्रतिबद्धता जाहेर गरेका छौं ती सम्पूर्ण राजनीतिक शक्तिहरूको लागि एउटा ठुलो चुनौतीको पहाड अगाडि खडा छ । व्यवस्थामाथि नै प्रश्न खडा भइराखेको छ । र अस्ति २२ गतेको बैठकमा दलका नेताज्यूहरूले जुन ढङ्गले विदेश पलायनको परिस्थिति राख्नुभयो र व्यवस्थामाथि नै प्रश्न खडा भइराखेको छ भन्ने जुन गम्भीरता जुन उचाइमा कुराहरू राख्नुभयो आज देशका राजनीतिक नेतृत्वले यो अथवा त्यो खालि गठबन्धन या प्रतिपक्ष भन्ने होइन । जो हामी आजको नयाँ परिवर्तन ल्याएका छौ । त्यो परिवर्तन ल्याउने राजनीतिक नेतृत्वले आज त्यो height बाट सोच्ने कि नसोच्ने? व्यवस्थालाई बचाउने कि नबचाउने? देशको विकास गर्ने कि नगर्ने? र जुन सामाजिक न्याय, समृद्धि र समाजवादको कुरा हामीले गरिरा' छौं साँच्चिकै देशलाई त्यतातिर अगाडि बढाउने कि नबढाउने? भन्ने प्रश्न हाम्रो अगाडि खडा छ । त्यसकारण आज यो अथवा त्यो पार्टी राम्रो हामीले गरेको मात्रै ठिक भन्ने भाष्यमा जानुभन्दा पनि राष्ट्रको लागि देशको लागि के गर्दा राम्रो कसरी अब देश अगाडि जानुपर्छ भन्ने केही suggestive कुराहरू, केही recommendations हरू अहिलेको वर्तमान नेतृत्वलाई गठबन्धनको नेतृत्व पनि । प्रतिपक्षको नेतृत्व पनि र समग्रमा यो परिवर्तन ल्याउने नेतृत्वको लागि केही suggestive कुराहरू म अगाडि राख्न चाहन्छु सम्माननीय अध्यक्ष महोदयमार्फत । त्यो के भन्दाखेरि अहिले व्यवस्थामाथि जुन प्रश्न उठिरा खेको छ र यही व्यवस्थाले संघीय लोकतान्त्रिक गणतन्त्रीय व्यवस्थाले केही पनि दिएन भन्ने कोणबाट जुन कुरा आइराखेको छ यसको लागि मेरो विश्लेषणमा दुइटा शक्तिहरू जिम्मेवार छन् । एउटा त देशका प्रतिगमनकारी शक्तिहरू जो संघीयता विरोधी छन् । जो गणतन्त्र विरोधी छन् । समावेशिता विरोधी छन् । परिवर्तन विरोधी छन् । तिनीहरू नियतवश यो कुरा उठाइराखेको छ । निरन्तर निरन्तर रूपमा प्रतिगमनको पक्षमा उनीहरूले आफ्ना वकालत गरिराखेका छन् । निरन्तर रूपमा आइराखेको छ । एउटा यो factor छ भने अर्को factor के हो भन्दाखेरि हामीले काम गर्न नसकेको हामीले जनताको चित्त बुझाउन नसकेको आज पाकिस्तानमा जेलमा बन्द हुनुहुन्छ इमरान खान । र इमरान खानको पक्षमा आमजनता उत्रिन्छ सडकमा किन? के गऱ्या थियो इमरान खानले? इमरान खान पाकिस्तानबाट पनि हामीले हाम्रो नेताहरूले सिक्ने कि नसिक्ने? हामीले किन गर्न सकेनौं । भ्रष्टाचार न्यूनीकरण किन गर्न सकेनौं? सेवा प्रवाहको कुरालाई किन अगाडि सार्न सकेनौं? रोजगारीको सिर्जना किन गर्न सकेनौं हामीले? व्यवस्था

विरोधीहरूलाई कमजोर किन गर्न सकेनौं? उनको मुखमा बुझो किन लाउन सकेनौं? जनताको काम गरेर यो प्रश्नमाथि हामीले घोलिने नघोलिने कि नलिने? त्यसकारण मैले आज पुँजीवाद, समाजवाद, सामाजिक न्याय, समृद्धिको सैद्धान्तिक कुराहरू गर्नुभन्दा पनि ठोस रूपमा तीनओटा कुरा म अगाडि सार्न चाहन्छु । आजको नेतृत्वले आजको राष्ट्रिय नेतृत्वले ध्यान दिनुपर्ने तीनओटा कुरा म देखिराखेको छु । एउटा सुशासन, दोस्रो जनतालाई सरल र सहज ढङ्गले सेवा प्रवाह नम्बर दुई र नम्बर तीन भनेको देशमा व्यापकतम रूपमा रोजगारीको सिर्जना । employment को generation । रोजगारिको सिर्जना यो तीनओटा कुरा गर्नुपर्छ । यो तीनओटा विषयमा मुख्य रूपमा नीति र कार्यक्रम आउन गइराखेको छ । बजेट आउन गइराखेको छ । सिद्धान्त र प्राथमिकताको कुराहरू आउँछन् । भोलि ती दस्ताबेजहरूमा यो तीनओटा विषयमा मुख्य रूपमा focus गर्ने गरी काम होस् भन्ने म आग्रह गर्न चाहन्छु । त्यो भनेको जब सुशासनको कुरा आउँछ । आज जनता म बारम्बार यो पार्लियामेन्टमा सम्माननीय अध्यक्ष महोदय, यो कुरा भनिराखेको छु । कि यो देशमा प्रतिगमन हुन्छ भने त्यो भ्रष्टाचारको एजेन्डामा टेकेर प्रतिगमन हुन्छ । यो देशमा राजनीतिक दुर्घटना भयो भने नेतृत्व भ्रष्ट भयो । भ्रष्टाचार निर्मूलन हुन सकेन । नेतृत्व राजनीतिक नेतृत्व, कर्मचारी नेतृत्व भ्रष्ट भयो भनेर त्यो नारामाथि टेकेर आउँछ भोलि प्रतिगमन आउँछ । त्यसकारण मुख्य रूपमा focus गर्नुपर्ने कुरा के हो भन्दाखेरि भ्रष्टाचारको निर्मूलन, भ्रष्टाचारको न्यूनीकरण सुशासनको पहिलो सवाल भनेको अहिले सरकारले हान्ने भनेको भ्रष्टाचारमाथि हो । यो मुद्दालाई म अत्यन्त, अत्यन्त जोड दिएर म उठाउन चाहन्छु र त्यो गर्ने हो भने मेरा recommendation हरू मेरा सिफारिसहरू ३/४ ओटा फेरि पनि दोहोऱ्याएर । पहिला पनि मैले भनेको थिएँ । तर यो ३/४ ओटा मैले आफ्ना सिफारिसहरू अगाडि सार्न चाहन्छु । नोट होस् यो कुरा भनेर राष्ट्र नेतृत्वले नोट गरोस् राज्य सञ्चालन गर्नेले यो कुरा नोट गरोस् । र जसले संघीय लोकतान्त्रिक, गणतन्त्रलाई मन पराएको छ त्यो नेतृत्वले यो कुरालाई नोट गरोस् ।

पहिलो कुरा के हो भन्दाखेरि भ्रष्टाचार अन्त्य गर्ने भन्ने political will power, राजनीतिक इच्छा शक्ति जुन अहिले प्रधानमन्त्रीले देखाइराख्नुभ'को छ । प्रधानमन्त्रीले जुन political will power देखाइराख्नुभा' छ त्यो दिशामा यो देश जाने कि नजाने अगाडि? प्रधानमन्त्रीको हात बलियो गर्ने कि नगर्ने? त्यसकारण political will power आउनुपऱ्यो राजनीतिक नेतृत्वबाट । सबैबाट, नेताहरूबाट political will power आउनुपऱ्यो, हो निर्मूलन गर्ने । न्यूनीकरण गर्ने भ्रष्टाचार अन्त्य गर्ने नम्बर वान ।

नम्बर टु त्यसको लागि के गर्नुपऱ्यो? मेरो सिफारिस के छ भन्दाखेरि नेताहरूले भ्रष्ट पार्टीका कार्यकर्ताहरूलाई सांसदको टिकट दिनुभएन, मन्त्री बनाउनुभएन, त्यो सपथ लिने कि नलिने? पार्टीभित्र लागेका जो भ्रष्ट प्रवृत्तिका भ्रष्ट स्वभावका व्यक्तिहरू छन् । तिनीहरूलाई राजनीतिक नेतृत्वमा पनि नल्याउने सांसदको पनि टिकट नदिने र कसै गरी छिरेछ भने मन्त्री नबनाउने आफू पनि नखाने र कमाउने मान्छेहरूको झुन्ड तयार नगर्ने यो इच्छा शक्ति देखाउने कि नदेखाउने नम्बर २ ।

नम्बर ३ म फेरि पनि भन्छु । यो कुनै कर्मचारी साथीहरूलाई जितेन्द्र नारायणजीले कर्मचारीहरूलाई आक्रमण गरिराख्नुभा' छ भन्ने नहोस् । यो देशमा भ्रष्टाचारको निमित्त राजनीतिक व्यक्तिहरू जति जिम्मेवार छन् केही म सबै भन्दिनँ । जति जिम्मेवार छन् । कर्मचारीहरूको पनि ठुलो हिस्सा यो देशको भ्रष्टाचारको लागि जिम्मेवार छ । कर्मचारीतन्त्र पनि जिम्मेवार छ । यो कुरा कर्मचारी साथीहरूले self critically आत्मालोचित भएर आआफ्नो ठाउँबाट सोच्नको लागि म आग्रह गर्न चाहन्छु । त्यसकारण राजनीतिक नेतृत्वले एउटा फैसला गर्नुपऱ्यो । यो ०५१ सालदेखि यो नेकपा एमालेमा जब मनमोहन अधिकारी नेकपा एमालेको अध्यक्ष हुनुहुन्थ्यो । त्यो central committee को discussion मलाई आज याद आइराखेको छ । र त्यो discussion के थियो भन्दाखेरि कर्मचारीहरूलाई दलीय राजनीतिबाट अलग राख्ने त्यो कुरा पास हुन सकेन । मनमोहन अधिकारी र म मात्रै दुई जना थियौँ त्यतिबेला त्यो पक्षमा गयौँ । कोही पनि अरू आएनन् । आज त्यो कुरा ठाडो रूपमा आज फेरि भन्न चाहन्छु । कि राजनीतिक फैसला होस् एउटा यो देशमा एउटा कानुन बनोस् । कि दलीय राजनीतिमा कर्मचारीहरूलाई पस्न नदिने कुनै पनि political पार्टीले कर्मचारीहरूलाई दलीय रूपमा कर्मचारीलाई सङ्गठन गर्न दिने यो किसिमको अवस्था रहन नदिने । यसको लागि हामी तयार छौँ कि छैनौँ? नम्बर ३ ।

नम्बर ४- अहिले अनुसन्धान गर्ने भ्रष्टाचारको अनुसन्धान गर्ने एउटा प्रमुख संस्था भनेको अख्तियार हो । अख्तियारमा राजनीतिक भागबन्डा भइराखेको छ । अहिले अख्तियारमा राजनीतिक भागबन्डाको आधारमा अख्तियारको संरचना बनिराखेको छ । छनोट विधि गलत छ । त्यो भ्रष्टाचार निर्मूलन गर्ने हो भने न्यूनीकरणगर्ने हो भने अख्तियारको सङ्गठनात्मक संरचनामा पुनर्विचार गर्नुपऱ्यो । र त्यो संरचनाको छनोट विधिमा पनि पुनर्विचार गर्नुपऱ्यो । राजनीतिक भागबन्डाबाट अख्तियारलाई अलग राख्नुपऱ्यो । त्यसको लागि हामी तयार छौँ कि छैनौँ? तयार हुनुहोस् भन्ने म आग्रह गर्न चाहन्छु राजनीतिक नेतृत्वहरूलाई ४ ।

नम्बर ५- अहिले नेपाल प्रहरी भित्र सीआईबी र अपराध अनुसन्धान महाशाखा दुइटा संस्थाले यस्ता यो भ्रष्टाचारलगायत अपराधिक कामहरूको investigation गर्ने गर्दछ । पुलिस प्रशासनलाई नेपाल प्रहरी राजनीतिक हस्तक्षेपबाट सम्पूर्ण रूपमा अलग राख्नुपर्छ । मुक्त राख्नुपर्छ, राजनीतिक हस्तक्षेप गर्नु हुँदैन । यो political will power छ कि छैन नेपालको राजनीतिक नेताहरूमा, राजनीतिक नेतृत्वमा? जोसुकै पार्टीको नेता होस् यति गर्न म आग्रह गर्न चाहन्छु । यति हुन सक्यो भने जोसुकै सरकारमा आउनुहोस् । भोलि यदि will power छ भने यो देश सुध्रिन्छ । भ्रष्टाचार निर्मूलन हुन्छ । सुशासन कायम हुन्छ । तर यति कुरा नगरीकन म मात्रै राम्रो, मेरो पार्टी मात्रै, मेरो अध्यक्ष मात्रै राम्रो मेरो महामन्त्री मात्रै राम्रो भनेर हामी गयौं भने त्यो भावनात्मक कुरा हुन्छ । यो ४/५ ओटा कुरा गर्न हामी तयार छौं कि छैनौं? यो संघीय लोकतान्त्रिक गणतन्त्रको लागि लड्ने हाम्रा नेताहरू, हाम्रा आदरणीय नेताहरू तपाईंहरू सोच्नुस्, rethink गर्नुहोस् । एकछिनको लागि सरकार छोड्नुपर्‍यो भने छोड्नुस् । छोड्यो इमरान खानले सरकार, जेलमा गयो तर जनता त इमरान खानको पक्षमा आयो नि । २/३ महिना सरकारमा नरहनुहोला । तर जनता तपाईंको पक्षमा आउँछ । जनताले तपाईंलाई माया गर्छ । अन्तिम सत्य भनेको जनता हो । जनतालाई विश्वास गरौं, people’s democracy को कुरा गर्ने हो भने जनतालाई हातमा लिएर देश बनाउने भन्ने कुरा गर्नुहुन्छ भने जनतामाथि विश्वास गर्नुपर्छ । यो सुशासन कायम गर्नको लागि ३/४ ओटा मेरो categorical recommendation हरू मेरा सिफारिसहरू म अहिलेको देशको राजनीतिक नेतृत्वलाई राज्य सञ्चालन गर्ने हाम्रा आदरणीय नेताहरूलाई म दिन चाहन्छु । त्यसकारण पहिलो सवाल भनेको भ्रष्टाचार निर्मूलन गर्ने यो सवाल यो भयो भने संघीय लोकतान्त्रिक गणतन्त्रमा कुनै खतरा हुँदैन । व्यवस्थाको विरुद्धमा कुनै पनि आवाजहरू उठ्दैन भन्ने मेरो बुझाइ हो ।

नम्बर २- service delivery को कुरा सेवा प्रवाहको कुरा अहिले जनसाधारणलाई सेवा दिने सरकारी कार्यालय, संस्थान र अन्य निकायहरू जहाँ पनि विनाघुस र विनाभनसुन काम हुँदैन जनताको । जनता कसरी जनताले के देख्दैछ छ रे हिजो पञ्चायत कालमा पनि त्यही थियो । त्यो खानेपानीमा जाँदा, त्यो मालपोतमा जाँदा, त्यो भूमि सुधार कार्यालयमा जाँदा हिजो पञ्चायत कालमा त्यही थियो । बहुदल कालमा त्यही थियो । आज पनि त्यही छ । के change आयो? What’s the change? के क्रान्ति आयो? क्रान्ति के ल्यायो? परिवर्तनले के ल्यायो? जनताले तुलना गरिरा’ छ । जनताको जनजीवन change आउनुपर्‍यो नि । ऊ त्यहाँ गएर मालपोत कार्यालयमा गयो भने विनाभनसुन र विनाघुस उसको काम भइरा’ छ भने, Yes क्रान्ति त हो आ’को छ भन्ने महसुस गर्छ । त्यो भइराखेको छैन । त्यसकारणले जनताले आज चाहेको यो

भ्रष्टाचार निर्मूलनपछि चाहेको सेवा प्रवाह उनलाई सरल र सहज ढङ्गले ऊ line मा बस्छ, queue मा लाग्छ । उनको काम विनाभनसुन र विनाघुस उसको काम होस् र गर्न सकिन्छ नि अहिलेको परराष्ट्र मन्त्रालयले गर्‍यो नि । अहिलेको सरकारले क्यारे राहदानी वितरण गर्ने काममा त्यो गरेर देखायो नि, हुँदो रहेछ नि त । विनाभनसुन र विनाघुस पासपोर्ट त राम्रै गरी कत्रो लाइन थियो त्यहाँ त्रिपुरेश्वरमा सबै लाइन त समाप्त भयो नि । समस्याको समाधान त भयो नि, गर्दाखेरि हुने रहिछ । त्यसकारणले यदि त्यसमा बदमासी गर्ने कोही छ भने तिनलाई ठाडो किसिमले कारबाही गर्ने कानुन बनाउनुपर्‍यो त्यो किसिमको क्याबिनेटको फैसलाहरू हुनुपर्‍यो, निर्णयहरू हुनुपर्‍यो, investigating agencies हरूले त्यो ढङ्गले काम गर्नुपर्‍यो भन्ने मेरो भनाइ हो । त्यसकारणले जनतालाई अहिले दोस्रो सरकारले आफ्नो प्राथमिकतामा राख्ने भनेको यो सेवा प्रवाहको कुरा र तेस्रो भनेको के हो भन्दाखेरि आम रूपमा private sector, state sector र FDI लाई के समस्या छ? त्यो समस्यालाई legal administrative, political जे समस्या छ त्यसलाई समाधान गरेर देशभित्र एउटा लगानीको वातावरण बनाउनुपर्‍यो, employment generation गर्न सक्नुपर्‍यो, रोजगारी सिर्जना गर्नु सक्नुपर्‍यो । अनि मात्रै त्यो एयरपोर्टमा युवाहरूको लाम लाग्दैन, quality education गुणात्मक शिक्षा देशमा हुनुपर्‍यो त्यसपछि मात्रै विद्यार्थीहरू, अष्ट्रेलिया या अमेरिका या युरोपतिर लम्किँदैन देशभित्रै बस्छ । त्यसमा quality education सस्तो र गुणस्तरीय शिक्षा र आम रूपमा व्यापक रूपमा आर्थिक गतिविधिहरू सिर्जना गरेर रोजगारीको सिर्जना गर्ने गरी अगाडि जानुपर्छ । र अन्तमा बत्ती बलिसकेको छ । अन्तमा म के भन्न चाहन्छु भने एउटा सोचौं हामी एउटा कुरा के सोचौं भने सम्माननीय अध्यक्ष महोदयमार्फत म यो आग्रह गर्न चाहन्छु कि गठबन्धनको राजनीति अहिलेको गठबन्धनलाई मात्रै म भन्दिनँ । गठबन्धनले भ्रष्टाचार बढायो । एउटा नेताले काम गर्न खोज्छ, अर्को नेताले खुट्टा तान्छ । त्यसकारणले कार्यकारी प्रत्यक्ष निर्वाचन गर्ने गरी संविधानमा संशोधन गर्ने हो कि? त्यतातिर जाने हो भने rethink गरौं । जो आउँछ पाँच वर्ष काम गर्छ, काम गर्‍यो भने जनताले वाहावाही गर्छ काम गरेन भने जनताले ५ वर्षपछि उसलाई दण्ड दिन्छ । त्यसकारण direct election कार्यकारीको ..... (समय सकिएको) ।

(११:१४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय राजेन्द्र लक्ष्मी गैरे । समय १२ मिनेट । त्यसपछि माननीय नारायण प्रसाद दाहाल ।

(११:१५ बजे) **मानननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, हामी संघीय संसदको पन्ध्रौं अधिवेशन बैठकमा छौं । बैठकमा माननीयज्यूहरूले महत्त्वपूर्ण विषयहरू उठान गर्नुभएको छ । हाम्रो आउने जाने क्रम पनि चलि नै रहेको छ । हामी कति गम्भीर छौं हाम्रो जिम्मेवारी प्रति भन्ने पनि सोच्नुपर्ने हुन्छ होला भन्ने मलाई लाग्छ । यसै सन्दर्भमा म विशेष गरी के कुरा उठान गर्न चाहन्छु भने अहिले, पहिले हाम्रो २०६३-६४ को कुरा जतिबेला सात राजनीतिक दलहरूले १२ बुँदे सहमति गरेर शान्ति प्रक्रियालाई टुङ्ग्याउने काम गर्नुभयो । हाम्रो बीचमा गिरिजा प्रसाद कोइराला बाहेक त्यतिबेलाका सबै नेताहरू अहिले पनि हुनुहुन्छ । उहाँहरू त्यो १२ बुँदे सहमति गर्दाखेरि म यति सजिलै हामीले यो व्यवस्था पाएका होइनौं । त्योभन्दा अगाडिको कहालीलाग्दो सम्झना गर्‍यो भने अहिले पनि हाम्रा शरीरहरूमा काँडा उम्रिन्छ। हामी सेना र विद्रोही पक्षको बीचमा पहाडी क्षेत्रमा रहिरहने जनता एक दिन सेना आउने अर्को दिन माओवादी आउने के भनेर गयो भनेर दुबै पक्षले सोध्ने।त्यति मात्रै होइन हाम्रा घरहरूमा घाँस राख्ने गोठहरूमा माओवादीहरूले बन्दुकहरू राखेर जाने, सेनाले भेट्टाउने हाम्रा मान्छे समाएर लैजाने त्यतिबेला हामीले हाम्रा मान्छे नमार्नुहोस् हाम्रा यी मान्छे सामाजिक मान्छे हुन् भनेर कैयौं चोटि वार्ता गरेर ठाउँ, ठाउँमा गएर हामीले वार्ता गरेर हाम्रा मान्छेहरूलाई बचाएका पनि थियौं । त्यस्तो खालको अवस्थाबाट १२ बुँदे सहमति गरेर आज हामी यहाँ आउँदा धेरै कुराहरू अगाडि बढेका छन्, टुङ्गिएका छन् । र त्यतिबेला माओवादी सेना समायोजन भएको थियो र हातियारहरूलाई व्यवस्थापन भएको थियो । केही रहेका केही राहतहरू जो मान्छेहरू सेनामा भर्ती भए उनीहरू अहिले जागिर गरिरहेका छन्, जो भर्ती भएनन् उनीहरू घर गएका छन् । केही नपाउनेहरूलाई अझै छुटेकाहरूलाई सत्य निरूपण आयोग, मेलमिलाप आयोगले टुङ्ग्याउने भनिएको थियो । त्यो काम हामीले अहिलेसम्म गर्न सकेनौं । जसले गर्दा न्याय हरायो, न्यायको अनुभूति भएन भनेर मान्छेहरूले आवाज उठाइरहेका छन् । यो काम हामीले छिटो भन्दा छिटो गर्नुपर्छ र गर्छु भनेको काम हामीले टुङ्ग्याउनु पर्दछ । हामी इमान्दार हुनुपर्छ र टुङ्ग्याउनु पर्दछ । हामीले यो काम ढिलाइ भएको छ । यो शान्ति प्रक्रियाको बाँकी काम छिटोभन्दा छिटो सरकारले ल्याउनुपर्छ, टुङ्ग्याउनुपर्छ । र यो समाजमा न्यायको स्थापना गर्नुपर्छ भन्ने मेरो जोडदार माग नै रहेको छ । अर्को कुरा म अहिले हामीले यो नियमावलीहरू संशोधनको कुराहरू भइरहेको छन्, कानुन निर्माणका कुराहरू भइरहेका छन् । पन्ध्रौं महाधिवेशनमा हामी रहिरहँदाखेरि नेपाल सरकारले पहिलो चोटी लक्षित बजेट भनेर २०६४-६५ मा नेपालमा पहिलो पटक ल्यायौं। त्यतिबेला हामीले युवा, महिला, दलित जनजाति, बालबालिका भनेर ३५% बजेट देखिने गरी छुट्याउने गरेका थियौं । आज त्यो हराएको छ । जस्ले त्यो गर्दा हामी युवाहरूलाई प्रत्यक्ष रूपमा

सरकारको काममा हामीले जोड्न सकिरहेका छैनौं, महिलाहरूलाई जोड्न सकिरहेका छैनौं। उनीहरूको क्षमता विकासको कुरा, उनीहरूको आय आर्जनको कुरा, उनीहरूको उद्यमशीलताको कुरा आज आफै सक्षम भएर आफ्नो बालबालिकाहरू, बालबालिकाहरू आफै सक्षम भएर देशको निम्ति काम गर्ने कुरा हराइरहेको छ। त्यसैले गर्दा म यो आउने अधिवेशनमा सरकारले लैङ्गिक उत्तरदायी बजेट कन्जुस नगरीकन ल्याओस्, यो हाम्रो जोडदार माग रहनेछ । हामीले फेरि यसलाई आवाज बुलन्द गर्न नपरोस् भन्ने कुरा राख्न चाहन्छु । र अर्को कुरा राष्ट्रिय गौरवको आयोजना आजभन्दा बाह्र, तेह्र  वर्ष अगाडि हामीले सुरुवात गर्‍यौं । थुप्रै ठाउँमा सम्पन्न भएको छ । थुप्रै ठाउँमा भुक्तानीहरू केही बाँकी रह्यो भन्ने समस्याहरू आइरहेको छ । कति योजनाहरू बाँकी छन्। हामीले सुरु गरेको राष्ट्रिय गौरवको आयोजना समयमा सम्पन्न गर्न र त्यो काम गर्ने मान्छेले ज्याला पाउने कुरा, समयमा भुक्तानी पाउने कुरा व्यवस्था गर्न सरकारसँग जोडदार माग गर्न चाहन्छु। र अर्को कुरो हामीले अहिले कामहरू गरिरहेका छौं, बाटाघाटाहरू निर्माण गरिरहेका छौं । र हाम्रो वीरगञ्जबाट छिरेर आइसकेपछि नारायणघाट हेटौंडाबाट काठमाडौं आउने बाटो, चाहे नारायणघाटबाट काठमाडौं आउने बाटो ११ बजे १२ बजेदेखि ४ बजे ५ बजेसम्म बन्द हुन्छ । अहिले नेपालमा हेर्नुभयो भने सबैभन्दा बढी भारतीय पर्यटकहरूको संख्या देखिन्छ । पोखरामा गएर हेर्नुपर्‍यो भने छ्यापछ्यासी भारतीय पर्यटकहरू देखिरहेका छौं । त्यसैले गर्दा भारतको मान्छे सहजै रूपमा वीरगञ्जमा छिरेर काठमाडौं आउने नारायणघाट हुँदै पोखरा, मुक्तिनाथ त्यसपछि गएर चाहिँ मुक्तिनाथबाट, पारी तरेर तपाईंको रानीमहल, भैरवस्थान, पाल्पा दरवार हेर्दै कालीगण्डकीको त्यो मनमोहक दृश्य चाहिँ शालिग्राम हेर्दै मान्छेहरू चाहिँ लुम्बिनीको चाहिँ बुद्ध, गौतम बुद्ध विमानस्थल त्यहाँको गौतम बुद्धको पर्यटकीय क्षेत्र, दाङ हुँदै चहिँ दक्षिण छिर्नेगरी हमीले योजना बनाउन सकेनौं  र पर्यटकहरूलाई ध्यान दिएर हामीले यो अवरोधहरूलाई खोल्न सकेनौं भने सन्देश कस्तो जान्छ । नेपालमा गएर कैयौं घण्टा बस्नुपर्छ भनेपछि मान्छे आउँछ, आउँदैन नि । त्यसो भएको हुनाले हाम्रो यो विकास निर्माणको प्रक्रिया मिलेन । पर्यटकहरूको सिजनको बेलामा घण्टौं, घण्टौसम्म पूर्वबाट आउने, पश्चिमबाट आउने राजमार्गहरू बन्द गरेर हाम्रो देशको विकास हुन सक्दैन । त्यसो भएको हुनाले यसलाई मिलाएर, समय अनुकूल बनाएर पर्यटकहरूलाई आउन मिल्ने गरी यो बाटाहरू, नाकाहरू खोलिनुपर्छ ।र यो बाटाहरू समयमै सम्पन्न हुन जरुरी  छ । हाम्रा यो बाटाहरूलाई हेर्दा अस्ति मात्रै म यहाँबाट दाङ पुगेर फर्केर आउँदा, मान्छे जो कोही उभिन सक्ने अवस्थामा हुँदैन । त्यति धेरै थकाइ लाग्दो खालका हाम्रो बाटाहरू अप्ठ्याराहरू भएका छन् । यस्तो भएको हुनाले समयमै सम्पन्न गर्न पनि म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । र अबको योजना आउँदाखेरिमा पूर्वदेखि पश्चिमसम्म, पश्चिमदेखि दक्षिणसम्म हाम्रा पर्यटकहरू सहजै

रूपमा नेपालका सबै ठाउँहरू घुम्न सक्ने गरी पहाड, तराई, हिमाललाई जोड्ने गरी दक्षिणी बाटोहरू निर्माण गर्नुपर्दछ । जसले गर्दाखेरि हामीले सहज रूपमा मान्छेहरू आउन जान सक्ने बनाउन सक्छौं । यो हिसाबले चाहिँ, यो हिसाबले हाम्रा बाटाहरू निर्माण गर्ने र पर्यटकहरूलाई भित्र्याउने र एउटा नेपाललाई चाहिँ समृद्धि तिर उन्मुख गराउने गरी योजना आओस् भन्ने कुरा राख्न चाहन्छु । र अर्को कुरा चाहिँ हाम्रो नारायणघाट र बुटवलको बीचमा गण्डकी र लुम्बिनी प्रदेशको बीचमा स्वास्थ्यको हिसावले कहिँ पनि एउटा राम्रो हस्पिटल छैन । हामी त्यो क्षेत्रको जनता कि त नारायणघाट आउनुपर्ने के बुटवल पुग्नुपर्ने बीचमा चाहिँ कहीँ पनि हस्पिटल नहुँदा जनतालाई सास्ती भएको छ । बुटवलबाट हिडेको मान्छे ५ घण्टा, ६ घण्टा नभई नारायणघाट आउन सक्दैन । नारायणघाटबाट हिडेको मान्छे बुटवल पुग्न सक्दैन । बिचमा भएको जनताले तीन घण्टा भित्रैमा उपचार पाउने अवस्था छैन । यस्तो भएको हुनाले उपचार त मान्छेहरूलाई घटनाहरू घटिसकेपछि, मान्छेहरूलाई प्रेसर भइसकेपछि तुरुन्त एक घण्टा भित्रैमा उपचार पाउनुपर्ने अहिलेको अवस्था छ । त्यसो भएको हुनाले बुटवल र नारायणघाटको बिच बर्दघाट क्षेत्रमा चाहिँ हामीले गुणस्तरीय एउटा हस्पिटल खोल्नु पर्दछ । यसमा म त्यो क्षेत्रका सरोकारवालाहरूको पनि ध्यानाकर्षण गराउन चाहन्छु र सरकारको पनि ध्यानाकर्षण गराउन चाहन्छु । र हामीले अति नभई नहुने कुरालाई ध्यानमा राखेर हामीले काम गर्नुपर्दछ । यो काम चाहिँ अहिले आउने बजेटमा आओस् भन्न चाहन्छु र अर्को कुरा कोटेश्वरको घटनामा को दोषी भन्ने चाहिँ उठेको थियो । कोटेश्वरको पुलको नजिकै त्यहाँ तीन दिन अगाडि देखि ने.क.पा. एकीकृत समाजवादीको केन्द्रीय कमिटीको बैठक चलिरहेको थियो । म २०३६ सालदेखिको आन्दोलनमा लागेको मान्छे, जब टियर ग्याँस त्यहाँ हान्यो मलाई, त्यो आन्दोलनमा आउन मन लागिहाल्यो । हामी छ, सात जना भएर बाहिर पुलमुनि निस्किसकेका थियौं। यदि म त्यहाँ सांसद नभएको भए, मलाई जान दिएको भए म पुलिस र जनताको विचमै उभिएको हुने थिएँ, त्यो सडकमा हुनेथिएँ । जुन सुकै आन्दोलनमा बिचमै गएर छेक्ने काम गर्दै थें तर त्यहाँ म पनि त्यो ठाउँमा पुग्न चाहन्थें । पाँच, सात जना मान्छे निस्किसकेको थिए । हामीलाई चाहिँ केन्द्रीय नेताहरूको टिम बाहिर नजानुस् भनेर बाहिर volunteer हरू आए भने पछि हामी बाहिरबाट हेरिराख्यौं । त्यहाँ हेर्दाखेरीमा सुरुमा हवाई फायर भएको थियो । ला अब हवाई फायर भयो, अब हवाई फायर भएर भएपछि अब चाहिँ टेयर ग्याँस हानेपछि अब चाहिँ पानीका फोहरा हान्छ है साथीहरू भन्दै थिएँ मैले । अरू साथीहरू पनि सँगै हुनुहुन्थ्यो । त्यहाँ पानीका फोहराहरू हानेको थिएन । पानीको फोहरा हानेन त्यसपछि चाहिँ एकैचोटि टेयर ग्याँसहरू हानिराख्यो। उताबाट ढुङ्गा हानिराखेको थियो ।यताबाट पुलिस अगाडि बढि राख्यो । हामी त्यहाँ बसेर छेउमा हेरि नै रह्यो । र साँझ त्यो हेरिरहेपछि त्यहाँ एकछिनमा आगो बल्यो । आगो बलेपछि

आगो अब बाटो अवरुद्ध भयो । आगोलागी भएछ बाटोमा भने भित्र जाँदाखेरिमा प्रकाशमा हाम्रो मन्त्री त्यहाँ आइसक्नुभएको रहेछ । मन्त्रीज्यू के हो ? त्यहाँ गाडी जल्यो नि तपाईंको, मैले पहिलो सुनाउने मान्छे म थिएँ । अनि उहाँले भन्नुभयो तपाईं झर्नुस् भनेर भने, अनि म फर्केर आएँ, गाडी त्यहीं थियो भनेर उहाँले भन्नुभयो । त्यसपछि चाहिँ साँझ हामी त्यो बाटो हिँडेर आयौं र सोध्यौं के कारणले यस्तो भएको थियो र किन्न यस्तो भयो ? भनेर हामीले सोध्यौं। त्यहाँ त्यो manpower मै काम गर्ने बहिनीले हामीले माथि बाटै हेरिरह्यौं । यताबाट ढुङ्गा हान्यो, उताबाट टेयर ग्याँस हाने । त्यसपछि चाहिँ एउटा टायर ल्याएर बाले, घरी पुलिसले तान्यो, आन्दोलनकारीले ताने । त्यो टायरलाई गाडीमा हाले, गाडीमा फाल्दिएपछि गाडी जल्यो भनेर उसले चाहिँ भन्यो । र अरू मान्छेहरू पनि यो घटना चाहिँ उत्तेजित पहिलै नै भइसकेको थियो, मन्त्री जानु अगाडि नै हामी त्यहाँ बसेर हेरिरहेका थियौं । र फेरि पनि उत्तेजित भयो र त्यहाँ दुईजना भाइहरूले ज्यान गुमाउनु भयो। आज तपाईंहरूले भोलि त्यो तपाईंहरूले भिडियोमा हेर्नु भयो थियो होला । जो त्यहो क्षेत्रको महिला हनुहुन्थ्यो, त्यहाँ गएर उहाँहरू रुनुभयो थियो । आज उहाँ त्यही क्षेत्रबाट फेरि राष्ट्रिय सभामा निर्वाचित भएर आउँदै हुनुहुन्छ, तपाईहरूले भेट्नुहुनेछ। जसले त्यति वेला देख्नु भएको थियो । उहाँहरूलाई यही सदनमा भेट्नुहुनेछ । उहाँ संयोगले फेरि निर्वाचित भएर आउनुभएको छ । त्यो घटना बिहान १८ जनाले पुनः परीक्षा दिन पाउने, फेरि दिउँसो ३ बजे फेरि सबैले दिन पाउने सूचना निकाल्ने त्यो सम्बन्धित निकाय दोषी हुन्छ कि हुँदैन? त्यस्तो काम गर्न पाइन्थ्यो कि पाइन्थिएन? त्यस्तो खालको घटना बच्चाहरूलाई उत्तेजित गराउने, युवाहरूलाई उत्तेजित गराउने गराउने घटना एकै दिनमा, एकै चोटि दुइटा निर्णय आएको छ । त्यस्तो खालको घटना घटाउनु हुन्थ्यो कि हुन्थेन ? त्यहाँ हामीले प्रत्यक्ष देख्दाखेरि त्यहाँ सबैमा त्यहाँ महिलाहरू सबैमा एकदमै विहानै देखिनै त्यस्तो भएको थियो । मन्त्री पुग्नु अगाडि नै टेयर ग्याँसहरू फालिसकेको थियो । तर पछि गएर त्यस्तो घटनाहरू घटिसकेको थियो, रुवावासी भयो । हामी एकदमै त्यो हेरेर बस्न हेरेर बस्यौं, हामी, हामीले त्यसलाई कन्ट्रोल गर्न सकेनौं । हामी त्यहाँ भिड्न सकेनौं । हामी संगठित रूपमा भएको भएर र सांसद नभएकोभए म सजिलै भिड्थें, धेरै मान्छेहरूलाई भिडाउथें होला । तर हामीलाई त्यहाँ छेक्यो र हामी जान पनि पाएनौं । त्यस्तो खालको अवस्था रहेको थियो । त्यस्तो भएको हुनाले आन्दोलन भनेको, यति सजिलै हुँदैन। मलाई लाग्छ यो आन्दोलनबाट परिवर्तन पनि यति सजिलै आएको होइन । २०४६ सालको आन्दोलनमा हामी भद्रकालीमा जम्मा भएर अगाडि बढ्दै थियौं । जब अगाडि बढ्दै जाँदाखेरिमा वीर हस्पिटल पुग्दाखेरि हामीलाई अश्रु ग्याँस हाने, त्यतिवेला प्याज, चटपटे बेच्ने मान्छेले हामीलाई प्याज हातमा आएर दिएका थिए, हालेको थिए , बरफ बेच्ने मान्छेले एउटा बरफ हातमा दिएको थिए, पानी बेच्नेले

पानी दिएका थिए । त्यो पानीले हामीले अनुहार पखालेर, आँखा हेरेर हामी कोही हस्पिटलबाट फर्केर आएर फेरि रत्नपार्कबाट हामीले चाहिँ त्यो तारहरू तानेर अगाडि बढ्दाखेरी त्यतिवेला हामीलाई पुलिसले पानीको फोहरा हानेको थियो । र त्यो रातो घर अनेरास्ववियुको रातो घर थियो । त्यो अगाडि हामी भित्र बसेर जोगियौं फेरि हामी आन्दोलनमा ....(समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय नारायण प्रसाद दाहाल । समय ९ मिनेट । त्यसपछि माननीय दिल कुमारी रावाल थापा "पावर्ती" ।

**(११:५७ बजे) माननीय श्री नारायण प्रसाद दाहाल (मनोनीत)**:- सम्माननीय अध्यक्ष महोदय, हामी अहिले पन्ध्रौं अधिवेशनको चौथो बैठकमा बसिरहेका छौं । सर्वप्रथम त यो पन्ध्रौं अधिवेशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । त्यस्तै हाम्रो यस राष्ट्रिय सभामा एक तिहाई नवनिर्वाचित सदस्यहरूलाई बधाई साथै पूर्ण सफल कार्यकालको शुभकामना व्यक्त गर्न पनि चाहन्छु । र भर्खरै निर्वाचित महासचिवज्यू, उहाँको पनि सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु ।

अध्यक्ष महोदय, हाम्रा अगाडि चुनौतीका पहाडहरू छन् । विगतका अधिवेशनहरू यसो हेर्‍यौं भने उपलब्धिको हिसाब किताबले धेरै सुखद चाहिँ रहेनन्, विगतका अधिवेशनहरू । त्यसले गर्दा यो अधिवेशन कामको हिसाबले, कार्ययोजनाको हिसाबले र यसको समग्र व्यवस्थापनको हिसाबले हामी सबैले नयाँ ढङ्गले सोचन सकेनौं भने यो अधिवेशन पनि विगतकै झैं एउटा अधिवेशन सिद्धियो, सरकारले अन्त गर्‍यो, त्यसपछि फेरि अर्को अधिवेशन राष्ट्रपतिले आह्वान गर्ने, अनि हामी आउने, हाम्रा कुराहरू राख्ने, यही एउटा निरन्तरता र परम्परागत ढङ्गको मात्रै हुन सक्छ । हामी चिन्ता असाध्यै व्यक्त गरछौं । मलाई लाग्छ यहाँ हामी बोल्ने सबै माननीयहरूले यो राष्ट्रिय सभाको गरिमा, यो राष्ट्रिय सभाले गर्नुपर्ने काम, यसका चाहिँ उपलब्धिहरू, जनतासँग जोड्नुपर्ने विषयवस्तुहरू, सबैमा हामी चिन्तित छौं । भला, हाम्रा आफ्ना केही विषयहरू अलग छन्, तैपनि समग्रमा हेर्दा त्यो छ । तर पनि हामीले त्यो सकिरहेको छैनौं । त्यसले गर्दा कहाँबाट सुरु गर्ने? कहिलेबाट सुरु गर्ने? भन्दा अहिले यही अधिवेशनबाट सुरु गरौं भन्ने मेरो बुझाइ हो, मेरो अनुरोध पनि हो । त्यसकारण चाहिँ हामीले अलिकति नयाँपन दिन जरुरी छ ।

हामीलाई थाहा छ, यसो राजनीतिक क्षेत्रमा हेर्‍यो, सञ्चार क्षेत्रबाट हेर्‍यो, प्रबुद्ध व्यक्तित्वहरूका कुरा सुन्यो, राष्ट्रिय सभाप्रतिको बुझाई धेरै सकारात्मक पाइँदैन । हामी आफैं

पनि चिन्ता व्यक्त गर्छौं । यत्रो छलफल गरेका छौं न सञ्चारले महत्त्व दिन्छ, न त्यो राजनीतिक व्यक्तित्वहरू त्यहाँ अथवा हुन्छ नि राजनीतिक क्षेत्रमा त्यो खालको कुनै चाहिँ बहस एउटा हुन्छ नि त्यो कुनै पनि हुँदैन, र पनि हामी बोलिराख्या छौं, हिँडिराख्या छौं, भइराख्या छ । यसलाई जनतासँग कसरी जोड्ने हाम्रा विषयवस्तुहरूलाई, हाम्रा योजनाहरूलाई, हाम्रा उपलब्धिहरूलाई कसरी जोड्ने? हाम्रा कमी कमजोरीहरूलाई शिक्षाको रूपमा लिएर जनताका सुझावका साथ हामी कसरी अगाडि बढ्ने भन्ने विषय अलि गम्भीर हो कि अहिले आएर? अलिकति हामी भाषण मात्रै गर्ने कुराले पुग्दैन, हाम्रो जिम्मेवारी अलि बढी नै हो कि? भन्ने मलाई लाग्छ । त्यताबाट हामी सोचौं । र चाहिँ हामीले जनता र जनताका समस्याहरू, राष्ट्रको समृद्धिहरू यसलाई केन्द्रमा राखेर छलफल गर्ने गरौं भन्ने लाग्छ । र मात्रै हामी राष्ट्रिय सभाको गरिमा, ओज यो बढ्यो भने मात्रै हामी आफू चाहिँ स्थापित हुने कुरा हो । हाम्रो पनि एउटा ओज बढ्ने कुरा हो भन्ने लाग्छ । यतातिर हाम्रो अलि पुगेन । मेरो बारम्बार, धेरै पटक म उभिएर यहाँ बोल्दा मेरो त्यहाँनेर जोड अलिकति भइराख्या हुन्छ । किन, किन । कहीं गए पनि राष्ट्रिय सभाको भनेपछि एक त अब अहिले फिल्डमा, बसमा, सार्वजनिक ठाउँमा जाँदा सांसद हुँ भनेर भन्न नै गाह्रो छ, अप्ठ्यारै छ । अर्कोतिर राष्ट्रिय सभाको हो भनेपछि त ए अँसम्म पनि नभन्लान् भन्ने डर । र त्यो खालको स्थितिमा हामी छौं । यतातिर पनि हामी अलिकति जनताको बिचमा स्थापित हुने अथवा त्यो भनेको जनताका एजेण्डालाई हामीले कति लिन सक्छौं र कति चाहिँ अगाडि सोच्न सक्छौं भन्ने कुरा नै हो । यताबाट चाहिँ मलाई लाग्छ । अब यो हिसाबले हामीले यो राष्ट्रिय सभाको गरिमालाई अगाडि बढाऊँ भन्ने मेरो विशेष आग्रह हो ।

यो बेला मैले थोरै देशमा अहिले राजनीतिक अघि माननीयहरूले पनि राख्नुभयो राजनीतिक चुनौती गम्भीर ढङ्गले अगाडि बढिराख्या छ । यो हामीभित्रै बाटै छ, यही सदनबाटै छ, राजनीतिक क्षेत्र बाहिरबाट पनि छ । यो बेलामा हामी यो सदनमा बसेका प्रतिपक्षी अथवा सत्तापक्षी, जे भएपनि अलिकति गम्भीर बन्न जरुरी छ । म यसो प्रतिपक्षीतिर फर्केर हेर्छु, कहिले कहिले के feeling हुन्छ भने हाम्रा प्रतिपक्षका मित्रहरू, माननीयजीहरू हामी अब आजीवन नै यहीं हो, मानसिक रूपले त्यही तयार भएको हो कि जस्तो क्या । हामी जब सत्तामा त कहिले जानेवाला नि छैनौं, जान सक्ने स्थिति पनि रहेन । त्यसकारण चाहिँ सरकारको विरोध गर्नेबाहेक, प्रतिपक्षको धर्म धान्नेबाहेक राम्रा कामलाई कम से कम थोरै पनि हेर्ने विषयमा चाहिँ अलिकति ध्यान नदिए जस्तो, उठेर बोल्यो कि त सरकारको विरोध, मतलब चाहिँ negative कुराबाहेक केही नहुने । एउटा कुरा त म अलि अगाडिसम्म त त्यही प्रतिपक्षकै मित्रहरूको नेतृत्वमै थिएँ म पनि एकपटक, दुई अढाइ वर्ष, तीन वर्षसम्म । त्योबेला यसो हेरौं न हामीले

के गऱ्या थियौं? त्यो गरेका बेलाका काम कारबाहीहरू हेर्दा ओम्नीदेखि, टि स्टेटदेखि, अरू अरूदेखि पनि त भएका थिए, हुँदा रहेछन् नि त त्यस्ता त्यहाँ पनि । कम से कम अहिले त चाहिँ भ्रष्टाचारका विरुद्ध, सुशासनको पक्षमा केही गरौं भन्ने सरकारले आँट गरिराखेको छ, तैपनि त्यो नदेख्ने, के हामी गयौं भने त अब सुनका अण्डा नै दिन्थ्यौं । हामी यता जान नपाएको हुनाले सब गुमाउनुपऱ्यो देशले, त्यसकारण चाहिँ खतम भयो । यो बुझाइले प्रतिपक्षको को भूमिका पनि निर्वाह हुँदैन, एउटा कुरा ।

अर्को कुरा फेरि यो सत्ता र प्रतिपक्ष भन्या त विचित्रको चिह्न छ । अहिले हामी एकातिर छौं, भोलि अर्को अर्कोतिर पनि त हुन सकिन्छ, नेपालको राजनीतिक बनावट मतलब यो अहिले संविधानले दिएको र हाम्रा राजनीतिक पार्टीहरूको अवस्था हेर्दाखेरि कुन दिन कहाँ, को, के हुन्छ भन्ने कुरा त्यो पनि हेक्का त सबैले राखे हुन्छ होला नि । कहिले हुँदैन, अब सँगै हुँदैन भनेझैं गरेर पनि बोल्ने, कहिले हामी सत्तामा जाने पनि होइन भनेझैं गरेर बोल्ने, बोल्दाखेरि आँखा चिम्लेरै बोल्दिने, थोरै ठाउँ पनि नराखी बोल्ने, यसले पनि राम्रो गरिराख्या छैन । त्यो भनेको सरकारको विरोध मात्रै होइन, आफ्नै विरोध भइराख्या छ जस्तो लाग्छ क्या । हामी राष्ट्रिय सभामा, हाम्रो आफ्नो संसदको गरिमा, हाम्रो दायित्व, भूमिका पनि नसम्झीकन चाहिँ बोल्न खोजेर अथवा हाम्रा व्यवहारहरू गऱ्यौं भने राम्रो हुँदैन । त्यसकारण कम से कम सत्तापक्ष, प्रतिपक्ष एक ठाउँमा उभिएर राम्रा कामलाई राम्रो भन्न सक्ने र सही चिजलाई सही भन्न सक्ने, अहिले कम से कम भ्रष्टाचारका विरुद्ध सरकार लाग्या छ । गर्दागर्दै कुन दिन चाहिँ अदालतले के गर्दिन्छ, त्यो अदालतको बारेमा नि यहाँ त कुरा भइरा' छ । यहाँ त पहिला, अहिले कम से कम यति भा' छ हेर्नुस् । हामी भर्खरै यहाँ चाहिँ आउँदाखेरि, सिंहदरबार पस्दाखेरि, अदालतको र सेनाको कसैको विरोध गर्न पाइँदैन थियो । विरोध गऱ्यो कि त त्यो अराष्ट्रिय जस्तो हुन्थ्यो । तर अहिले कम से कम अदालतले पनि त छानबिनतिर त वर्गीय समाजमा वर्गीय चेतनाअनुसार वर्गीय हिसाबले सोच्दो रहेछ भन्ने हुन्छ । यताबाट नि सोचौं भन्ने मलाई लाग्छ ।

त्यहाँ अर्कोतिर चाहिँ हामीलाई यहाँ अहिले जुन खालको एउटा आक्रमण चारैतिरबाट भइरहेको छ, विशेष गरेर चाहिँ हामी ध्यान दिनुपर्ने के हो त भने यो सिस्टममाथि नै आक्रमण हुन खोज्दैछ । त्यसकारण यसका विरुद्ध हामी सत्तापक्ष र प्रतिपक्ष एक ठाउँमा उभिएर यो कम से कम सिस्टमलाई बचाउन सक्यौं भने अरू काम पनि गर्दै जाउँला । अहिले त अराजक ढङ्गले जुन ग'को छ, यसलाई राम्रोसँग ध्यान दिऊँ भन्ने मेरो विशेष आग्रह हो । र यताबाट हामी चाहिँ अगाडि बढौं भन्ने मेरो चाहिँ विशेष आग्रह हो । अब यो सदनमा हामीले कम से कम केही विधेयकहरू आउँदै छन् । त्यतातिर पनि हामी अब जस्तो TRC ठिक ढङ्गले अगाडि लान

सकिएन भने यसले त सबैलाई, देशलाई नि घाटा पुग्छ होला नि । बरु त्यसमा गम्भीरताका साथ छलफल गरौं ।

अरू चाहिँ शिक्षा विधेयकहरू आउँदै छ, निजामतीको विधेयक आउँदै छ, लगायतका अरू सेना/प्रहरी समायोजनका कुराहरू छन् । यी सबै चाहिँ जो हामीलाई पिरोलेको छ फिल्डमा जाँदा, यहाँलाई गम्भीरताका साथ बसेर छलफल गर्ने यो सदन, यो अधिवेशन सफल होस् भन्ने पनि मेरो आग्रह हो । र हामी सबै एक ठाउँमा उभिएर हाम्रा अगाडिका चुनौतीहरूलाई पूरा गरौं, ती चुनौतीहरूलाई चाहिँ पार गरौं र एउटा ठिक ढङ्गले अगाडि बढ्ने एउटा चाहिँ वातावरण सिर्जना गरौं भन्ने मेरा विशेष आग्रहका साथ मेरो आफ्ना भनाइ यहीँ अन्त्य गर्छु । हवस् त, अभिवादन ।

**सम्माननीय अध्यक्ष**:- माननीय दिलकुमारी रावल थापा "पार्वती" । समय १३ मिनेट । त्यसपछि माननीय राधेश्याम पासवान ।

**(१२:०७ बजे) माननीय दिलकुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, सरकार जनताको अभिभावक हो, उसको भूमिका कार्यकारी हो । सरकारलाई जनताका सवाल, राष्ट्र र राष्ट्रियताका सवाल, जनजीविकाका सवालमा संसदप्रति जवाफदेही र उत्तरदायी बनाउने कर्तव्य संसद र सांसदहरूको हो भन्ने मलाई लाग्छ । सरकार जवाफदेही बनोस् । सरकारले अगाडि बढाएका भ्रष्टाचारका फाइलहरू खोल्दा अनुहार नहेरियोस्, प्रभाव र दबाबमा नपरोस् भन्ने नै प्रतिपक्षी दलको मान्यता हो भन्ने कुरामा म सुरुमा राख्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, आज संसार मानव जातिको खोज, अनुसन्धानबाट अभूतपूर्व सफलता प्राप्तसँगै सूचना सञ्चारको प्रविधिमा आएको विकास र परिवर्तनले संसार एक कुनाबाट अर्को कुना जोडिन पुगेको छ । सिङ्गो विश्व समुदाय एउटा प्रविधिभित्र कैद हुन पुगेको छ । यो महत्वपूर्ण उपलब्धि हो । जसका कारण विश्व समुदाय एउटा परिवार जस्तो बन्न पुगेको छ । र मानव जीवनलाई सहज पनि बनाएको छ । प्रविधि र विकासले आज विश्वलाई सुखद मात्र होइन, संसारका शक्तिशाली राष्ट्रहरूले शक्तिमोह, युद्धमोह र हतियार, त्यसका लागि शक्तिशाली आणविक हतियार उत्पादन गर्ने, बिक्री गर्ने लहर चलेको छ । यो मानव जातिको लागि ज्यादै दुःखद् विषय हो भन्ने कुरामा म राख्न चाहन्छु । हाल रसिया-युक्रेन युद्ध, इजराइल-हमास युद्धमा ठुलो मात्रामा भएको जनधनको क्षतिले सिङ्गो मानव समुदायमाथि प्रश्न उठेको छ ।

मानवीयताविरुद्धको यस्तो अपराधपूर्ण कार्यका विरुद्धमा अन्तर्राष्ट्रिय जगतले सशक्त ढङ्गले विरोध र प्रतिकार गर्न सकिरहेको छैन, र देखिँदैन । के यो समस्या, यस्ता समस्या समाधान मान्छे मारेर मात्रै हुन्छ? यसका विरुद्ध संयुक्त राष्ट्रसंघ र यसका सदस्य राष्ट्रहरूले, अन्तर्राष्ट्रिय समुदायले बोल्नुपर्छ कि पर्दैन? ठुला र आणविक हतियार सम्पन्न देशले जे गरे पनि छुट हो । समस्याको समाधान वार्ता र छलफलबाट गर्न सकिँदैन । निहत्या नागरिकको नरसंहार हुने गरी भइरहेका यस्ता युद्धहरू तत्काल रोकिनुपर्छ । वार्तामा बसेर यथाशीघ्र समाधान खोज्नमा सम्बन्ध युद्धरत पक्ष समन्वयका निम्ति संयुक्त राष्ट्रसंघको गम्भीर ध्यान आकर्षण गराउन चाहन्छु । शान्तिको प्रवर्तक असंलग्नता नीति लिएको संयुक्त राष्ट्र संघले सदस्य राष्ट्रको हैसियतले नेपालले युद्ध अन्त्य गर्न शान्तिपूर्ण वार्तामार्फत समाधान खोज्न युद्धरत पक्ष र संयुक्त राष्ट्रका समस्या पहल, पैरवी, कूटनीतिक पहल गर्न सरकारको ध्यान आकर्षण गराउन चाहन्छु । आज एउटा मिडियामा सुनिँदैछ, १५ हजारको सङ्ख्यामा नेपाली नागरिक रुसी सेनामा भर्ना भएको तथ्य छ । यो के हो? युद्धग्रस्त क्षेत्रमा फसेका आफ्ना नागरिकलाई देश फिर्ता ल्याउन सम्बन्धित राष्ट्रसँग प्रभावकारी कूटनीतिक पहल गर्न सरकारसमक्ष जोडदार माग गर्दछु ।

अर्को विषय म यहाँ राख्न चाहन्छु केही दशकदेखि नेपाली डाक्टरहरूले मेहनत गरेर अमेरिकामा हुने United States Medical License Examination उत्तीर्ण गरी उच्च मेडिकल शिक्षा हासिल अमेरिका जाने गरेका थिए । अत्यन्तै मेहनत गर्नुपर्ने, धेरै आर्थिक खर्च बेहोरी परीक्षा तयारी गर्नुपर्ने स्थितिमा कैयौं नेपाली डाक्टरहरू matching को रिजल्ट कुरिरहेको अवस्थामा कयौं डाक्टरहरूलाई सम्पूर्ण डाक्टर परीक्षाको प्रक्रिया पूरा गरिसकेपछि अयोग्यता घोषणा गरिएको कुरा सुन्नमा आएको छ । नेपाल सरकार, शिक्षा स्वास्थ्य तथा परराष्ट्र मन्त्रालय यस विषयमा धारणा के छ? नेपाली डाक्टरहरूको सवाल नेपाली सरकारलाई जानकारी छ कि छैन? यसको अमेरिकी सरकारको भनाइ के छ? नेपाल स्थित दूतावासमार्फत यो विषय स्पष्ट पारियोस् । नेपाली डाक्टरहरूको भविष्यमाथि खेलवाड नहोस् भन्ने म सरकारको ध्यान आकर्षण गराउन चाहन्छु ।

अर्को विषय म जनस्वास्थ्यसँग जोड्न चाहन्छु । आज विभिन्न प्रकारका नसर्ने रोगको अवस्था भयावह छ, बन्दै छ । हाम्रो जस्तो गरिब र कम विकसित देशमा नसर्ने रोगले ७७% मृत्यु ओगटेको छ भन्ने तथ्याङ्क छ । आगामी ३० वर्षमा प्रत्येक ४ जना मृत्युमध्ये ३ जना गरिब तथा कम विकसित मुलुकहरूमा हुने छ भन्ने अध्ययनको प्रतिवेदनले देखाएको छ । एक व्यक्तिबाट अर्को व्यक्तिमा नसर्ने रोगलाई हामी नसर्ने रोग, Non Communicable Disease (NCD) भन्छौं । यस्ता रोगहरू शरीरको आन्तरिक प्रक्रियामा गडबडी, असन्तुलनn] हुने देखापर्छन् ।

यस्ता रोगका व्यक्तिहरूलाई जीवनशैली, आहारविहार, मानसिक असन्तुलन, खानपिन जस्ता विभिन्न कारणले गर्दा देखापर्छ । यस्ता रोग कहिलेकाहीँ वंशानुगत कारणले पनि सर्ने गर्छ । नसर्ने रोग प्रायः दीर्घ प्रकृतिको क्रोनिक chronic प्रकारका हुन्छन् । जस्तैः उच्च रक्तचाप, क्यान्सर, मधुमेह, ग्यास्ट्राइटिस, अमल पित्त, पत्थरी, मुटु रोगहरू, हाड जोर्नी नशासम्बन्धी रोग, बाथरोग, मानसिक रोग, चोटपटक र दुर्घटनाका कारण हुने अशक्तता आदि नसर्ने रोगका उदाहरणहरू हुन् । संसार अहिले सर्ने रोगको समस्या कम हुँदै गइरहेको छ भने नसर्ने रोग व्यापक र जोखिम बढ्दै गइरहेको अवस्था छ । आज सबैभन्दा बढी समस्या हृदयघात र दोस्रोमा क्यान्सर र तेस्रोमा श्वासप्रश्वास, चौथोमा मधुमेह रोगको समस्या नेपालको प्रमुख नसर्ने रोगको चुनौती बनिरहेको छ । अहिले विश्वलगायत नेपालमा जम्मा मृत्युदरको ५१% विभिन्न नसर्ने रोगका कारण भएको अनुसन्धानले प्रष्ट गरेको छ । यस्ता नसर्ने रोगको जोखिम तत्त्वको पहिचान गरी समयमा हुने उपयुक्त कदम नचाल्ने हो भने भयावह अवस्था हुन सक्नेतर्फ सरकार र नागरिकको ध्यान आकर्षण गराउन चाहन्छु । विश्वमा यस्ता नसर्ने रोगको ठुलो समस्याहरूको रूपमा देखापरिरहेको छ । विज्ञान र प्रविधिले ठुलो सफलता हासिल गरेर भौतिक सुविधा सम्पन्न भइरहँदा भइरहेका छौं तर विकाससँगै विनाश भित्रिएका छन् । मानिसमा त्राहिमाम पनि बढिरहेको छ । औषधि विज्ञान र प्रविधिको विकासले विभिन्न किटाणुविरुद्ध विजय हासिल गरिरहेको छ । तर आफ्नै शरीरभित्र उत्पन्न हुने विभिन्न रोगबाट पराजित भइरहेका छौं । नसर्ने रोगको मृत्युका कारण सुर्ती र सुर्तीजन्य पदार्थको सेवन, शारीरिक निष्क्रियता, मध्यपान, अनियन्त्रित मध्यपानको अनियन्त्रित सेवन र अस्वस्थकर भोजन र वायु प्रदूषण हो भन्ने देखिएको छ । यस्ता रोगबाट बच्न, मृत्युदर घटाउन रोगको सुरुवातमै पहिचान गर्ने नियमित स्वास्थ्य परीक्षण गर्नु, जीवनशैलीगत अस्वस्थकर व्यवहारहरू हटाउने, रोगको राम्रो उपचार गर्ने र स्याहार गर्नु नै मुख्य उपाय हो भन्ने लाग्छ मलाई । आजैबाट नसर्ने रोगबारे सचेतना नअपनाउने हो, भने जीवनशैलीमा सुधार नगर्ने हो भने सायद मानिसको विनाशको नसर्ने रोगबाट नै हुने दिन नआउला भन्न सकिँदैन । अहिलेको तथ्याङ्कलाई निरन्तरता पाउँदै जाने हो भने भविष्यमा नसर्ने रोगको अवस्था यस प्रकारले देखापर्ने छ भन्ने प्रक्षेपण पनि अध्ययनले देखाएको छ । प्रमुख ५ किसिमका नसर्ने रोगका कारण मात्रै दुई ट्रिलियन, मिलियन होइन, दुई ट्रिलियन डलर आर्थिक नोक्सानी हुने छ । यसले विश्व आर्थिक व्यवस्थामा समेत धक्का दिने छ भन्ने हामीले अध्ययन प्रतिवेदनमा पाएका छौं । नसर्ने रोगको जनसङ्ख्या वृद्धि र जलवायु असन्तुलनको कारण मृत्युदर थप बढेर जाने पनि अवस्था देखिएको छ । त्यसैले नेपालको संविधान (२०७२) को मौलिक हक धारा ३०, धारा ३५, धारा ३६ का प्रावधान लागु गर्नतर्फ, त्यसै गरेर दिगो विकासका 2030 का लक्ष्य ३ सुस्वास्थ्य तथा समृद्धि जीवनअन्तर्गतका प्रावधान र

व्यवस्थाहरूलाई कार्यान्वयन गर्न, आवश्यक नीतिगत व्यवस्था, कानुनी व्यवस्था, संरचना व्यवस्था, निर्माण गरी कार्यक्रमको व्यवस्थासहित प्रभावकारी रूपमा नसर्ने रोगको प्रवर्धनात्मकमा उपचारात्मक व्यवस्थामा ध्यान दिन म सम्माननीय अध्यक्षज्यूमार्फत नेपाल सरकारको ध्यान आकर्षण गराउन चाहन्छु ।

त्यस्तै गरेर म यही नेपाली नागरिकको स्वास्थ्य र सरोकारसँगै जोडिएको विषय यहाँ चर्चा गर्न चाहन्छु । हामी सबैलाई थाहा छ, Covid-19 जस्तो महामारीले विश्व मानव जीवन आतङ्कित बनायो, हामी आक्रान्त भयौं । विश्व मात्र होइन नेपाली समाज पनि आक्रान्त भयो । त्यो विषम परिस्थितिमा नेपाली जनताको सोच ..... सरकार सबै राजनीतिक दलहरूको महत्वपूर्ण भूमिकाले हामीले कोभिड नियन्त्रणमा महत्वपूर्ण सफलता हासिल गर्‍यौं । म यहाँ उभिएर उपस्थित भइरहँदा हाम्रै सभाका सम्माननीय अध्यक्षज्यूको नेतृत्वमा WHO को सहभागितामा हामीले सबै तहका जनप्रतिनिधिबिचमा धेरै नै जनतामा भइरहेको आक्रान्तमा रहिरहेको त्यो डर, त्रासको बिचमा कोभिड नियन्त्रण? ..... जुन खालको भूमिका जनप्रतिनिधिहरूले निर्वाह गर्‍यो, त्यो म उच्च सम्मान गर्न चाहन्छु । त्यो अवस्थामा नेपालका जनप्रतिनिधिले खेलेको भूमिका मलाई लाग्छ IPU मा पनि एउटा चर्चाको विषय बनेको थियो । त्यति मात्र होइन, WHO को महासचिव ट्रेड्रोस नेपाल भ्रमणमा आइरहँदा कोभिड नियन्त्रणमा नेपाल सरकार, नेपालका जनप्रतिनिधिहरू, WHO सबैको सहकार्यमा खेलेको भूमिकाको उहाँले उच्च प्रशंसा गर्नुभा'को थियो । त्यसैले जनताको स्वास्थ्यसँग सरोकार राख्ने विभिन्न प्रकारका महामारी नियन्त्रण गर्नका लागि, स्वस्थ नागरिक निर्माणको लागि जनप्रतिनिधिको भूमिका महत्वपूर्ण हुन्छ भन्ने मान्यतालाई अब हामी सहकार्य र समन्वयमा अगाडि बढ्नुपर्छ भन्ने एउटा स्थिति पैदा भइरहेको थियो । आज त्यो अवस्था देखिरहेको छैन । WHO को कुराहरू आज WHO नेपाल सरकार स्वास्थ्य मन्त्रालयमार्फत काम गरिरहेका छ । तर आज सञ्चारमाध्यममा आइरहेको छ । सानोसानो कामहरू WHO ले आफैं गर्ने र राजनीतिक स्वार्थका भरमा कर्मचारी नियुक्ति गर्ने कुरा आज सञ्चारमाध्यम आएको छ । म प्रश्न गर्न चाहन्छु नेपाल सरकारलाई, स्वास्थ्य मन्त्रालय यो थाहा छ कि छैन? सीमित राजनीतिक स्वार्थभित्र पसेर हामीले WHO को मान्यताविपरीत, अन्तर्राष्ट्रिय मान्यता विपरीत हामीले त्यस्तो गर्‍यौं भने नेपाली जनता र सिङ्गो विश्व समुदायको स्वास्थ्य नागरिक निर्माण गर्ने WHO को मान्यताविपरीत हुन जान्छ हुन जान्छ कि जान्दैन? म सरकारलाई गम्भीर हुनका लागि यस्ता विषयमा के भइरहेको छ? यसमा स्वास्थ्य मन्त्रालयका धारणा के छ? के यस्ता केही कर्मचारीहरू नियुक्तिका विषयमा, के साना कार्यक्रमका भरमा स्वास्थ्य मन्त्रालयका पदाधिकारी आफैं आबद्ध त हुनुहुन्न? हुनुहुन्न भने सरकारले, स्वास्थ्य

मन्त्रालय यस बारेमा स्पष्टतासाथ सदनलाई जानकारी दिन जरुरी छ । नेपालको नाममा अनुदानको आधारमा आउने यस्ता रकम चाहिँ दुरुपयोग गरिनु पाइँदैन । यसतर्फ सरकार गम्भीर बन्नका लागि पनि म आग्रह गर्न चाहन्छु ।

त्यसैले म भन्न चाहन्छु, आज नेपाली जनताहरूमा जुन खालका स्वास्थ्य समस्याहरू देखिरहेको छ, आज उपचार नभएर, अस्पताल नदेखेर नेपाली नागरिकहरू मर्न पर्ने, पहुँचका आधारमा, प्रभावका आधारमा उपचार हुने खालको प्रणाली छ । यो प्रणालीलाई अन्त्य गर्नको लागि सरकार गम्भीर बन्नपर्छ । संविधानले प्रदत्त गरेका मौलिक हकलाई कार्यान्वयमा ल्याउनका लागि आवश्यक कानुन निर्माण गर्ने कुरा, आवश्यक कानुनलाई कार्यान्वयन गर्नका लागि, अगाडि बढाउन पनि संरचनाहरूको निर्माण गर्नका लागि सरकार गम्भीर बनेको छैन । मैले भन्नैपर्छ, आज संघीय सरकार स्वास्थ्य मन्त्रालयअन्तर्गत झन्डै १५०० भन्दा बढी स्वास्थ्य क्षेत्रका कर्मचारी अभावले स्वास्थ्य सेवा प्रभावित भएका कुरा स्वास्थ्य मन्त्रालयकै पदाधिकारीले संसदीय समितिमा आएर भनिरहँदा आज क्यान्सर जस्तो रोगको क्यान्सर कन्ट्रोल पोलिसी बन्न सकिरहेको छैन । एक वर्षअगाडि हामीले समितिमा बोलाएर छलफल गर्दा अब क्यान्सर कन्ट्रोल पोलिसी अन्तिम चरणमा पुग्यो भनेर भनिरहँदा एक वर्षपछि फेरि बोलाएर छलफल गर्दा छलफलकै क्रममा छ भनेर तर हामीले पाउने जानकारीले पनि सरकार जनताको स्वास्थ्यप्रति संवेदनशील छैन भन्ने कुरा म राख्न चाहन्छु ।

त्यति मात्र होइन, स्वास्थ्यसँग जोडिएको कानुन, खाद्यसँग जोडिएको कानुन यो विषय मैले पहिला पनि लगातार उठाइरहेको छु । कृषि मन्त्रालय र स्वास्थ्य मन्त्रालय मिलेर बनाउन पनि खाद्य र औषधीसम्बन्धी कानुन दुइटा मन्त्रालय सहकार्य हुन नसक्दा, समन्वय हुन नसक्दा जनताको सरोकार खाद्य सुरक्षा र पोषण सुरक्षा जस्तो विषय औषधिका गुणस्तरीयता कायम गर्ने जस्ता महत्वपूर्ण प्रत्यक्ष जनताका सरोकार राख्ने यी विषयमा आज कानुन बन्न सकिरहेको छैन । त्यसैले हामीले संसद, जनताको प्रतिनिधिमूलक संस्था संसदमा उभिएर यो कुरा गरिरहँदा हामीले सरकारको आलोचना गरेको होइन । सरकारलाई राम्रो काम गर, संविधानले प्रदत्त गरेका नागरिकको मौलिक हक कार्यान्वयन गर, बेथितिलाई अन्त्य गर भनेर हामीले भनिरहेका छौं । आज भ्रष्टाचारको कुराहरू आइरहेको छ । भ्रष्टाचार नियन्त्रण सबैको दायित्व हो । यो पार्टीपिच्छे, दलपिच्छे हुँदैन । भ्रष्टाचार मुलुकको शत्रु हो । यसका निम्ति सबैको साझा धारणा बन्न आवश्यक छ । सरकारलाई यति मात्र प्रश्न हो कि अनुहारको आधारमा अनुसन्धान प्रभावित नगरियोस् । आफ्नो अनुहार हेरेर अनुसन्धानलाई प्रभावित गरेर जुन खालको चाहिँ अहिले अवस्था देखिएको छ, यस्तातर्फ सरकार गम्भीर बनोस्, गल्तीको आधारमा, कमजोरीको आधारमा

दण्ड, सजाय गरियोस् भन्ने माग प्रतिपक्षको हो भन्ने कुरा राख्दै फेरि पनि म सरकारलाई गम्भीरतापूर्वक नागरिकको स्वास्थ्यमा ध्यान दिनका लागि अनुरोध गर्न चाहन्छु, माग गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय राधे श्याम पासवान । समय ९ मिनेट ।

(१२:२१ बजे) **माननीय श्री राधे श्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय र माननीय सांसदजीहरू, आज हामी राष्ट्रिय सभाको यो पन्ध्रौं अधिवेशनमा उपस्थित भएका छौं । राष्ट्रिय सभाको हिउँदे अधिवेशनमा सर्वप्रथम राष्ट्रिय सभामा नवनिर्वाचित जुन चुनाव भो' । यसमा हाम्रा १९ जना माननीय सदस्यज्यूहरू जितेर आउनुभो' वहाँहरूलाई वहाँहरूलाई बधाई तथा कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु । त्यस्तै हाम्रा संसद सचिवालयका महासचिवज्यू नियुक्त हुनुभएको छ । वहाँलाई पनि बधाई तथा कार्यकाल सफल रहोस् भन्न चाहन्छु ।

हाम्रो यो अधिवेशन खास गरेर हिउँदे अधिवेशन बजेट session हो र बजेट session र विधेयक session दुइटा session हुन्छ यसमा । खास गरेर हामी अब विधेयकमा सरकारले चौधौं अधिवेशनजस्तै विधेयकहरू नयाँ बिजनेस पाएको थिएन । यो अधिवेशनमा बिजनेस पाओस् भनेर हामी शुभकामना पनि दिन चाहन्छौं । र जुन अहिले हाम्रो बन्ने राष्ट्रिय सभाले खेलेका भूमिका र प्रतिनिधि सभाले बनाएका १०६ ओटा विधेयकहरू पास भएको छन् । त्यसमा राष्ट्रिय सभाले २८ ओटा विधेयकहरू पास गऱ्यो र ७८ ओटा प्रतिनिधि सभाबाट उत्पत्ति भएको थियो । जसमा १०६ ओटा हामीले पास गऱ्यौं । ५७ ओटा विधेयक हाम्रो उत्पत्ति भा'को थियो । त्यसकारणले हामी यो session सफल होस् भन्ने हाम्रो चाहना पनि हो । र विधेयकहरू खास गरेर यो संघीय ऐनका विधेयकहरू निजामती ऐन, प्रहरी ऐन र दलित ऐन टीआरसी ऐन र शिक्षा ऐन छिटोभन्दा छिटो सरकारले ल्याओस् र यो विधेयक session मा छलफल होस् भन्ने आग्रहका साथ अनुरोध गर्न चाहन्छु । त्यसमा हाम्रो अहिले संविधानअनुसार ४० ओटा विधेयकहरू बन्न बाँकी छन् । यो ४० ओटामा जरुरी विधेयकहरू आओस् भन्ने कामना गर्न चाहन्छु ।

अध्यक्ष महोदय, हामीले राष्ट्रिय सभाले सुरुआत विधेयक, विधायिकी परीक्षण पनि सुरुआत गरेको छन् । र यो एउटा हाम्रो देशमा एउटा नयाँ सुरुआत हो । जुन ५ वर्षको अवधिमा हामीले मूल्याङ्कन गर्ने विधेयकहरूलाई। र यसले राष्ट्रिय सभाले ५ ओटा परीक्षण गरेका छन् र प्रतिनिधि सभाले २ ओटा परीक्षण गरेको छन् । यसले हाम्रो एउटा सुरुआत राम्रो भएको

छ । बजेटमा हामीले मानव सूचकाङ्कमा जो पछि परेका क्षेत्रहरू छन् । जहाँ पछि परेका समुदायहरू छन् । त्यसको लागि बजेट बनाउनुपर्छ । र हामीले यसपालिको बजेटमा राम्रोसँग हामीले ध्यान दिने हो र लक्षित वर्गको लागि पनि हामीले बजेट ल्याउने छौं भनेर सरकारसँग आग्रह गर्न चाहन्छु ।

अध्यक्ष महोदय, केही अब हाम्रा धेरै कुराहरू चर्चाहरू चले सदनमा । राष्ट्रिय सभाका माननीयज्यूहरू धेरै चर्चा परिचर्चा पनि गरे र खास गरेर हामी नेकपा पनि भएका थियौं । जति बेला हामी एउटै थियौं एमाले र माओवादी एकै रोस्टममा उभिइरहेका थिए । त्यति बेला हाम्रो सबै थोक राम्रो थियो । तर हामी विपक्षमा हुनेबित्तिकै हाम्रा साथीहरूले सरकारले कुनै पनि कामै गरेको छैन जस्तो एउटा भास पैदा हुनु यसले हामीले कुन उसमा विश्लेषण गर्ने हो? र यसलाई हामीले राम्रोसँग हामी सबै जना सहकार्य गरेर जाँदा अझै राम्रो हुन्छ कि जुन हामीले हेरिरा' छौं कि  अहिलेको जुन व्यवस्था छ व्यवस्थामाथि नै प्रश्न चिह्नहरू खडा गरिरहेका छन् । यो व्यवस्थालाई काम गर्नको लागि हामी सबै राजीतिक दलहरू शक्तिहरू जुन लोकतान्त्रिक गणतन्त्र ल्यायौं त्यो सबै जना हामीले मिलेर नै अगाडि बढ्नुपर्छ र बढ्ने अवस्था छ । अहिलेको सरकार चाहे सम्माननीय प्रधानमन्त्रीज्यूले सुशासन, समृद्धि र सामाजिक न्यायका जुन एउटा एजेन्डा लिएको छ । र यो एजेन्डा अगाडि बढेका छन् । त्यसलाई हामी सबै जनाले साथ र सहयोग दिनुपर्छ । तर काम गरे पनि राम्रोलाई राम्रो नभन्दिने र जतिखेर पनि संसदमा हामीलाई आलोचनाको एउटा यो क्यारे बिज रोपिराख्ने आलोचना नै गर्ने मेरो धर्म हो । नीति हो भन्ने सोच्ने यो पनि अलिकति कतिको जायज हो भनेर हामी मूल्याङ्कन गर्न सक्छौं ।

जस्तैः भुटानी शरणार्थीको प्रकरण भो', त्यस्तै गरी ललिता निवासको प्रकरण भो' या विमानस्थलबाट सुन प्रकरण भो' । तपाईंको जस्तै हामीलाई गृहमन्त्रालयबाट दैनिक तपाईंको लाखौं रुपैयाँको पैसा त्यतिकै तपाईंको त्यो सुराकीको नाममा बुझाउने गर्थ्यो । त्यसलाई रोक्ने कामहरू भयो । त्यस्तै यो सरकारको नागरिकता विधेयक ल्याएर पास गरियो । अनि यो कामहरू के कामै होइनन् त? यो सरकारले काम गरेको छैन त? यसलाई हामी के भन्ने मूल्याङ्कन गर्नु पर्दैन । त्यसकारण अहिले नेपाली जनताले मूल्याङ्कन गरिरहेको छ । र देशमा सरकारी जग्गाहरू व्यक्ति व्यक्ति मिलेर setting गरेर निजी बनाई कसरी अनियमितता गर्दा रहेछन् भन्ने कुराको अध्ययन गरेर व्यक्तिमाथि कडाभन्दा कडा कारबाही गरेर यस्तो प्रवृत्तिलाई परास्त गरियो । भूमाफियाको जालोहरू जुन  बुनिएका थिए, त्यसलाई नाश गरियोस् । देशको अर्थतन्त्रलाई सुधार गर्ने अवस्थामा छ । हामी जुन अवस्थामा अर्थतन्त्र थियो जुन तपाईंको कोरोनाको समयमा जुन अवस्था थियो अर्थतन्त्रको त्यो के अवस्था अहिले छ त? हामीले अहिले

पर्यटन आगमनमा remittance बाट अर्थतन्त्रहरू बढिरहेका छन् । विदेश लगानी उद्योग क्षेत्रमा तपाईंहरूको २७४ परियोजनामार्फत ३४ अर्ब ५८ करोड ५ लाख लगानी र १४ लाख ६ सय १३ नयाँ रोजगारी सिर्जना गर्ने एउटा सुनिश्चितता अवधारणा लिएका छौं । स्टार्टअप उद्यमकर्जा कोष कार्यविधि २०७९ स्वीकृति गरी कार्यान्वयनमा ल्याएको छ । जसबाट युवाहरूलाई व्यवस्थापन गर्न सहयोग पुग्छ । के यो राम्रो काम होइन त? त्यसकारणले हामी राम्रो कामलाई राम्रो त भनौं न । किनभने हामी यो एउटा यो विरोध परिभाषा लिएर पूर्वाग्राही जस्तो बस्नु उचित पनि हुँदैन ।

सन् २०२३ जनवरीदेखि हालसम्म गत वर्षको सोही अवधिभन्दा दोब्बरले पर्यटक सङ्ख्या वृद्धि भएको छ । ५ लाख पर्यटक नेपाल भ्रमण गरेको छ । जहिले पनि तपाईंको नेपाल विद्युत् प्राधिकरणबाट load shedding हरू भइरहेको थियो । Load shedding हरू यही सरकारले मुक्त गरेको छ । नेपाल आयल निगम जहिले पनि घाटामा गएको थियो । नेपाल आयल निगम नाफामा गा'को छ । वायु सेवा निगम घाटामा थियो । वायु सेवा नाफामा गा'को छ । के यो सरकारले काम‌ै गरेको छैन त? मिटरब्याजीलाई तपाईंको ५ हजारभन्दा बढी जग्गाहरू फिर्ता भा'को छ । के यो सरकारले काम‌ै गरेको छैन? यसलाई हामीले के काम भन्नुपर्दैन? कम्तीमा जुन गर्न सक्दैन त्यसमा त आलोचना त गरौं न, सुझाव त दिऊँ न । अनि सरकार हो हामीले यो काम गर्न सकेनौं तर काम गर्दागर्दै पनि हामीले विरोध गरिरहेका छौं ।

अध्यक्ष महोदय, जनताको बलिदानपूर्ण सङ्घर्ष फलस्वरूप संघीय लोकतान्त्रिक गणतन्त्र, संघीयता, धर्म निरपेक्षता, समानुपातिक तथा समावेशी शासन व्यवस्थासहितको संविधान हामी सबै मिलेर सफलतापूर्वक ल्याएका छौं । तर यो व्यवस्थामाथि जुन प्रहार भइरहेको छ अहिले पोखराबाट त कहिले झापाबाट, त कहिले काठमाडौंबाट नै यो आवाजहरू सुनिरा' छ यो के हो त? यो व्यवस्था हामी सबै मिलेर ल्याएको अनि फेरि के यो व्यवस्थालाई नाश गर्ने हो हामीले? यो व्यवस्थालाई बचाउनको लागि हामीले सबै मिलेर अगाडि बढ्न सक्दैनौं? आज हामी विपक्षमा छौं । भोलि त सत्तापक्षमा पनि आउन सक्नुहुन्छ नि । अनि त्यसपछि के हुने हो त? त्यसकारणले हामी यो व्यवस्थालाई कसरी बचाउने हो । र यो व्यवस्थालाई सबै जना हामीले मिलेर ल्याएको व्यवस्थालाई हामी कसरी अगाडि बढाउने हो भन्ने अगाडि बढ्नुपर्छ । संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्था ल्याउन थुप्रै हामी न्यायप्रेमी जनसमुदायहरूले बलिदान दियौं । यो २०५० वर्षको राजतन्त्र ढाल्नेर शासन व्यवस्था ल्यायौं । तर फेरि हामी यो व्यवस्थामाथि जुन प्रश्नहरू उठिरहेको छ । ययलाई हामीले सबै जना मिलेर परास्त गर्न जान्नुपर्छ । यो संघीय लोकतान्त्रिक गणतन्त्र शासन व्यवस्थाको आधार १० वर्षे युद्ध हो ।

०६२/०६३ को जनआन्दोलन हो । सार्वभौमसम्पन्न नेपाली जनता नै हो, विशेष रूपमा जनयुद्धको नेतृत्व गर्ने कम्रेड प्रचण्ड परिवर्तनकारी न्याय प्रेमी, समाजसेवी, राजनीतिक, सांस्कृतिक रूपमा पछाडि परेका जनसमुदायहरू नै हो ।

अन्तमा मैले के भन्न चाहन्छु भने अध्यक्षज्यू हामीले पटक पटक पनि यही केपी ओलीको सरकारबाट संसद विघटन भएको थियो के यो राम्रो हो? यसलाई हामीले आत्मालोचना गर्दै हामी सबै जना मिलेर अगाडि बढौं भन्दै यति भन्दै म तपाईंहरूसँग बिदा लिन चाहन्छु । धन्यवाद ।

**(१२:३० बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म दिगो विकास तथा सुशासन समितिका माननीय सभापति प्रकाश पन्थलाई दिगो विकास तथा सुशासन समितिको वार्षिक प्रतिवेदन २०७८/८० सभासमक्ष पेस गर्न समय उपलब्ध गराउछु ।

**(१२:३१ बजे)** **<u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, दिगो विकास तथा सुशासन समितिको आर्थिक वर्ष ०७९/८० को चाहिँ वार्षिक प्रतिवेदन म यहाँ प्रस्तुत गर्न उपस्थित भइरहेको छु । नेपालको यो संविधानले चाहिँ धारा ८३ को प्रावधानअनुसार राष्ट्रिय सभाले संघीय कानुनबमोजिम समिति र गठन गर्ने व्यवस्था छ । सोहीबमोजिम चाहिँ हाम्रो नियमावलीको चाहिँ २०७५ को नियम १४७ अनुसार सरकारलाई राष्ट्रिय सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भए गरेका काम कारबाहीहरूको चाहिँ अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन र राय सुझाव दिनको लागि चाहिँ यो दिगो विकास तथा सुशासन समिति गठन भएको थियो । नेपाल सरकारले अख्तियार गरेको दिगो तथा सन्तुलित विकास र सुशासन प्रवर्द्धन सम्बन्धी विषय यो समितिको कार्यक्षेत्रभित्र चाहिँ रहेको छ । विभिन्न मन्त्रालय, निकाय र सोअन्तर्गतका दिगो विकास तथा सुशासनसम्बन्धी नीति, कार्यक्रम, योजना, बजेट स्रोत परिचालन एवं व्यवस्थापनसम्बन्धी क्रियाकलापहरूको जानकारी लिइ यथोचित निर्णय गर्ने कार्य पनि समितिको कार्यदिशभित्र रहेको छ । नेपालको समग्र दिगो विकासमा एउटा महत्वपूर्ण agenda का रूपमा रहेको दिगो विकास तथा लक्ष्यको कार्यान्वयन र यसको सार्थक विकासको, यसको चाहिँ लक्ष्यको कार्यान्वयन र सार्थक विकासको पूर्वसर्तको रूपमा रहेको सुशासनसम्बन्धी विषय, सुशासनको प्रत्याभूति गर्ने विषय चाहिँ, त्यो विषयमा समितिले निरन्तर क्रियाशील रहँदै आइरहेको छ । कसैलाई पनि पछाडि नछाड्ने, living no one behind भन्ने

दिगो विकासको मूल मर्मअनुरूप नै समितिले यसलाई नै अङ्गीकार गर्दै राजनीतिक, आर्थिक र सामाजिक, सांस्कृतिकरूपले पछाडि परेको वर्गहरूको उत्थान र विकासका लागि सामाजिक न्याय र समानताको लागि पनि यो समितिले आफ्ना कामकारवाहीहरू अगाडि बढाइरहेको छ । UN मा UN का member state हरू मध्ये संसदमा नै दिगो विकासको, दिगो विकास हेर्ने छुट्टै dedicated समिति भएको चाहिँ नेपाल एउटा मात्रै नमुना देश पनि हो । अरू देशहरूमा चाहिँ अरू अरू नाउँबाट भएपनि ठ्याक्कै दिगो विकास नै भएर चाहिँ त्यस्तो समिति नभएको हामीले चाहिँ अहिले सम्म फेला पार्न सकेनौं । यो हाम्रो नमुना र अरू विश्वले पनि हामीलाई त्यही तरिकाले हेरिरहेको कुराहरू हामीले यो बीचमा महसुस पनि गऱ्याछौं । र हामी यसको प्रचार प्रसार नै सोही अनुरूप हामीले अन्यत्र पनि हामीले गरेका छौं । सम्माननीय अध्यक्ष महोदय, दिगो विकास तथा सुशासन समितिले सञ्चालन गरेको यो वर्षका अन्तरक्रियात्मक, निरोधात्मक र उपचारात्मक यसैगरी प्रवर्द्धनात्मक, निर्देशनात्मक र सुधारात्मक र समन्वयात्मक कार्यबाट चाहिँ विभिन्न उपलब्धीहरू हामीहरूले हासिल गरेका छौं । समितिले गत वर्ष सबै विद्यालयहरूमा समयमै, पाठ्यपुस्तक समयमै उपलब्ध गराउने विषयमा, किसानहरूलाई समयमै मलको व्यवस्था गर्ने विषयमा, उखु किसानलाई अनुदान उपलब्ध गराउने विषयमा, bird flu कारण दिनुपर्ने क्षतिपूर्ति समयमै उपलब्ध गराउन, यसैगरी बाढी, पहिरो, भूकम्प जस्ता विपत्को उद्धार, राहत र व्यवस्थापनतर्फ सरकारको विशेष ध्यान आकर्षण गराउने कुरामा, चाडपर्वहरूमा यातायातको व्यवस्था, शान्ति, सुरक्षाको कुराहरू, बजार अनुगमन कुराहरूलाई र नागरिक सरोकारको विषयहरूलाई चाहिँ समयमै सरकारलाई त्यसतर्फ छलफल, परामर्श र सरकारलाई ध्यानाकर्षण गराउने र सरकारसित छलफल गर्ने र हामीले त्यसलाई जवाफदेही बनाउने प्रयत्नहरू हामीले विगतमा हामीले गरेका थियौं । दिगो विकास मैत्री कानुन निर्माण गर्ने कुरा, महिला, दलित, अपाङ्ग भएका व्यक्ति, लैङ्गिक अल्पसङ्ख्यक समुदाय लगायतका सबै नागरिकलाई विकासका मूल प्रवाहीकरणका लागि पनि समिति निरन्तर सक्रिय भए कार्य गरिरहेको छ । दिगो विकास लक्ष्यहरूको कार्यान्वयन गर्दाखेरि gender equality and social inclusion जसलाई हामी GESI भन्छौं। अब यसमा पनि अपाङ्गतालाई समेटेर gender equality, disability and Social inclusion GESI हैन GEDSI र नीति लागु गर्छ भने पर्छ भनेर हामीले सरकारलाई त्यो विषयमा सुझाइरहेको स्थितिहरू छ । संसदमा विधेयक प्रस्तुत गर्दाखेरि मनोसामाजिक दृष्टिले आपाङ्गता भएको व्यक्तिहरू उपर हुने विभेदजन्य शब्दहरूलाई हटाउने र त्यसलाई सम्मानजनक शब्दहरू प्रयोग गर्ने भन्ने तर्फबाट हामीले सम्बन्धित मन्त्रालयसित त्यो विषयमा छलफल, परामर्शहरू गरेका थियौं । दलित समुदायको विभेद र उत्पीडनको अन्त्य गरी सामाजिक, आर्थिक, राजनीतिक र असमानता, आर्थिक असमानताहरू सबै विषयमा चाहिँ समृद्धि र सामाजिक न्यायका

विषयहरूलाई सुनिश्चित गर्नेगरी राष्ट्रिय सभामा पारित भएको सङ्कल्प प्रस्तावमा पनि हामीले समितिले अलग्गै छलफल गरेर त्यस उपर कार्ययोजनाहरू बनाएर नेपाल सरकारलाई पनि हामीले प्रस्तुत, प्रस्तावहरू गरेका थियौं । अब सरकारी पोर्टलहरू, वेबसाइटहरू, सफ्टवेयर लगायत सञ्चार उपकरणको सुरक्षा मापदण्ड र त्यसको निर्देशिका ऐन, कानुन निर्माणमा त्यसलाई छुट्टै हेर्ने तरिकाले सूचना प्रविधि, cyber सुरक्षाको विषयलाई चाहिँ स्पष्ट तरिकाले हेर्नुपर्ने र भन्सार लगायत airport हरूमा पनि कहिले काही hacking हरू हुने कुरा कहिलेकाही बढ्दो मात्रामा थियो । त्यो सबै कुराहरूलाई हामीले चाहिँ थाहा पाएपछि रोक्ने र cyber अपराधलाई कम गर्ने र यसबाट हुने भ्रष्टाचार र यसबाट हुने अरू त्यसको दुरूपयोगका लागि पनि हामीले सरकारलाई त्यतिबेला समेत मन्त्रालयलाई बोलाएर आवश्यक छलफल, परामर्शहरू गरेको थियौं । र सबै सरकारी वेबसाइटहरू चाहिँ पहुँचयुक्त र अपाङ्गमैत्री पनि हुनुपर्ने, सबैले देख्न, पढ्न सक्नेगरी त्यो हुनुपर्ने । सबै सरकारी website एउटै format को हुनु पर्ने, सबै सरकारी apps हरू पनि एउटै format को हुनुपर्ने भन्ने कुरा पनि हामीले सञ्चार मन्त्रालयसित त्यो विषयमा छलफल र निर्देशनहरू गरेका थियौं । यसैगरी लामो समय देखि हामी लगातार शिक्षा लगायत थुप्रै विधेयकहरूमा हामीले लगातार सरकारलाई ध्यानाकर्षण गराउने, follow up गर्ने , त्यसलाई छिटो ल्याउँ भनेर लगातार छलफलहरू हामीले गर्‍यौं । संघीयता कार्यान्वयन गर्ने विषयहरू हुनसक्छ, अनि संविधान कार्यान्वयन गर्ने ऐनका विषयमा पनि सरकारलाई चाहिँ तीव्र गतिमा विधेयक ल्याउँने कुरामा चाहिँ लगातार छलफलहरू गरे पछाडि अहिले शिक्षा ऐन प्रतिनिधि सभामा छलफल भइरहेको स्थिति पनि छ । र यसैगरी हामीले यो सुर्ती जन्य पदार्थमा लगाउने कर त्यसलाई चाहिँ वृद्धि गर्नुपर्‍यो र त्यसबाट सङ्कलन भएको रकमलाई चाहिँ उपचार र जनसेवामा नै खर्च गर्ने गरी त्यसलाई चाहिँ आवश्यक प्रबन्ध मिलाउनको लागि पनि हामीले स्वास्थ्य मन्त्रालयसित हामीले त्यो विषयमा छलफल गरेका थियौं । स्वास्थ्य बीमाको झन्झटिलो प्रक्रियालाई हटाउने अस्पताल र स्वास्थ्य बीमा बीचको चाहिँ अलिकति समस्याहरू थियो, त्यसलाई अलिकति, त्यसलाई चाहिँ प्रभावकारी बनाउने कुरामा चाहिँ सेवाप्रवाहलाई चुस्तदुरुस्त बनाउने, सबैलाई स्वास्थ्य बिमाप्रति आकर्षित गराउने कुराहरूलाई पनि हामीले स्वास्थ्य मन्त्रालय र स्वास्थ्य बिमा बोर्डसित त्यस विषयमा पनि हामी छलफलहरू गर्‍यौं । सन्तुलित विकासको दृष्टिकोणले चाहिँ हाम्रो अवस्थाहरू सन्तोपजनक छैन । दिगो विकासको सत्र लक्ष्यहरूमै पनि बजेटदेखि नीति कार्यक्रमहरू त्यति सन्तुलित छैन । त्यहाँ भित्र गई नेपालको प्राथमिकता के हो भन्ने विषयमा हामी अझ पनि स्पष्ट हुन सकिरहेका छैन । बिना कोडिङ अहिले पनि एक तिहाई बजेट संघमा रहने, ३१% बजेटहरू चाहिँ बिना कोडिङ खर्च हुन्छ भने प्रदेशहरूमा पनि अहिलेसम्म ७९, ८०% सम्म बजेटहरू साठी, सत्तरी त धेरै प्रदेशहरूमा छ, यति सम्म बजेटहरू

चाहिँ विनाकोडिङ अवन्डामा राखेर खर्च गर्ने हामीले प्रदेशहरूमा पनि हामीले भेट्यौं । Zero coding बाट काम गर्ने प्रवृति बढिरहेको छ, यसतर्फ सरकारले समयमै ध्यान दिन आवश्यक छ । र विकास र बजेट पनि प्रादेशिक सन्तुलन पनि छैन। दिगो विकासका दृष्टिले पनि सन्तुलित छैन, प्रादेशिक हिसाबले पनि सन्तुलित छैन, हिमाल, पहाड, तराईको हिसाबले पनि सन्तुलित छैन, त्यति मात्र होइन यो अरू लैङ्गिक हिसाबले पनि सन्तुलित छैन, सामाजिक न्यायका दृष्टिकोणले पनि बजेटहरू सन्तुलित भएर आएन भन्ने कुरा parliament मा उठिरहेको छ र समितिमा त्यो विषयमा लगातार छलफलहरू भएकै छ र यो विषयहरू उठिरहेको छ । सरकार अब देखि हिउँदे अधिवेशन मै छलफल, केही बजेट छलफल गर्ने भन्या छ । यी कुराहरूमा चाहिँ अब यस विषयमा सरकारले गम्भीर भएर सोच्न चाहिँ आवश्यकता देखिएको छ सन्तुलित विकासका दृष्टिले । सुशासनका दृष्टिले पनि हामी सुशासन प्रवर्द्धन गर्ने कुराहरूमा हामी कमजोर नै छौं । अब सदाचार नीतिको आवश्यकता छ, समितिले त्यो कुरा ठहर पनि गऱ्या छ । सदाचार नीति छिटो ल्याउनुपर्ने कुरामा हामी सरकारलाई समयमै त्यो नीति ल्याइयोस् । सुशासन प्रवर्द्धनमा सदाचार नीति र अनि नियमनकारी निकायहरूलाई प्रभावकारी बनेको र सेवा प्रवाहमा प्रभावकारी बनाउने कुराहरूमा त्यसतर्फ अलिकति ध्यान दिन सक्यो भने सुशासन प्रवर्धन हुने, सेवा प्रभावकारी हुन्छ कि भन्ने कुराहरू छ । हामीले लगातार सुशासन, सदाचार नीति ल्याउनका लागि चाहिँ हामीले समिति मार्फत् पनि सरकारलाई ध्यानाकर्षण गरिरहेको स्थितिहरू छ । र हामीले सँगसँगै अहिले पछिल्लो पटक यो राष्ट्रिय योजना आयोगले सोह्रौं पञ्चवर्षीय योजना final, तर्जुमा गर्दैछ । त्यो विषयमा हामी लगातार यी सबै विषयहरू दिगो विकासको दृष्टिकोणबाट सुझावहरू पठाउने, छलफलहरू गर्ने, लैङ्गिक समानता र सामाजिक न्यायका दृष्टिकोणहरूबाट छलफलहरू गर्ने र सुशासन अनि यो सन्तुलित विकास र यी सबै दृष्टिकोणबाट चाहिँ हामीले चाहिँ सुशासन, सामाजिक न्याय र समृद्धिका दृष्टिकोणबाट राष्ट्रिय योजना आयोगसित बारम्बार धेरै वटा meeting हरू गरेर अलग, अलग विषयमा अलग, अलग छलफलहरू गरेर निरन्तर त्यसलाई राम्रो बनाउने कोसिस सुरु गरेको छौं । राष्ट्रिय योजना आयोगले अहिले त्यो विषयहरूमा राम्ररी ध्यान दिए भने आगामी पाँच वर्ष हामी सांसदहरूले, जनप्रतिनिधिहरूले धेरै कराइरहनु पर्दैन । अहिले नै त्यो विषयलाई राम्रो बनाई जानुपर्छ भने कुरामा लगातार छलफलहरू भइरहेकै छ । र समितिले विभिन्न निकाय एवं विषय विज्ञहरूसित लगातार छलफल गऱ्या छ, नागरिक समाजसित, अरू संघ, संस्थाहरूसित, civil society अनि अरू सरोकारवालासित निरन्तर छलफलहरू गरेर दिगो विकास लक्ष्य प्राप्त गर्ने कुरामा नेपाल सरकारलाई, सम्बन्धित निकायहरूलाई चाहिँ विशेष निगरानी गर्ने कुरा ध्यानाकर्षण गराउने कुरामा समन्वयात्मक रूपमा पनि यसले आफ्नो कामहरू गरिरहेको छ । Political ownership मा हामीले अलिकति कामहरू

गर्‍यौं । सबै पोलिटिकल पार्टीहरूले चाहिँ सुशासन भन्ने अनि यसरी भ्रष्टाचारका विरुद्ध काम गर्छु पनि भन्ने, समृद्धिका लागि पनि काम गर्छु भन्ने तर दिगो विकास लक्ष्यहरू हासिल गर्नुपर्छ, यसको लक्ष्यहरू पूरा गर्नुपर्छ भनेतर्फ एकदम कम थियो, त्यसलाई अहिले political party हरूले त्यसलाई पनि ownership लिएर आफ्ना घोषणा पत्रहरूमा लेख्नेदेखि लिएर र अरू थुप्रै तरिकाबाट political ownership पनि बढेको स्थिति चाहिँ अहिले छ । सम्माननीय अध्यक्ष महोदय, समितिले समग्र रूपमा दिगो विकास लक्ष्यको कार्यान्वयनको अवस्था छ महिना लगाएर हामीले एउटा study पनि गर्‍यौं । सबै प्रदेशहरूमा पुगेर, आधा दर्जन स्थानीय तहमा पनि पुगेर दिगो विकासको कार्यान्वयनको अवस्था के रहेको छ । यसको एउटा अध्ययन पनि गरेका छौं, त्यसको report हरू पनि समितिमा आउने छ, सरकारलाई जाने नै छ । त्यस्तो पनि थुप्रै कुराहरू सुधार गर्नुपर्ने कुराहरू छ । प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरूको पनि जनप्रतिनिधि सभा, राष्ट्रिय सभा भएको हुनाले यसलाई चाहिँ संघीयता कार्यान्वयनका विषयहरूमा विशेष हेर्नुपर्ने, जोडबल गर्नुपर्ने, यसलाई प्रभावकारी बनाउनु पर्ने कुरा हाम्रो आफैंमा छँदै छ र संविधानमा उल्लेखित तीनै तहको चाहिँ साझा अधिकारका सुचीहरूलाई चाहिँ अहिले बनाएर जानुपर्ने कुराहरूमा सभाले पनि विशेष ध्यान दिनुपर्ने र समितिहरूले पनि त्यसमा विशेष काम गर्नुपर्ने स्थितिहरू छ । र यो समितिका निर्णय, निर्देशनहरू सन्तोषजनक छैनन् । खाली अब सरकार संसदले पनि निर्देशन दिइरा' छ, समितिले पनि दिइर छ तर कार्यान्वयनको अवस्था एकदम कमजोर भएको हुनाले समितिले दिने निर्देशनहरूको चाहिँ कार्यान्वयन हुन आवश्यक छ । सरकारले त्यसलाई एकदम गम्भीरताका साथ लिन आवश्यक छ। अब के छ भन्दाखेरि अब राज्यका तीन बटा अङ्गहरू छ । सर्वोच्च अदालतले पनि आदेश दिन्छ, संसदले निर्देशन दिन्छ, अनि मन्त्री, प्रधानमन्त्रीहरूले पनि निर्देशन दिने । काम गर्ने को? भन्ने कुरा, काम गर्ने मान्छे थोरै, निर्देशन दिने निकाय धेरै भए भन्ने कुरा छ । त्यही भएर कार्यपालिकाले चाहिँ action मै जानुपर्‍यो, कामै गर्नुपर्‍यो। प्रधानमन्त्रीको हातमा पनि काम हुनुपर्‍यो, मन्त्रीको हातमा पनि काम नै हुनुपर्‍यो, सचिव, सहसचिव सबैको हातमा चाहिँ काम हुन आवश्यक छ भन्ने तर्फ बाट बहसहरू पनि उठेको छ । हामीले त्यसमा पनि ध्यान दिन आवश्यक छ । अनि त्यसमा समितिको कार्यालय निरन्तर अब यो मार्गदर्शन गर्नुहुने सम्मानीय अध्यक्षज्यू, माननीय उपाध्यक्षज्यूप्रति हार्दिक आभार व्यक्त गर्छु । उहाँहरू समितिकै बैठकमा आएर बसेर छलफलहरू पनि गर्नुहुन्छ, एकदम राम्रो छ । समितिका कार्यहरूलाई निरन्तर दत्तचित्त भई खटिने माननीय ज्यूहरू, अरू थुप्रै समितिका सभापतिज्यूहरू हामी त एकआपसमा अरू अरू समितिमा आउने जाने पनि राम्रो छ एउटा समिति, समिति बिचको सौहार्दता पनि छ । हामी एक अर्काकोमा जान्छौ, बस्छौं, छलफल गर्छौं । यस्तै अरू सबै समितिका सभापतिज्यूहरू, सबै

माननीयज्यूहरूलाई पनि हामी धन्यवाद दिन चाहन्छौं । समितिका महासचिवज्यू, सचिवज्यू, समितिका अरू सचिवालयका साथीहरू, नेपाल सरकारका मन्त्रीज्यूहरू, अरू विभिन्न विषय विज्ञहरू लगायत सबैका प्रति हामी एकदम धन्यवाद, आभार पनि व्यक्त गर्न चाहन्छौं । Media का साथीहरू, हामी जहिले पनि मिडियालाई सुशासन समिति पनि भएको हुनाले मिडियालाई जहिले पनि साथै राखेर, सँगसँगै राखेर सांसदहरू बस्ने ठाँउमा उनीहरूलाई पनि राखेर उनका पनि कुरा सुनेर हामी अगाडि बढ्ने कोसिस हामीहरूले गरेका छौं । हामी सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै, सम्मानननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले दिगो विकास तथा सुशासन समितिको यो वार्षिक प्रतिवेदन २०७९/८० सम्मानित सभासमक्ष पेस गर्न चाहन्छु । धन्यवाद ।

(१२:४२ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङलाई "सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१२:४३ बजे) **<u>माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ</u>**ः- सम्मानननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

(१२:४३ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले प्रस्तुत गर्नुभएको "सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । छलफलमा विधेयक र सोसम्बन्धी विधेयकका दफाहरू सैद्धान्तिक पक्षमा मात्र छलफल गर्न सकिने बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँदछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम ३ मिनेट भित्र अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय भगवती न्यौपाने ।

(१२:४४ बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, आज हामी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि सैद्धान्तिक छलफल गर्न लागिराखेका छौं । यो विधेयकको सबभन्दा पहिला यो हामी विभिन्न आयामबारे यो संशोधनका विभिन्न आयामबारे हामी छलफल गर्ने छौं । र त्यो दफावारको रूपमा चाहिँ छलफल गर्ने छौं । त्यसैले अहिले मैले केही कुरा मात्रै उठाउन चाहिराखेको छु । सबभन्दा पहिला यो विधेयकको नाम के बारेमा चाहिँ यो विधेयकको नामलाई correction गर्नुपर्छ । संशोधन विधेयकको नाममा नै गर्नुपर्छ भन्ने मेरो राय म राख्न चाहन्छु । किनभने यो सम्पत्ति शुद्धीकरण निवारण भनेर यो जति एउटा त सम्पत्ति शुद्धीकरण निवारण भनेर भन्या छ । यसले अर्थ पनि फरक अर्थ पनि लाग्ने सक्छ । सम्पत्ति शुद्धीकरणमा देखिएका समस्याहरूलाई निवारण गर्ने भन्ने अर्थमा चाहिँ यो विधेयकको नाम आउनुपर्छ भन्ने म राख्न चाहन्छु । यति लामो यति धेरै विषयहरू जोड्न आवश्यकता पनि छैन । यो विधेयकमा सम्पत्ति शुद्धीकरणसम्बन्धी ऐन भने हुन्छ भन्ने चाहिँ मलाई लाग्छ । म यो राख्न चाहन्छु । र अरू यो विषयमा चाहिँ यो विधेयकको बारेमा धेरै छलफलहरू बहसहरू भएका छन् । प्रतिनिधि सभामा पनि हामीले छलफल भएको त्यहाँ सुन्यौं । बुद्धिजीवीहरूले पनि आफ्ना ढङ्गले विभिन्न कुराहरू व्यक्त गर्नुभएको छ । हामीले सुनेका छौं । खास गरी चाहिँ यो विधेयकको चाहिँ एउटा विषय कस्तोलाई वैध मान्ने कस्तो सम्पत्तिलाई वैध मान्ने? कस्तोलाई अवैध मान्ने? कस्तोलाई सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुर मान्ने? कस्तोलाई नमान्ने भन्ने विषयमा बहस भइराखेको छ । खास गरी एउटा विषय चाहिँ भ्रष्टाचार गरेर या कुनै गलत काम गरेर सम्पत्ति आर्जन गरेको भन्ने पुष्टि नभएको त्यस्तो चाहिँ पुष्टि नभएको तर स्रोत खुलाउन पनि नसकेको त्यस्तोलाई वैध मान्ने, राज्यलाई tax तिरेपछि white money मान्ने भनेर जे कुरा भनिएको छ त्यो वास्तवमा सरकारको आशय के हो? सम्पत्ति खुलाउन नसक्ने आफूले आर्जन गरेको सम्पत्ति खुलाउन नसक्ने भन्ने के हुन्छ? यो यो यो स्रोतबाट सम्पत्ति मैले आर्जन गरेँ भनेर भन्न नसक्ने विषय के हुन्छ? त्यसैले यो विषयमा आशय के हो भनेर प्रष्ट हुन चाहिएको पनि छ । र अरू धेरै विषय चाहिँ हामीले संशोधनमा दफावार रूपमा छलफल गर्छौं । तर यो चाहिँ समितिमा पठाउनुपर्छ । समितिमा त्यहाँ in the depth एकदम गहिराइमा गएर छलफल गरिने छ । खास गरी अहिले विदेशमा बसेर यो एउटा आर्थिक अपराधी गतिविधि गर्ने ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय डाक्टर विमला राई पौडयाल ।

(१२:४७ बजे) **माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, पहिलो कुरा त यो विधेयकलाई स्वागत छ नै भन्नुपर्‍यो । प्रतिनिधि सभामा धेरै छलफल भएर आ' छ । तर interesting के भने यो विधेयक यसो सरसर्ती हेर्दाखेरि २० ओटा ऐन संशोधन गरेर एउटा विधेयक बन्या रहेछ के । २० ओटा ऐन संशोधन गरेर हामीले त २० ओटै ऐन हेर्नुपर्ने रहेछ ।त्यो पनि के के संशोधन भा' रहेछ भनेर बिचमा यसो हेरेको मैले कुनै कुनै त कुनै अधिकारीको qualification त्यो पहिला चाहिँ यसो एउटा अधिकारी राख्ने भनेको छ । त्यसलाई नै ३ वर्ष अनुभव भ'को ५ वर्ष भ'को भनेर त्यति थपेर पनि नयाँ चाहिँ ऐनको रूपमा क्यारे संशोधनको रूपमा आ'को रहेछ । मलाई बढो interesting लाग्या छ । यो चाहिँ किन यस्तो भा' हो? हामीसँग छुट्टै यो सम्पत्ति शुद्धीकरण निवारण ऐन आफैं पनि छ । यो व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी भनेर राखिएको छ । यो २/३ ओटा concept एकै ठाउँमा राखेर २० ओटा ऐन एकैचोटि संशोधन गरेर ल्याएको किन रहेछ यो चाहिँ मैले राम्रोसँग बुझ्न सक्या छैन । बरु सम्पत्ति शुद्धीकरण ऐनलाई नै अलि गतिलोसँग संशोधन गरेर ल्याएको भएदेखि हुन्थ्यो कि जस्तो मलाई लाग्छ त्यो एउटा ।

अर्को चाहिँ अघि नै माननीयज्यूले भनिसक्नुभा'को छ । डाँका हाल्ने, चोरी गर्ने, मार्ने जे जे गर्ने सम्पत्ति थुपार्ने अनि त्यसपछि चाहिँ यो सम्पत्ति कहाँबाट आ'को भन्दा भन्न नसक्ने अनि त्यसले tax तिरेर वैध बनाउने यो कुरा चाहिँ problematic छ । तर यो कुरामा हामी पछि छलफल गर्छौं । र विधायन व्यवस्थापन समितिमा पनि जाला यो छलफल होला जस्तो लाग्छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

(१२:४९ बजे) **माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ यहाँ राष्ट्रिय सभामा पेस भएको छ । हामी सैद्धान्तिक छलफलमा पनि छौं । म यो विधेयकको स्वागत गर्न चाहन्छु । छलफल गरिरहँदा यो अघि माननीयज्यूले उठाइरहनुभा'को छ । धेरै विधेयकहरू एकै ठाउँमा संशोधनमा ल्याएको छ यसले । अलिकति जटिलता पनि पैदा गरेको छ । अघि नामको

विषयमा पनि कुरा उठ्यो । हामी चाहिँ अलि प्रष्ट बनाउने स्पष्ट बनाउने कानुन निर्माण गरिरहँदा कानुन कार्यान्वयनको लागि सहजता होस् भन्ने कुरा एकातिर कानुनको अज्ञानता क्षम्य हुँदैन पनि भनिरहेका छौं । फेरि धेरै ऐनहरू चाहिँ एकै ठाउँमा गज्याङगुजुङ ल्याउँदा फेरि यसले अस्पष्टता पनि गरेको छ । अर्को कुरा यो सम्पत्ति शुद्धीकरणको कानुन निर्माण संशोधन गरिरहँदा अन्तर्राष्ट्रिय मान्यताअनुरूप बनाउन पनि ध्यान दिनुपर्छ होला यदि अन्तर्राष्ट्रिय मान्यता र प्रावधान पूरा भएन भने यसको प्रभावकारी कार्यान्वयनमा समस्या आउनतर्फ पनि ध्यान दिनुपर्छ जस्तो मलाई लाग्छ । त्यसो भा'को हुनाले यसलाई समितिमा लगेर आज समाजमा भ्रष्टाचार व्याप्त छ । यो कमाएको सम्पत्तिको वैध अवैध भन्ने कुरा चाहिँ हामी स्पष्ट भएर जान सकेनौं भने फेरि पनि समाजमा भ्रष्टीकरण बढ्ने अवस्था यथावत् रहन्छ । कानुन बनाएर मात्रै हुन्न कानुन कार्यान्वयन योग्य हुनुपर्छ । त्यसका लागि यसलाई समितिमा पठाएर दफावार छलफल गरेर अगाडि बढ्नु सुझाव राख्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय राधे श्याम पासवान ।

(१२:५० बजे) **<u>माननीय राधे श्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- "सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ मा हामी सैद्धान्तिक छलफलमा छौं । यो अलिकति अघि पनि कुरा उठ्यो अध्यक्षज्यू नाम अलि लामो छ । नामलाई मिलाउनुपर्छ । र यो १९ ओटा ऐनहरू संशोधन गरेर आएको छ । यो पहिला पनि संशोधन तपाईंको सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ सालमा पनि आ'को हो । र यसलाई संशोधन पहिलो संशोधन २०६८ सालमा भा'को हो । दोस्रो संशोधन २०७० सालमा भा'को हो । अनि केही ऐन संशोधन तपाईंको ०७२ मा पनि भा'को हो । र पछि तपाईंको २०७५ मा पनि भा'को छ र अहिले पनि हामी यो संशोधनको लागि पेस भएको छ । यसलाई विस्तृत रूपमा बैङ्किङ प्रविधि र व्यावसायिकको आधुनिक विश्वव्यापीसँग आर्थिक अपराधसमेत विश्वव्यापी रूपमा बढ्दो गएकोले यो ऐन प्रस्तुत गरेको छ । खास गरेर प्रविधिको विकासले एक देशमा बसी जुनसुकै देशमा अपराध गर्न सकिने भएकोले नेपालबाट विभिन्न तरिकाले पुँजी पलायन विप्रेषणलाई हुण्डीको माध्यमबाट विदेशमा रोक्ने राजस्व छल्ने । आर्थिक अपराध गर्ने जस्ता कार्यलाई न्यूनीकरण तथा नियन्त्रण गर्ने गैरकानुनी कार्यलाई कारबाही गर्ने

जस्ता हामीले यसमा बुझेका छौँ । त्यसकारण यो अब अलिकति विस्तृत छलफल गर्नको लागि समितिमा पठाएर छलफल गरौँ भन्ने लागेको छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय भैरव सुन्दर श्रेष्ठ ।

(१२:५२ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्षज्यू, हामी यो सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐन केही ऐनलाई संशोधन गर्ने विधेयकको सन्दर्भमा हामी छलफल गरिरहेका छौँ । र यो ऐनमा करिब करिब १९ ओटा ऐनहरूलाई यसमा समावेश गरेर ल्याइएको छ । र यति धेरै ऐन चाहिँ ल्याउँदा अलि यो आनुषङ्गिक विषयहरू मात्रै समेटेर ल्याएको भए निकै राम्रो हुन्थ्यो । तर भित्र गएर हेरिसकेपछि सम्पत्ति शुद्धीकरणसम्बन्धी उसमा चाहिँ जाँदाखेरि करिब ४९ ओटा दफाहरूलाई केन्द्रित गरेर ल्याइएको पाइयो यहाँ । जब कि त्यहाँ चाहिँ ..... कुराहरूलाई सारभूत कुराहरूलाई त्यसरी ल्याउन हुन्थेन । बरु नयाँ विधेयकको रूपमा यसलाई संशोधन गर्ने र नयाँ विधेयकको रूपमा ल्याउँदा राम्रो हुन्थ्यो । तर त्यसमा लेखेको कुराहरू सम्पत्ति शुद्धीकरण ऐनको दफा यो २८ मा लेखिएको कुराहरू कुनै पनि व्यक्तिले अपराध कर्म गरेर कमाएको सम्पत्ति प्रमाणित भएन र त्यसको स्रोत पनि खुलेन भने आयकर काटेर छाड्दिने प्रावधान राखिएको चाहिँ छ । यस्तो प्रावधानले हामी यो देशलाई कतातिर उन्मुख गराउन खोजिरहेका छौँ । भ्रष्टाचारसम्बन्धी धेरै कुरा उठेका छन् । सुशासनसम्बन्धी धेरै कुरा उठेका चाहिँ छन् । अवैध सम्पत्तिलाई वैध बनाउने गरी सरकारले यस्तो बाटो किन अवलम्बन गर्‍यो? यस्तो प्रावधान किन लिएर आयो भनेर हामीलाई चिन्ता लागिरहेको छ । सरकार सुशासनको कुरा गर्छ, अर्कोतिर यस्तो प्रावधान राखेर अवैध सम्पत्तिलाई वैध बनाउने कुरा कालो धनलाई सेतो बनाउने कुरा त्यस्तो स्रोतै जसको खुलेको चाहिँ छैन । जुन कुराको अब अपराध गरेर कमाएको सम्पत्ति राज्यले सिधै जफत गर्नुपर्ने सम्पत्ति हो भने त्यो सम्पत्तिको निश्चित आयकर चाहिँ सरकारलाई बुझाएर त्यो सम्पत्तिलाई वैध गर्ने कुराबाट हामी गयौँ भनेपछि यो समाजलाई हामी कता तिर लान सरकारले खोजिरहेको छ प्रष्ट हुन्छ । त्यसो हुँदाखेरि यो विधेयकका सन्दर्भमा समितिमा व्यापक छलफल हुनुपर्छ । म सम्माननीय अध्यक्षज्यूलाई यही कुरा जानकारी गराउन चाहन्छु । यस्तो कुरालाई सरकारले पनि अब माननीय मन्त्रीज्यू उपस्थित हुनुभ'को छ । यसको बारेमा प्रष्ट चाहिँ पार्न पर्‍यो । किन हामी यो बाटो अवलम्बन गर्यौं? र त्यस्तो सम्पत्तिलाई राज्यले कब्जा गर्नुपर्ने सम्पत्तिलाई पनि

वैध बनाउने बाटोतर्फ हामी ग'का चाहिँ छौं । यसले हाम्रो आर्थिक क्षेत्रमा कस्तो प्रभाव पार्छ । यसले राजनीतिक क्षेत्रमा कस्तो प्रभाव पार्छ यसले सामाजिक क्षेत्रमा कस्तो प्रभाव पार्छ? भन्नेतर्फ पनि एकमुष्ट जवाफ आओस् भन्ने कुरा राख्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय तुलसा कुमारी दाहाल ।

(१२:५४ बजे) **माननीय तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न विधेयक, २०७९ को सैद्धान्तिक पक्षको छलफलमा हामी छौं र प्रतिनिधि सभाबाट प्रतिवेदनसहित आएको छ । नेपाल सरकारले अन्तर्राष्ट्रिय मापदण्ड कानुनबमोजिम सम्पत्ति शुद्धीकरण र व्यावसायिक वातावरण प्रवर्धन गर्नको लागि विद्यमान १९ ओटा ऐनको केही प्रावधानहरू र दफाहरू संशोधन गर्न खोजेको छ । यो ऐन बनेपछि अन्तर्राष्ट्रिय कानुन मापदण्डअनुरूप एकाकार हुने र कसुरउपर छानबिन गर्न कारबाही गर्न करको दायरामा ल्याउन दण्ड सजाय तोक्न र कसुर निवारण गर्न व्यावसायिक संस्था र व्यक्तिको पहिचान गराई व्यावसायिक वातावरणमा सजगता ल्याउने भनेको छ । तर मालपोत ऐन, २०३४ मा इजाजत दिने अधिकारीको मौखिक आदेशको पालना गर्नुपर्ने विषयमा व्यक्तिको monopoly हुने, स्वेच्छाचारी हुने सम्भावना देखिन्छ । मौखिक आदेश होइन । विधेयकमा नै व्यवस्था गरेर जानुपर्छ । सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धन स्रोत नखुलेको सम्पत्ति जफत गर्ने विषयमा कुन प्रक्रियाबाट कसरी जफत हुन्छ भन्ने सम्बन्धमा चाहिँ स्पष्ट छैन । र विधेयकमा प्रावधान राखिएको पनि छैन र यसमा चलखेल हुन सक्ने व्यक्तिको monopoly हुन सक्ने सम्भावना भएको छ । यसमा चाहिँ रोकिनुपर्छ । मुद्दा चलाउन सक्ने अवस्था नदेखिएकोमा अभिलेख राखी कर निर्धारण गर्ने असुली गर्नको लागि आन्तरिक राजस्व कार्यालयमा पत्र लेखी पठाउने अधिकतम कर असुली गर्ने विषयमा एकआपसमा बाझिएको छ र दोहोरोपन पनि देखिन्छ यसमा । त्यसै गरी मुलुकभित्र वा बाहिर गैरकानुनी रूपमा बेचबिखन गर्ने ओसारपसार गर्ने देशभित्र वा बाहिर जहाँ भए पनि कानुनी दायरामा ल्याउनुपर्दछ । कुनै पनि नेपाली नागरिकलाई झुक्याई प्रलोभनमा पारी किन्ने बेच्ने उद्देश्यले गरिने कार्यलाई दण्डनीय गराउनुपर्छ । यो चाहिँ यसमा उल्लेख छैन ।

क्यासिनो सञ्चालनसम्बन्धी प्रावधानमा राखिएका अमूर्त शब्दहरू हटाइनुपर्छ । क्यासिनो सञ्चालनसम्बन्धी प्रक्रियामा लिने इजाजतपत्रको शुल्क दस्तुर निर्धारण जस्ता सारवान विषय मूल

ऐनमा नै राखेर जानुपर्छ । र प्रत्यायोजित विधायनको हिसाबले पनि पुनः अधिकार प्रत्यायोजित भएको देखिन्छ । यस विधेयकको १९ ओटा विद्यमान ऐनका केही अंश र दफाहरू मात्रै सच्याउन र प्रवर्धन गर्न खोजिएको देखिन्छ । हुन सक्छ राज्यलाई आर्थिक भार कम पर्ने हिसाबले यति धेरै ऐनहरूलाई एकै ठाउँमा एकदम जञ्जालको रूपमा ल्याइएको छ । संविधानको कार्यान्वयन ऐन मापनको हिसाबले पनि यो उपयुक्त देखिँदैन । तसर्थ सरकारको ध्यान जागरुकता र संविधानको मर्मअनुसार हुनुपर्छ । यसै गरी एकैचोटि मिसाएर ल्याउँदाखेरि अलमल हुन सक्ने र कानुनले दायराभित्र ती अपराधी व्यक्तिहरूले आउन नसक्ने सम्भावना देखिन्छ । हस् धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय रामचन्द्र राई ।

**(१२:५७ बजे) <u>माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, यो विधेयकमा धेरैओटा कुराहरू जोडेर आ'को छ । मैले यो धेरैओटा कुराहरू जोडेर आइसकेपछि यो संशोधन विधेयक हेर्ने प्रयत्न गरेँ, हेर्दा दफा २८ मा पहिला व्यवस्था रहेछ सम्पत्तिको स्रोत प्रमाणित गर्नुपर्ने । प्रमाणित नभए प्रमाणित नभएको सम्पत्ति जफत हुने भनेर लेख्या रहेछ । यसलाई संशोधन गर्दा त्यो जफत भएको सम्पत्तिको एउटा हिस्सा रकम जरिबानाबापत उसलाई दण्डित गर्ने भन्यो भने सकिनेमा त्यसो नगरीकन के गऱ्यो भने सम्पत्ति स्रोत खुलाउन पर्ने सम्पत्तिको स्रोत खुलाउन सकिएन भने नसकेको पैसाको कर दिएर छोड्दिने उलाई चाहिँ वैध गर्दिने । सम्पत्तिको स्रोत कहाँ खुल्दैन? नीतिगत भ्रष्टाचार गर्दा खुल्दैन, भ्रष्टाचार गर्दा खुल्दैन । नीतिगत निर्णयबाट भ्रष्टाचार गर्दा खुल्दैन । भ्रष्टाचार गर्दा खुल्दैन । सेटिङबाट गर्दा खुल्दैन, बिचौलियाको कामबाट आउँदा खुल्दैन । यस्तै आपराधिक गतिविधि गर्दा खुल्दैन । के यो संशोधनले ती आपराधिक क्रियाकलापहरूलाई कामहरूलाई वैधानिकता दिने र आर्थिक अराजकता सिर्जना गर्ने अर्थतन्त्रमा एउटा अपराध आर्थिक अपराध स्थापित गरेर जान खोजेको हो? मैले सम्झेँ अलि अगाडि अर्कै पालामा सम्पत्ति स्वघोषणा गरेपछि उसको घोषणा गरेको सम्पत्तिमा certain percent कर तिरेपछि उसको सम्पत्ति चाहिँ वैध हुने भनेर आर्थिक अपराध सुरु भएको थियो । त्यो अपराधलाई अझ बढी संस्थागत गर्नलाई यो घ्याच्याङ म्याच्याङ पारेर ऐनमा लिएर आएर अहिले चाहिँ यो आर्थिक अराजकता, आर्थिक अनुशासन भङ्ग गर्ने काम गर्ने गरी यो आ'को छ । यसमा थप आर्को कुरा पनि आ'को छ कि आन्तरिक राजस्व कार्यालयको अधिकारीलाई कर निर्धारण गर्ने अधिकार पनि उसैलाई दिने उसैले सबै कुरा

टुङ्गो लाउने भनेर गरेको छ । यसलाई सच्याउनुपर्छ । यसलाई सुधार्नुपर्छ ।यो खालको आर्थिक अराजकता आउने खालको संशोधन खारेजयोग्य छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय देवेन्द्र दाहाल ।

**(१२:५९ बजे) <u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, यो सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक यहाँ आ'को छ । मैले यसको अगाडि पनि उठाएको विषय यहाँ माननीयज्यूहरूले पनि उठाइसक्नुभएको छ । बरु एकैचोटि धेरैओटा विषय एउटा एउटा बुँदामा चाहिँ संशोधन गर्नु छ भने त्यसलाई fast track बाट ल्याउन सकिन्छ । तर एउटै ऐनमा चाहिँ गोलमटोल गरेर ल्याउने कुरा चाहिँ बेठिक हो भनेर मैले यस अगाडि पनि उठाएको थिएँ । त्यो विषयमा म अहिले पनि त्यो विषय उठाउन चाहन्छु । अब यहाँ आएको छ । आएको कुराहरूमा चाहिँ यहाँ विधेयकको दफा ५ मा पर्यटन ऐन, २०३५ मा संशोधन भन्ने विषय रहेछ । र यो ४५(ज) मा क्यासिनोको इजाजतपत्र दिने व्यवस्था रहेछ । र यसमा एकभन्दा बढी क्यासिनो एउटा कम्पनीले सञ्चालन गर्न नपाउने व्यवस्था नयाँ गरेको रहेछ । एकभन्दा बढी सञ्चालन गरिरहेको रहेछ भने कम्पनीलाई अलग कम्पनी खोल्न दिइने भनेर भनेको रहेछ । तर यो चाहिँ समय अवधि चाहिँ धेरै छ । बढी भयो । २०८३ सालसम्म भनेर भनेको रहेछ त्यो हुँदा दुई वर्षभन्दा नि बढी हुन्छ । एउटा नयाँ कम्पनी खोल्नको लागि दुई वर्ष किन चाहियो? त्यसले गर्दा एक वर्ष नै काफी हुन्छ १ वर्षभन्दा अझै कम मात्रै दिनुपर्छ भन्ने लाग्छ ।

अर्को क्यासिनो नवीकरणको सन्दर्भमा क्यासिनो नवीकरण गर्नु अगावै बुझाउनुपर्ने सबै बक्यौता बुझाउनुपर्ने भन्ने व्यवस्था रहेछ । तर यो संशोधनमा चाहिँ यो दफा प्रारम्भ भएको मितिले ३ वर्ष भनेको रहेछ । त्यसले गर्दा ३ वर्षको अवधि चाहिँ किन दिइएको हो? यसको justification चाहिँ मन्त्रीज्यूले गर्नुपर्छ भन्ने मलाई लाग्छ अथवा सम्बन्धित पक्षले गर्नुपर्छ भन्ने लाग्छ मलाई । अब यो सम्पत्ति शुद्धीकरणसम्बन्धी जुन ऐन छ यसमा अघि नै कुरा उठिसकेको छ । म त्यसलाई धेरै लामो दोहोऱ्याउन चाहन्नँ । विधेयकको ७ नम्बरमा संशोधन छ । कुनै सम्पत्ति करसम्बन्धी कसुर गरेको नपाइएमा कुनै अपराधबाट कमाएको देखिएन, मैले कुनै अपराधबाट कमाएको होइन भनेर स्वघोषणा गर्दा आयकर काटेर छुट दिने व्यवस्था कसरी आयो? यो कस्तो सम्पत्ति हुन्छ? जुन आकाशबाट खस्छ त्यो सम्पत्ति? कहाँबाट आउँछ यो? यो

सरासर कालो धनलाई सेतो बनाउने गरी आएको होइन र? भन्ने मलाई लाग्छ । यति भन्दै म आफ्नो भनाइलाई अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

(१३:०२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, "सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१३:०२ बजे) **माननीय श्री धनराज गुरुङ (कानुन, न्याय तथा संसदीय मामिला मन्त्री)**:- सम्माननीय अध्यक्ष महोदय, सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण तथा व्यवसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक माथिको छलफलमा भाग लिई महत्वपूर्ण विचार व्यक्त गर्नुहुने माननीय सदस्यहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी कानुनमा सुधार तथा विधेयक निर्माणको प्रक्रिया सम्वत् २०७६ साल कार्तिक महिनाबाट नै सुरु गरिएको हो । सोसम्बन्धी कानुनी सुधारको लागि नेपाल सरकारले सम्वत् २०७९ भदौमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक संघीय संसदको प्रतिनिधि सभामा पेश गरेकोमा, सो सभाबाट पारित भई राष्ट्रिय सभामा विचाराधीन रहेको अवस्थामा प्रतिनिधिसभाको कार्यकाल समाप्त भएको कारण उक्त विधेयक निष्कृय भएको थियो । अघिल्लो संसदमा पेश भई प्रतिनिधि सभाको कार्यकाल समाप्त भएको कारण निष्कृय भएको उक्त विधेयकमा समावेश भएका विषयमा पारस्परिक मूल्याङ्कन समिति, राष्ट्रिय समन्वय समिति, राष्ट्रिय पुनरावलोकन परिषद् तथा मन्त्रीपरिषद्को बैठक समेतबाट विभिन्न चरणमा गरिएको छलफलबाट परिमार्जन गरी पूर्ण प्रस्तुत विधेयक प्रतिनिधि सभाबाट संशोधन सहित पारित भई सम्मानित सदनमा पेश भएको छ । सम्पत्ति शुद्धीकरण निवारण प्रणालीका सम्बन्धमा नेपालको तेस्रो पारस्परिक मूल्याङ्कन सम्पन्न भई प्रतिवेदन सार्वजनिक भइसकेको अवस्था छ । प्रतिवेदनले आर्थिक अपराध नियन्त्रणमा नेपालको कानुन न्यूनतम अन्तर्राष्ट्रिय मान्यता बमोजिमको बनाउन प्रस्तुत विधेयकलाई ऐनको रूपमा जारी गर्नुपर्ने भनी व्याख्या मुख्य रूपमा औँल्याएको छ । सो सन्दर्भमा नेपालको पारस्परिक मूल्याङ्कन हुनुभन्दा अगावै यो विधेयक पारित गरी कार्यान्वयनमा ल्याउन सकेको भए नेपालको मूल्याङ्कनको

प्रतिवेदनको प्रगति अवस्था तात्विक रूपमा सुधार भएको अवस्था देखिने थियो । यद्यपि प्रस्तुत विधेयकलाई यथाशीघ्र अगाडि बढाई कार्यान्वयनमा लैजानाले एकातर्फ मुलुकमा देखापरेका गम्भीर प्रकृतिका आर्थिक अपराध सहजै नियन्त्रण गर्न सकिने र सोही आधारमा अन्तर्राष्ट्रिय अनुगमनमा पर्नबाट बच्न सक्ने बेहोरा सम्माननीय अध्यक्षमार्फत माननीय सदस्यहरूमा अनुरोध गर्न चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, आर्थिक अपराध नियन्त्रण लामो समयदेखि नेपालको प्रमुख चासोको विषयको रूपमा रहँदै आएको छ । जटिल र गम्भीर प्रवृत्तिका आन्तरिक वा सीमापार आर्थिक अपराधको नियन्त्रणले मात्र राज्यलाई सही ढङ्गले अघि बढाउन सक्ने हामी सबैले महसुस गरेका छौं । यो महसुस विश्वको प्रत्येक मुलुकलाई भएको र सबै मिली यस्ता अपराध विरुद्ध लड्नु आजको टड्कारो आवश्यकता भएको छ । आर्थिक तथा वित्तीय अपराध विरुद्ध राज्यको कठोर नीति तथा कानुन हुनुपर्ने र ती नीति तथा कानुनको सबल कार्यान्वयनले आम सर्वसाधारणको राज्यप्रतिको विश्वास विश्वासमा योगदान दिने मात्र नभई मुलुकप्रति विश्वकै विश्वासमा थप रूपमा टेवा पुऱ्याउँदछ । नेपालको विकासको लागि विदेशी लगानी जति महत्त्वपूर्ण छ, त्यति नै आर्थिक तथा वित्तीय अपराध नियन्त्रणमा मुलुकको भूमिका र व्यावसायिक वातावरण निर्माणमा अपेक्षित हुन्छ । व्यावसायिक वातावरणको निर्माण र वित्तीय अपराधको नियन्त्रणलाई विश्वको सफल मुलुकहरूले एक अर्काको पूरकको रूपमा लिएको र सो सफल भएको हामी सबै सामु तथ्य मौजुद छ । यसै सन्दर्भलाई मध्यनजर गरी मुलुकको आर्थिक तथा वित्तीय प्रणालीको स्थायित्व कायम गर्न व्यावसायिक वातावरण प्रवर्धन गरी मुलुकमा वित्तीय पारदर्शिता लगानीयोग्य वातावरण र सुशासन कायम गर्न थप सहयोग पुऱ्याउने उद्देश्यले नेपाल सरकारले प्रस्तुत विधेयक यस सम्मानित सदन समक्ष पेश गरेको हो । सम्माननीय अध्यक्ष महोदय, प्रस्तुत विधेयकले हुन्डी, crypto currency , मानव तस्करी, आतङ्ककारी कार्य जस्ता कार्यलाई कसुर कायम गर्नेगरी प्रस्ताव गरेकोले त्यस्ता कसुरबाट आर्जित सम्पत्ति विरुद्ध पनि सम्पत्ति शुद्धीकरणको कसुरमा समेत कारबाही हुने व्यवस्था गरेको छ । सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३, ५ र २८ बमोजिम राज्यका फरक फरक अनुसन्धान गर्ने निकायहरूले अनुसन्धान गर्दा समेत अपराध स्थापित गर्न नसकेको तर अस्वाभाविक सम्पति देखिएको सोको स्रोत खुलाउन सकिएको अवस्थामा करको दायरामा आउनै पर्ने अन्तर्राष्ट्रिय मान्यता बमोजिम अनुसन्धान गर्ने निकायहरूले मात्र आफै निर्णय नगरी आफुले गरेको अनुसन्धानको विस्तृत विवरण सम्पति शुद्धीकरण अनुसन्धान विभागमा पठाउने र सो विभागले थप छानविन गर्दा पनि कसुरबाट सम्पति आर्जन गरेको स्थापित गर्न नसकेको अवस्थामा आन्तरिक राजस्व विभागमा पठाउने व्यवस्था गरिएको छ । भ्रष्टाचार बाहेकको कसुरको सम्वन्धमा आन्तरिक राजस्व विभागले प्राप्त गरेको विवरण उपर छानविन गर्दा

राजस्व छली गरी वा नगरेको पूर्ण अनुसन्धान गर्नुपर्ने र त्यस्तो अनुसन्धानबाट पनि कुनै कसुर गरी सम्पत्ति आर्जन गरेको भन्ने नदेखिएमा तत्काललाई अधिकतम राजस्व असुल उपर गरी निजको विवरण सार्वजनिक गर्ने र भविष्यमा कुनै कसुर गरी सम्पत्ति आर्जन गरेको भन्ने कुनै पनि तरिकाले जानकारी  हुन आएमा प्रचतिल कानुन बमोजिम स्वत कसुर वा सम्पत्ति शुद्धीकरणको कसुरमा कारवाही हुने व्यवस्था प्रस्ताव गरिएको छ । सम्माननीय अध्यक्ष महोदय, casino व्यवसाय, पर्यटन, विदेशी मुद्रा आर्जनको हिसावले महत्वपुर्ण रहेको भएता पनि casino व्यवसाय आर्थिक अपराध खासगरी राजस्व अपचलन र सम्पत्ति शुद्धीकरणको दृष्टिकोणले विश्वमै जोखिम पूर्ण रहेको नेपाल सरकारले गरेको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी राष्ट्रिय जोखिम मूल्याङ्कनले casino व्यवसायलाई उच्च जोखिमपूर्ण क्षेत्रमा वर्गीकरण गरेको तथा क्यासिनोको स्थापना, सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी व्यवस्था हाल नियमावलीबाट भइरहेकोमा सो सम्बन्धमा ऐनमा नै व्यवस्था गर्न अति आवश्यक भएको छ। Casino को नियमन सम्बन्धी व्यवस्था नियमावलीमा राखी सञ्चालन गर्दा विषय, व्यवसाय, कारोबार जोखिम र अन्तर्राष्ट्रिय अभ्यासका दृष्टिकोणले उपयुक्त नहुने भएकोले पर्यटन ऐनमा क्यासिनो नियन्त्रण तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाउन आवश्यक कानुनी व्यवस्था प्रस्ताव गरिएको छ। सहकारी क्षेत्रलाई सुशासित बनाउन बचत तथा ऋणको सहकारी सञ्चालन मापदण्ड नेपाल राष्ट्र बैंकले निर्धारण गरे बमोजिम हुने र ठुला तथा जोखिम देखिएको सहकारीको सुपरिवेक्षण सहकारी विभागको अनुरोधमा नेपाल राष्ट्र बैंकले गर्ने व्यवस्था गरिएको छ। सम्माननीय अध्यक्ष महोदय, यस सन्दर्भमा यहाँ माननीय सदस्यज्यूहरूले सैद्वान्तिक छलफलमा  भाग लिने क्रममा आठ जना माननीय सदस्यज्यूहरूलाई आफ्नो धारणा राख्नुभएको छ । माननीय सदस्यज्यूहरू आफ्नो धारणा राख्नुभएकोमा फेरि पनि सम्माननीय अध्यक्ष महोदयमार्फत हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । माननीय भगवती न्यौपानेज्यूले यस सन्दर्भमा यो चाहिँ सम्पत्ति शुद्धीकरणमा देखिएको समस्याहरूको निवारणका सन्दर्भमा कसरी गर्ने भन्ने सन्दर्भमा उहाँले केही कुराहरू उठान गर्नुभएको विशेष गरेर आज दफाबार छलफल नभए तापनि उहाँले एउटा दफामा टेक्नु भएको जस्तो मलाई लाग्या छ। यो २८ नम्बर दफामा कस्तो सम्पत्तिलाई बैध मान्ने वा कस्तो सम्पत्तिलाई अवैध मान्ने? भने कुरा प्रति उहाँको चासो उहाँले चासो व्यक्त गर्नुभएको छ । र धेरै माननीय सदस्यज्यूहरूले यसै सन्दर्भमा पनि चासो व्यक्त गर्नुभएको छ । म निवेदन गर्न चाहन्छु अध्यक्ष महोदय मार्फत वास्तवमा मैले अघि नै भनिसकें कि अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम नै हामीले यो चाहिँ नि कुनै सम्पत्ति, कुनै व्यक्तिको सम्तत्तिको स्रोत खोल्न पनि सकेन, कसुर पनि देखिएन, अपराध गरेको पनि देखिएन भने अहिले त्यसलाई के गर्ने? भन्ने सन्दर्भमा अन्योलता नै छ।यस सन्दर्भमा कानुन बनाउनैपर्छ भन्ने कुरा अन्तर्राष्ट्रिय क्षेत्रबाट पनि नेपाल

सरकारमाथि, हामीमाथि बारम्बार दवाब आइरहेको कुरा त तपाईंलाई थाहा छँदै छ । त्यसकारणले गर्दाखेरि अहिलेसम्म हामीले सम्पत्तिको स्रोत पनि खुल्न सकेन, कस्तो सम्पत्तिको स्रोत खुल्दैन, कस्तो सम्पत्तिको स्रोत नखुल्ने भन्ने विषयहरू पनि यहाँ उठेका छन् । सम्माननीय अध्यक्ष महोदय, कि वास्तवमा हामीले कतिपय ठाउँमा, वास्तवमा कुनै किसानले आफ्नो काम गर्दै जाँदा उहाँले सुन्तला त बेच्नुहुन्छ, सुन्तला बेचेपछि कुनै ठेकेदारवालाले कुनै रसिद पनि दिएको हुँदैनन्, यति सुन्तला बेचेको कारणले गर्दा तपाईंको यति सम्पत्ति यो चाहिँ मैले दिएको छु भन्ने कुनै रसिद त्यहाँ हुँदैन । त्यस्तै गरेर चाहिँ नि यहाँ हाम्रो अहिलेको चलन त्यस्तै अवस्थामा रहेको छ । कसैले १ लाखमा दुहुने गाई बेचविखन गर्‍यो, त्योसँग कुनै त्यस्तो आम्दानीको खाता बाँधिएको हुँदैन । यस्तो थुप्रै कुराहरू हुन्छ र त्यस्ता कुरालाई अवैध मान्ने कि वैध मान्ने भन्ने कुरामा धेरै चर्चाहरू पनि चलिरहेको विगतमा छ । र यस सन्दर्भमा अन्तर्राष्ट्रिय क्षेत्रबाट पनि यस सन्दर्भमा के छ भनेर हामीले हेर्दै गर्दाखेरि तपाईंको यही छिमेकी राष्ट्र नजिकै भारतमा पनि यस्तै सम्पत्तिको स्रोत पनि खुलेन, अपराध पनि देखिएन भने त्यस्तो सन्दर्भमा ६० देखि ८० प्रतिशत सम्म पनि चाहिँ कर तिराएर, राज्यलाई कर तिराएर त्यसको चाहिँ नि सम्पत्ति वैध मान्ने पनि भएको चाहिँ चलन हाम्रै नजिकमा छ । त्यसकारणले गर्दाखेरि यी कुनै मान्छेसँग एक करोड छ भने ६० लाख वा ७० लाख वा ८० लाख राज्यको हुने भइसकेपछि २० लाख मात्रै त्यो व्यक्तिसँग बाँकी रहन्छ । त्यसकारणले गर्दाखेरि यो ढङ्गबाट अन्तर्राष्ट्रिय प्रचलन पनि रहिआएको कारणले गर्दाखेरि पनि माननीय सदस्यज्यूहरूसँग निवेदन गर्न चाहन्छु, कि वास्तवमा यो अन्तर्राष्ट्रिय, इन्टरनेसनल स्ट्यान्डर्डमै हामीले यो meet गर्ने गरेर बनाएका छौं । नत्र होइन भने grey zone मा परिहाल्छौं नि, हाम्रो त ताकेता गरिरहेको छ अहिले पनि धेरै ताकेता भइराख्या छ । किन कानुन छिटो बनाऊ, छिटो बनाऊ भनिराख्या छ । त्यसकारणले गर्दाखेरि यो कानुन बनाऊँदै गर्दाखेरि हामीले त्यो standard maintain गरेर चाहिँ प्रस्तुत गरेको र पनि अध्यक्ष महोदय मार्फत निवेदन गर्न चाहन्छु। त्यसकारणले गर्दाखेरि यो कुनै त्यस्तो गलत आशय, गलत नियतबाट यो चाहिँ नि कुरा उठाएको छैन मैले अघि नै भनिसकें कि चाहिँ international standard मा हामीले meet गर्ने गरेर नै अगाडि बढाएको कुरा पनि म निवेदन गर्न चाहन्छु । माननीय सदस्य बिमला राईज्यूले यहाँ चाहिँ नि यो विधेयकको सन्दर्भमा स्वागतै छ तर २०/२० ओटा, १९, २० ओटा ऐनहरू एकै ठाउँमा ल्याउँदाखेरी अलि गाह्रो भयो । यो चाहि छुटा-छुट्टै ल्याउँदाखेरि राम्रो हुन्थ्यो कि भन्ने कुरा राखुभएको छ । तथापि चाहिँ नि यो ऐनलाई ल्याउँदै गर्दाखेरि केही आनुषङ्गिक कुराहरू पनि परेका छन् भने केही चाहिँ नि हामीले ल्याउनैपर्ने किन चाहिँ नाम चाहिँ anti money laundering भनेर अथवा सम्पत्ति शुद्धीकरण निवारण तथा व्यवसायिक वातावरण प्रवर्धन भनेर लिएर आए तापनि यस सन्दर्भमा यही कुराको लागि

maintain गर्नको लागि जुन जुन ठाउँमा हामीले pinpoint गर्नुपर्थ्यो त्यो, त्यो ठाउँको चाहिँ हामीले ऐनहरू सुधारेर लैजानुपर्ने हुँदाखेरि खाली यसैमा मात्रै नभएर यसको सन्दर्भमा मैले अघिनै भनिसकेँ pinpointed जस्तै हुन्डी, क्रिप्टो करेन्सी देखि लिएर तपाईंको तपाईंको चाहिँ casino देखि लिएर, सहकारीदेखि लिएर हरेक क्षेत्र जहाँ जहाँ pinpoint भएको छ त्यही, त्यही चाहिँ विधेयकहरूलाई हामीले समृद्ध बनाउन खोजिरहेका छौं भनेर म निवेदन गर्न चाहन्छ ।माननीय सदस्य दिलकुमारी रावल थापाज्यूले पनि यो विधेयक स्वागत योग्य नै छ तथापि यसमा एकै ठाउँमा ल्याएको कुरा गर्नुभएको छ । मैले अघि नै यस सन्दर्भमा निवेदन गरिसकेँ, अहिले भर्खरै निवेदन गरिसकेँ र यो चाहिँ नि अन्तर्राष्ट्रिय मान्यता अनुरूप हुन आवश्यक छ भन्नुभएको छ। निश्चित रूपमा यो अन्तर्राष्ट्रिय मान्यता बमोजिम हामीले नबनाउने हो भने हामीले जुन कुरा ठाइरहेका छौं त्यसबाट फेरि हामी एक प्रकारले माथि उठ्न सक्दैनौं। त्यसकारणले गर्दाखेरि त्यसलाई अन्तर्राष्ट्रिय मापदण्डको बारे मैले अघि नै पनि निवेदन गरिसकेको छु। र उहाँले पनि बैध अवैधको कुरा गर्नुभएको थियो सम्पत्तिका सन्दर्भमा मैले निवेदन गरिसके यो चाहिँ नि यस सन्दर्भमा फेरि दोहोऱ्याइरहनु परेन । माननीय सदस्य राधेश्याम पासवानज्यूले चाहिँ नि नाम अलि लामो भयो भन्नुभएको छ । नाममा नै चाहिँ नि भन्दा पनि यसमा चाहिँ नि हामीले आवश्यक कुरा के हो भन्ने कुरालाई हामीले ध्यानमा दिएका छौं निवेदन गर्न चाहन्छु । उन्नाइस, उन्नाइस वोटा विधेयकहरू ऐनहरू संशोधन भएका छन् भन्ने कुरामा ध्यानाकर्षण गराउनु भएको छ। तथापि मैले अघिनै भनिसके यस सन्दर्भमा र त्यस्तै उहाँ माननीय सदस्य भैरव सुन्दर श्रेष्ठले यो चाहिने आनुषङ्गिक विषयहरू मात्रै समेटेर ल्याएको भए हुनेथ्यो भन्नुभएको छ आनुषङ्गिक विषयहरू मात्रै समेट्दाखेरि यो जुन हामीले जुन चाहिँ अब यो money laundering, anti money laundering का सन्दर्भमा चाहिँ नि international चासो छ, त्यसलाई meet गर्न सक्दैनौं। त्यसकारणले गर्दाखेरि पनि त्यो meet गर्नको लागि पनि सार तत्वहरू मै जानुपर्ने कुरा पनि म निवेदन गर्न चाहन्छु । त्यस्तै गरेर यहाँ उहाँले चाहिँ नि पनि त्यो कालो धनलाई सेतो बनाउन खोजियो भनेर यहाँ केही प्रसङ्ग उठाउन भएको छ ,म निवेदन गरिसकेको छु यो सन्दर्भमा । यो कुनै कसैको कालो धनलाई सेतो बनाउन खोजिएको हैन, म निवेदन गर्न चाहन्छु । त्यसकारणले गर्दाखेरि हामी राजनीतिकर्मीहरू, सभा अध्यक्ष महोदय, हरेक व्यक्ति, हरेक नेता हामी आफैं सदाचारको बाटोमा हिँड्यौं भने कहीं कतै कसैले कालो धनलाई सेतो बनाउन खोज्यो कि भनेर अन्तः हामीले आशङ्का गर्नुपर्दैन । हामी आफैं स्वच्छ, निष्ठाको राजनीतिमा हिँड्न आवश्यक छ, सदाचारको राजनीतिमा हिड्न आवश्यक छ, सदाचारको यात्रामा हिँड्न आवश्यक छ । हामी आफैं सदाचार प्रत्येक नेताहरू, प्रत्येक माननीय सदस्यहरू, प्रत्येक मन्त्रीहरू, प्रत्येक मुलुक चलाउने नेताहरू नै कोहीले आलो पालो त चलाइराख्या छौं।

त्यसकारणले गर्दा हामी सबै वास्तवमा यो सदाचारको यात्रामा चाहिने अगाडि बढ्ने आफु नै आफ्नो जीवन एउटा पारदर्शिताको रूपमा, एउटा खुल्ला किताबको रूपमा जनताको बिचमा हामीले राख्न सक्यौं भने कसैले कसैलाई आरोप प्रत्यारोप गरिरहनु आवश्यक हुन्न भन्ने कुरा पनि म निवेदन गर्न चाहन्छु। त्यस्तै गरेर अध्यक्ष महोदय, माननीय तुलसा कुमारी दाहालज्यूले पनि यो चाहिँ नि अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको सन्दर्भ उठाउनुभएछ । निश्चित रूपमा यो चाहिँ अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम नै यसलाई हामीले परिष्कृत गरेर लैजान खोजेको कुरा निवेदन गर्न चाहन्छु वा उहाँले पनि त्यही विषयमा चासो राख्नुभएको छ। स्रोत खुलेको नखुलेको सम्बन्ध यसमा धेरै confuse हुन आवश्यक छैन । अब मैले यति कुरा निवेदन गरिसकेपछि म निवेदन गर्न चाहन्छु, casino दर्ता शुल्क विधेयकमै राखिनुपर्छ भन्ने कुरा उठान गर्नुभएको छ । त्यस्तै चाहिँ यस सन्दर्भमा अर्को धेरै यसमा धेरै विधेयक यसमा उठाउनु भएको छ, गलत भयो भनेर पनि भन्नुभएको छ । यस सन्दर्भमा पनि म निवेदन गर्न चाहन्छु । यसमा मैले अघिनै मैले निवेदन गरिसकेको छु कि धेरै विधेयक चाहिँ नि एकै ठाउँमा राख्नुको तात्पर्यताको बारेमा अथवा चाहिँ नि यस सन्दर्भमा मैले निवेदन गरिसकेपछि फेरि भनिरहनु पर्छ भन्ने मलाई लाग्दैन । माननीय सदस्य रामचन्द्र राईज्यूले चाहिँ उहाँले पनि सम्पत्तिको स्रोतको सन्दर्भमै कुरा गर्नुभएको छ । यो चाहिँ मैले अघिनै प्रष्ट पारिसकेको छु । त्यसमा फेरि दोहोरियाउन चाहन्नँ । र त्यसपछि उहाँले यस सन्दर्भमा भ्रष्टाचारीबाट गरेको कुरा मात्रै खुल्दैन, सेटिङ गरेर गरेको कुरा मात्रै खुल्दैन, नीतिगत गरेको कुरा मात्रै खुल्दैन त्यो कुरा मलाई थाहा छैन । सम्माननीय अध्यक्ष महोदय, कुन कुन कसरी, कसले कहाँबाट चाहिँ सेटिङ गर्छ, किन भने म कहिलै सेटिङ नदेख्या मान्छेले अब कहाँ सेटिङ गर्छ? कसरी सेटिङ गर्छ? कसले सेटिङ गर्छ? मलाई के थाहा । त्यसैले आफुलाई थाहा नभएको कुरा मैले कसरी उत्तर दिने? त्यस्तो भएको कारणले गर्दाखेरि त्यस्ता विषय मेरो चाहिँनि मानस पटलमा आउनै सक्दैन । कहाँ कस्तो, कुनामा सेटिङ हुँदो रहेछ, कसले सेटिङ गर्दो रहेछ, कसरी सेटिङ गर्दो रहेछ, कसरी यो भ्रष्टाचार कसरी गर्दो रहेछ भन्ने कुरा तत् तत् सम्बन्धी नै जान्नुस्, भगवान नै जान्नुस् । त्यसकारणले गर्दाखेरि म यस सन्दर्भमा जान खोजिन । तर यस सन्दर्भमा मैले प्रष्ट पारिसकेको छु, के चाहिँ नि यस सन्दर्भमा फेरि दोहरियाउनु परेन । र चाहिँ आर्थिक अपराध गर्न खोजिएको हो? भने कुनै आर्थिक अपराध गर्न खोजिएको होइन । मैले अघि नै भनिसकें कि, हामी सबै सदाचारको बाटोमा हिँड्यौं भने व्याभिचारलाई त्याग्न सक्यौं भने यो कसैले कसैमाथि प्रश्न गर्न आवश्यक छैन, आरोप प्रत्यारोप गर्न आवश्यक छैन । माननीय सदस्य देवेन्द्र दाहालज्यूले यहाँ चाहिँनि आफ्नो विषय राख्ने क्रममा, चासो राख्ने क्रममा एउटै ऐनमा गोलमटोल गरेर धेरै विषय राख्नुभएको छ भने भन्नुभएको छ । यस विषयमा मैले फेरि दोहर्‍याइरहनु परेन । यो चाहिँनि,

यो अर्को उहाँले एउटा casino, यो एकभन्दा बढी casino एक व्यक्तिले खोल्न नपाउने गरेर ल्याएको तर खोल्न चाहेमा दुई वर्ष किन समय दिनु पऱ्यो, यत्रो चाहिँ समय दिन हुँदैन कि भन्ने कुरा गर्नुभएको छ । यस सन्दर्भमा म हुन त दफाबार छलफल आइरहने कुरा भयो तथापि म अध्यक्ष महोदय मार्फत निवेदन गर्न चाहन्छु कि वास्तवमा यो चाहिनि अहिले एउटै व्यक्तिले दुई, एउटा व्यक्तिले कम्पनी दर्ता गर्ने, एउटा दर्ता गरेपछि त्यसैको शाखाको रूपमा धेरै ठाउँमा धेरै ठाउँमा casino हरू चलाइरहेको अवस्था छ । दुईटा, तीनटा, चारवटा पनि चलाइरहेको अवस्था छ । त्यसकारणले गर्दा एउटा चाहिने एउटा व्यक्तिले एउटा कम्पनी दर्ता गर्छ । त्यसपछि उसले धेरै ठाउँमा casino सञ्चालन गरेपछि यसले चाहिँ नि कहाँ, कति चाहिँ आयकर उसले करहरू तिरिराख्या छ कि छैन? नतिरीकन पनि चलाइरहेको अवस्था छ । त्यसकारणले गर्दाखेरि अनि उसलाई मर्ज गरेर एउटै मात्र चलाउने हो भने त भइहाल्यो, अरू उसले नचलाउने हो भने । चलाउन मन छ भने यसले दुई वर्ष, कि तीन वर्ष भन्या छौं हामीले । कि त्यो समयभित्र उनले चाहिने आवश्यक कुरा पूरा गरेर चलाउन सक्ने प्रावधान राखिएको पनि निवेदन गर्न चाहन्छु । यो बक्यौता उठाउन यत्रो वर्ष किन लाग्छ र भनेर पनि भन्नुभएको छ । बक्यौता उठाउनै नसकेर यहाँ त के छ भन्दाखेरि कि casino खोल्ने सरकारलाई royalty नतिर्ने त्यसपछि royalty तिर्ने बेलमा भागेर हिँड्दिने चलन पनि रहेछ। तथापि यसलाई सबै ठाउँबाट कसेर, बाँधेर ल्याउन खोज्दाखेरि चाहिँ नि यो सन्दर्भहरू राखिएको कुरा निवेदन गर्न चाहन्छु । दाफा २८ को सन्दर्भमा मैले फेरि दोहोरियाउनु पर्दैन सम्मानीय अध्यक्ष महोदय । यति कुरा राखिसकेपछि मलाई लाग्दछ के चाहिँ नि वास्तवमा यसको अर्जेन्सीका बारेमा पनि माननीय सदस्यज्यूहरूले बुझ्नुभएकै छ भने मलाई लाग्दछ । मुलुकको हितका लागि हामीले यो विधेयक लिएर आएको कुरा मैले फेरि दोहऱ्याइरहनु परेन, यहाँहरू जानकार नै हुनुहुन्छ। र चाहिनि अघिनै भनिसके international क्षेत्रबाट पनि यसलाई चासोको साथ हेरिरहेको अवस्था छ। प्रत्येकपटक मूल्याङ्कन गरिरहेको अवस्था पनि छ । हामी मूल्याङ्कन, पुनः मूल्याङ्कनमा पनि परिरहेको अवस्था पनि निवेदन गर्न चाहन्छु । यति भनिसकेपछि मलाई लाग्दछ यसलाई अलिकति फास्ट ट्र्याक मा नै यो विधेयकलाई माननीय सदस्यज्यूहरूले चाहिँनि पारित गरिदिनु हुन्छ भन्ने मलाई विश्वास छ । यति विश्वासका साथ सम्माननीय अध्यक्ष महोदय, म आफ्नो कुरा टुङ्ग्याउन चाहन्छु । धन्यवाद ।

**(१३:२३ बजे) सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, "सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म "सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"माननीय सदस्यहरूले हात उठाएर हुन्छ भन्ने सहमति जनाउनुभएको" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, "सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, "सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभाअन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म माननीय शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री प्रमिला कुमारीलाई विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथि छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**(१३:२४ बजे) माननीय शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री श्री प्रमिला कुमारी**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

(१३:२५ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहितको "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब विधायन व्यवस्थापन समितिको प्रतिवेदन "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८०" माथि छलफल प्रारम्भ हुन्छ । छलफलमा समितिको प्रतिवेदन र सोसम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँछु । उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई तीन मिनेटभित्र उपलब्ध गराइदिनुहन अनुरोध गर्दछु । छलफलमा भाग लिनुहुने प्रत्येक माननीय सदस्यले तीन मिनेटको समय निर्धारण गरेको छु ।

माननीय मदन कुमारी शाह गरिमा ।

(१३:२६ बजे) <u>**माननीय श्री मदन कुमारी शाह (गरिमा) (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**</u>:- सम्माननीय अध्यक्षज्यू, शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय स्थापनासम्बन्धी विधेयक पारित हुन गइरहेको यस महत्त्वपूर्ण घडीमा म खुसी प्रकट गर्न चाहन्छु । साथै विश्वविद्यालय स्थापनाका लागि विभिन्न क्षेत्रबाट महत्वपूर्ण योगदान दिनुहुने सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय मुलुकको एक मात्र स्वास्थ्य विज्ञान विश्वविद्यालय हुने छ । यसले स्वास्थ्य क्षेत्रमा मुलुकको आवश्यकता पूरा गर्ने छ भन्ने विश्वास लिएको छु ।

हाम्रो मुलुकमा ५ लाखभन्दा बढी स्वास्थ्य जनशक्ति आवश्यक रहेको तर ३ लाखभन्दा बढी जनशक्ति तयार गर्न सक्ने आधार नरहेको चिकित्सा शिक्षा आयोगको रिपोर्ट छ । यस्तो अवस्थामा चिकित्सा शिक्षा विश्वविद्यालयको स्थापना आवश्यक रहेको र स्थापनापछि चिकित्सा

शिक्षाको गुणस्तरीय अध्ययन अध्यापन स्वदेशमै गर्न पाइने छ, सक्षम र प्रतिस्पर्धी शैक्षिक जनशक्ति उत्पादन हुने छ, स्वास्थ्य विज्ञान अध्ययनका लागि विदेशी विद्यार्थीहरूलाई भित्र्याउन सकिने छ, स्वास्थ्य सेवामा वृद्धि हुने छ, जनताले सहज, सुलभ र विशेषज्ञ सहितको गुणस्तरीय स्वास्थ्य सेवा पाउने छन्, रोजगारका अवसरहरू सिर्जना हुने छन्, सन्तुलित विकासको लक्ष्य प्राप्तिमा सहयोग पुग्ने छ, स्वास्थ्य विज्ञानको क्षेत्रमा अध्ययन अनुसन्धान र नवप्रवर्तनका माध्यमले मुलुकको समृद्धिमा योगदान पुग्ने छ । यस अर्थमा चिकित्सा शिक्षाको क्षेत्रमा यस विश्वविद्यालयको स्थापनाले क्रान्ति नै ल्याउने छ भन्ने मलाई लाग्दछ । मैले यो विश्वास पनि लिएको छु, सुदूरपश्चिम कैलाली जिल्लाको गोदावरी गेटामा ३३ वटा भौतिक संरचना निर्माण भइसकेका छन् । छिटोभन्दा छिटो यो विधेयक पारित गरेर शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा अध्ययन अध्यापन प्रारम्भ हुने छ भन्ने विश्वास लिएको छु । र आगामी नीति तथा कार्यक्रम तथा बजेटले यो सम्बोधन गरोस् भनी माग पनि गर्दछु ।

अन्त्यमा स्वास्थ्य विज्ञान विश्वविद्यालय सुदूरपश्चिम प्रदेशले deserve गर्छ भन्ने मान्यतालाई साकार गर्न कैलालीको गेटामा स्थापना गर्ने, निर्णय गर्ने सरकारलाई विशेष विशेष धन्यवाद दिन चाहन्छु । र यो विधेयकलाई समृद्ध गर्न विधायन व्यवस्थापन समितिमा संशोधन राखेर यसलाई अझै समृद्ध गर्नुहुने सम्पूर्ण माननीयज्यूहरू, समितिलगायत यो विश्वविद्यालय स्थापनामा लागि पर्नुहुने सम्पूर्णलाई पूर्ण धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय दिल कुमारी रावल थापा “पार्वती” ।

(१३:२९ बजे) **माननीय श्री दिल कुमारी रावल थापा “पार्वती” (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभामा उत्पत्ति भई विधायन व्यवस्थापन समितिमा व्यवस्थित र प्रभावकारी ढङ्गबाट छलफल भएको “शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८०” पारित गर्ने सभामा प्रस्तुत भएको छ । म स्वागत गर्न चाहन्छु । संशोधनको प्रक्रियाबाट प्रस्तुत विधेयकलाई समृद्ध बनाउन हामी सफल पनि भएका छौं । संघीय संसदबाट पारित भएपछि शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय नेपालको एक मात्र स्वास्थ्य विज्ञान विश्वविद्यालय हुने छ, म खुसी व्यक्त गर्न चाहन्छु । यसले नेपालको स्वास्थ्य क्षेत्रको जनशक्ति परिपूर्ति गर्न मद्दत पुग्ने छ, स्वरोजगार सिर्जना पनि हुने छ, स्वास्थ्य क्षेत्रका विविध सवालहरूको खोज, अध्ययन, अनुसन्धानमा सहयोग पुग्ने छ । यो विश्वविद्यालय राजधानीबाहिर सुदूरपश्चिम प्रदेशमा रहने व्यवस्थाले पनि सकारात्मक सन्देश गएको

छ । केही संरचना पनि बनिसकेको अवस्था पनि छ । यो विधेयक संघीय संसदबाट पारित गरी कार्यान्वयनमा ल्याउनका लागि म अनुरोध गर्न चाहन्छु, स्वागत गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय युवराज शर्मा ।

**(१३:३० बजे) <u>माननीय श्री युवराज शर्मा (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाबाट उत्पत्ति भएको यो सुदूरपश्चिममा आवश्यक मेडिकल कलेजको स्वागत गर्दछु । यसको उद्देश्य पनि ठिक छ । तर यो उद्देश्यसम्म पुग्ने मार्ग जुन छ, यसलाई स्वायत्त संस्थाको रूपमा अगाडि बढाउने भन्ने छ । तर मैले हेरिरहेको छु कि यहाँ यो सरकारको कतै लाचार छायाको रूपमा अगाडि बढ्छ कि भन्ने पनि मलाई डर भइरहेको छ ।

किन अर्को कुरा यो प्रधानमन्त्री कुलपति हुने व्यवस्था यहाँ राखेको छ । सहकुलपतिमा शिक्षा मन्त्रीलाई ..... के यो सहकुलपतिमा मुख्यमन्त्री भएको भए अलिकति संघीय अवधारणालाई बल पुग्थ्यो कि भन्ने पनि मलाई लागेको छ । यसको सङ्गठनात्मक संरचनामा कतै पनि अभिभावक र विद्यार्थीको प्रतिनिधित्व देखिएन । त्यो प्रतिनिधित्व भएको भए ठिक हुन्थ्यो कि? र यो पनि अहिले जस्तो त्रिभुवन विश्वविद्यालयमा जुन किसिमको एउटा राजनीतिकरण र दलीयकरण चलिरहेको छ, त्यस्तै यो विद्यालयको पनि गति नहोस् भन्नेतर्फमा चाहिँ सचेत गराउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सुरेश कुमार आलेमगर ।

**(१३:३१ बजे) <u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, निरङ्कुश जहानिया राणा शासनको विरुद्धमा आफ्नो प्राणको आहुति दिनुहुने आदरणीय शहीद दशरथ चन्दको नाममा नामाकरण गरेको यो विश्वविद्यालयको महत्त्व, यसको उपादेयता, यसको फाइदाहरूको बारेमा त माननीयज्यूहरूले प्रश्नको रूपमा राखिसक्नुभएको छ । र यो विधेयक, यो विधेयकको सन्दर्भमा हामीले छलफल गर्दाखेरि पनि प्रशस्त बृहत् छलफल गरेकै थियौं । त्यसैले ती धेरै कुराहरूलाई यहाँ दोहो-याइरहन मैले चाहिनँ । यतिबेला मात्रै म यहाँ के भन्नलाई उभिएको छु भने यो विश्वविद्यालय उत्पीडित क्षेत्रमा स्थापना भएको छ । आदरणीय सहीदको नाममा नामाकरण भएको छ । उत्पीडित क्षेत्र

सुदूरपश्चिममा स्थापना भएको छ । त्यसैले उत्पीडित क्षेत्रमा स्थापित यो विश्वविद्यालय कहीँ उत्पीडित नबनोस्, मेरो शङ्का त्यता छ । र सम्माननीय अध्यक्ष महोदयमार्फत यो ध्यानाकर्षण म गराउन चाहन्छु । उत्पीडित क्षेत्रमा स्थापना भएको विश्वविद्यालय फेरि उत्पीडनमा नपरोस् । किनकि म सधैं सधैं हरेक क्षेत्रको उत्पीडनका विरुद्धमा उभिएका मान्छे हुँ म । एउटा कुरा त्यो ।

अर्को चाहिँ हामीले यसको कुलपतिमा प्रधानमन्त्रीलाई नराख्ने भन्ने कुरा आएको थियो । हामीले जोडदार रूपमा कुलपति सम्माननीय प्रधानमन्त्रीज्यू रहनुपर्छ भन्ने कुरा चाहिँ गऱ्यौं, प्रधानमन्त्री रहनुपर्छ भन्ने कुरा गऱ्यौं । किनभने अरू विश्वविद्यालय जस्तो फेरि यो लाचार छाया अथवा लावारिसे बन्छ कि भन्ने चाहिँ हामीलाई डर थियो र अझै पनि छ । त्यतिबेलाको प्रधानमन्त्री त उत्पीडनका विरोधी हाम्रो पार्टीका आदरणीय अध्यक्ष .... प्रचण्ड हुनुहुन्छ र मलाई शङ्का छैन । तर सधैं सधैं उहाँ त प्रधानमन्त्री बन्नुहुन्न । को बन्छ? भन्ने चाहिँ त्यो थाहा छैन । त्यसैले जो जो बने तापनि त्यतातर्फ यो सरकार, नेपाल सरकारको ध्यान जाने छ र यो विश्वविद्यालय, प्रधानमन्त्री जो जो बने तापनि, अन्त उहाँहरूको व्यस्तता भए तापनि, उहाँहरूको स्वयत्त संयुक्त रहेता पनि यो विश्वविद्यालयलाई, यसको महत्वलाई, यो जहाँ स्थापना भएको छ, त्यो सबै कुरालाई मध्यनजर गर्दै जो जो प्रधानमन्त्री भए तापनि त्यता ध्यान दिइने छ भन्ने अपेक्षा गर्न चाहन्छु र त्यसको लागि अनुरोध पनि गर्न चाहन्छु । र यो विश्वविद्यालयलाई सबै क्षेत्रबाट सहयोग पुऱ्याएर एउटा उत्कृष्ट एउटा नम्बर वान विश्वविद्यालयको रूपमा स्थापना हुने छ भन्ने आशा गर्न चाहन्छु । र त्यसको लागि सबै सबैलाई, त्यसो गर्नका लागि हार्दिक अपिल पनि गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय कमला पन्त ।

**(१३:३३ बजे) <u>माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)</u>**:- धन्यवाद अध्यक्ष ज्यू । सम्माननीय अध्यक्ष महोदय, हामीले एउटा स्वास्थ्य विज्ञानसम्बन्धी विश्वविद्यालयको धारणा ल्याएका छौं । र यो पनि हाम्रो यहीं राष्ट्रिय सभाबाटै उत्पत्ति भएकोले हामीले त्यति धेरै कमेन्ट गर्नेतिर लाग्नुभन्दा पनि मलाई चाहिँ के भन्न मन लाग्यो भने यो साँच्चै यसको बोर्डको बारेमा चाहिँ अझ त्यो त अब हामी आफैंले उत्पत्ति गरेको विधेयक भा'कोले, यो Board of Trustee कै तर्फबाट काठमाडौं विश्वविद्यालय त्यतिबेला पनि धेरै छलफलमा आएको हो । र आउँदाखेरि त्यसले राम्रै रिजल्ट दिएको जस्तो लागेको छ, रिजल्ट राम्रै आएको छ । पूर्ववक्ता

माननीयज्यूहरूले भन्याझैं त्यतातिर हाम्रो सोच जाँदाखेरि राम्रै हुन्थ्यो कि जस्तो पनि लाग्छ । अब यो हामीले आफैंले उत्पत्ति गरेकोले यसलाई मैले अघि नै भनिसकें धेरै कमेन्ट गर्नेतिर नलागिकन र यो एकदमै एउटा महत्वपूर्ण व्यक्तिको एउटा सम्मानित व्यक्तिको नामबाट आएकोलाई यसलाई कसरी हुन्छ समानितै बनाउँदै लैजान पाएदेखि राम्रो हुन्थ्यो होला । र यसले पनि अरू विश्व विद्यालयले जस्तै दुर्भाग्य भोग्न नपरोस् भन्दै यो स्वागतयोग्य कामको स्वागत गर्न चाहन्छु । धन्यवाद ।

(१३:३४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, विधायन व्यवसथापन समितिको प्रतिवेदनसहित "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय शिक्षा, विज्ञान तथा प्रविधि राज्य मन्त्री प्रमिला कुमारीलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१३:३६ बजे) **माननीय शिक्षा, विज्ञान तथा प्रविधि राज्य मन्त्री श्री प्रमिला कुमारी**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम म विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८०" माथि छलफलमा भाग लिनुभएका सम्पूर्ण माननीय सांसद साथीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यहाँहरूले एकदम यस विधेयकलाई लगभग सबैले सकारात्मक दृष्टिकोणले नै लिनुभएको छ । त्यसको लागि म हार्दिक धन्यवाद दिन चाहन्छु ।

र यस विधेयकका केही विशेषताहरूलाई पनि कोट गर्न चाहन्छु । राजधानीबाहिर सुदूरपश्चिममा गुणस्तरीय स्वास्थ्य, शिक्षा र स्वास्थ्य सेवा सञ्चालनको लक्ष्य राखिएको छ, यस विधेयकमा । दक्ष स्वास्थ्य जनशक्ति विकासमार्फत राष्ट्रलाई सेवा पुऱ्याउने । सुदूरपश्चिममा पनि केन्द्रीय विश्वविद्यालय रहन सक्दछ भन्ने सन्देश दिएको २०७१ सालमा नै मेडिकल कलेज पूर्वाधार विकास समिति गठन भई संरचनाहरूको निर्माण भएको हुँदा तत्कालै विश्वविद्यालय सुरु गर्न सकिने अवस्थामा समेत रहेको । विधायन व्यवस्थापन समितिमा दफावार छलफलबाट विश्वविद्यालयलाई स्वायत्त, स्वशासित र संगठित संस्थाका रूपमा प्रबन्ध गरिएको । प्रधानमन्त्री कुलपति र शिक्षा मन्त्री सहकुलपति हुने प्रबन्ध गर्नुका साथै उपकुलपतिको पद रिक्त हुनुअगावै छनौट प्रक्रिया सुरु गरी विश्वविद्यालय पदाधिकारीविहिन नहुने अवस्थाको व्यवस्था गरिएको ।

यसमा एउटा माननीय साथीको जिज्ञासा थियो, मुख्यमन्त्रीलाई नै किन सहकुलपति नबनाएको? कुरा आयो । तर त्यहाँ धेरै नै छलफल भयो, यस सम्बन्धमा । पछि गएर विधायन व्यवस्थापन समितिका सम्पूर्ण साथीहरूले जुन कुरामा सहमति जनाउनुभयो, त्यो कुरा नै हामीले पनि स्वीकार्यौं र त्यो पास भयो । पहिलोपटकका लागि ऐन प्रारम्भ भएको ९० दिनभित्र उपकुलपति नियुक्त भइसक्नुपर्ने गरी व्यवस्था गरिएको । विश्वविद्यालय सभामा प्रधानमन्त्री र शिक्षा मन्त्रीका अतिरिक्त र प्रदेश सरकारको मुख्यमन्त्रीको समेत सहभागिताले प्रदेश तहमा समेत स्वामित्व हुने गरी कानुनी प्रबन्ध गर्न खोजिएको । विश्वविद्यालयअन्तर्गतका संयन्त्रहरूमा समावेशी सिद्धान्तका आधारमा पदाधिकारीको मनोनयन र नियुक्ति हुने व्यवस्था गरिएको । यहाँ समावेशीको सिद्धान्तको अर्थ फरक फरक समुदायका महिला र पुरुषलाई पनि हरेक संयन्त्रमा समावेश गराउनु नै हो । नियुक्त वा मनोनयन हुने पदाधिकारीको स्वार्थ बाझिने विषय भएमा त्यसको स्वघोषणा गरी निर्णय प्रक्रियाबाट अलग रहनुपर्ने किटानी प्रबन्ध गरिएको । विश्वविद्यालयको काम कारबाही र कार्यसम्पादनका सम्बन्धमा बाह्य मूल्याङ्कन गराउने गरी व्यवस्था गरिएको कुरा यस विधेयकमा राखिएको छ । र यस विधेयकमा लगभग सबै साथीले जुन आफ्नो सकारात्मक दृष्टिकोण राख्नुभएको छ, त्यो सराहनीय छ र त्यसको लागि म पुनः धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

(१३:४० बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८०" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २९ सम्मको उल्लेखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८०" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २९ सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८०" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २९ सम्म उल्लेखित संशोधनहरू "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८०" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २९ सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतिले "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८०" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि ६४ सम्मका दफाहरू "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको दफा २ देखि ६४ सम्मका दफाहरू सर्वसम्मतिले "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८०" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**प्रस्तावना**: स्वास्थ्य विज्ञानको क्षेत्रमा गुणस्तरीय अध्ययन, अध्यापनद्वारा मानव स्रोत विकास गरी सहज, सुलभ र विशेषज्ञसहितको गुणस्तरीय स्वास्थ्य विज्ञानसम्बन्धी शिक्षा तथा स्वास्थ्य सेवा उपलब्ध गराउन तथा अध्ययन अनुसन्धान र नवप्रवर्तनका माध्यमले मुलुकको समृद्धिमा योगदान पुऱ्याउन शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय ऐन, २०८० रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतिसौँ दिनदेखि प्रारम्भ हुनेछ ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८०" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय शिक्षा, विज्ञान तथा प्रविधि राज्य मन्त्री प्रमिला कुमारीलाई "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८०" लाई पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**(१३:४४ बजे) शिक्षा, विज्ञान तथा प्रविधि राज्य मन्त्री माननीय श्री प्रमिला कुमारी**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान

विश्वविद्यालय विधेयक, २०८० पारित गरियोस्" भन्ने प्रस्ताव सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

(१३:४५ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल फागुन ६ गते आइतवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल फागुन ६ गते आइतवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १३:४६ बजे ।**